सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
माननीय न्यायाधीश श्री महेश शर्मा पौडेल

फैसला

०८०-WO-१३४१

मुद्दाः- परमादेश समेत।

ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं.१४ बस्ने ब्रिटिस गोर्खा सत्याग्रह संघर्ष समिति नेपालको संयोजक भिम बहादुर लिम्बु तावा ...................................... १

ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. ४ बस्ने ब्रिटिस गोर्खा सत्याग्रह संघर्ष समिति नेपालको प्रमुख सल्लाहकार लाल बहादुर घिसिङ्ग .............................. १ निवेदक

विरुद्ध

सम्माननीय प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबार ........................... १

माननीय परराष्ट्र मन्त्री, नेपाल सरकार परराष्ट्र मन्त्रालय, सिंहदरबार ........................ १ प्रत्यर्थी

माननीय रक्षामन्त्री, नेपाल सरकार रक्षा मन्त्रालय, सिंहदरबार समेत ........................ १

नेपालको संविधानको धारा ४६ तथा धारा १३३ को उपधारा (२) र (३) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार रहेको छः-

तथ्य खण्ड

१. हामी निवेदकहरु ब्रिटिस गोर्खा ब्रिगेडमा सेवा प्रवेश गरी अवकासप्राप्त नेपाली नागरिक हौं। नेपाल सरकार विधिवत पक्ष रहेको सन् १९४७ नोभेम्बर ०९ मा सम्पन्न त्रिपक्षीय सम्झौता बमोजिम नेपाली नागरिकहरुले ब्रिटिस सेनाको गोर्खा ब्रिगेडमा सेवा गर्न पाउने सम्झौता प्रदत्त सुविधा बमोजिम हामी निवेदक सेवा निवृत्त भएका पेन्सनर हौं। हामी निवेदक

हाल ब्रिटिस सरकारबाट सन् १९४७ को त्रिपक्षीय सम्झौताका सर्त व्यवस्था विपरित गरिएका भेदभावका विरुद्ध संघर्ष गर्न स्थापित ब्रिटिस गोर्खा सत्याग्रह संघर्ष समिति यु.के. नेपालको समितिमा रही समानत स्थापनाका लागि क्रियाशील सदस्य हौं। हामी दुवै निवेदक अन्य भु.पु. गोर्खा सैनिक जस्तै १९४७ को त्रिपक्षीय सम्झौता अनुरुप नेपाल सरकारको स्वीकृती र सहमति बमोजिम ब्रिटिस गोर्खा ब्रिगेडमा नियुक्त भई सेवा गरेका नेपाली ब्रिटिस-गोर्खा सैनिक हौं। नेपाल सरकारले उक्त सम्झौताको सर्तहरु कार्यान्वयनमा ध्यान नदिएको र समझौता बमोजिम ब्रिटिस सेनामा कार्यरत रही निवृत भएका हामी निवेदकहरु लगायत सम्पूर्ण भु.पू. गोर्खा सैनिक, नेपाली नागरिकको संरक्षक भई नेपालका विगतका संविधान र हाल लागु रहेको नेपालको संविधान अन्तर्गत गठित व्यवस्थापिका संसद वा प्रतिनिधि सभाले पटक पटक पारित गरेका निर्देशनात्मक सिफारिस कार्यान्वयन नगरी बेवास्ता गरेको हुँदा, हामी सन् १९४७ को त्रिपक्षीय सम्झौताको प्रतिकुल अवस्था सिर्जना हुन गई हामी माथि चरम भेदभावको अवस्था रहेको र त्यसको सम्बोधनमा हाम्रो संरक्षक रहेको (सन् १९४७ को त्रिपक्षीय सम्झौतामा ब्रिटिस गोर्खाको संरक्षणका लागि नेपाल सरकारले नेपाली सेनाको अधिकृतलाई लायजन अफिसर नियुक्त गर्ने व्यवस्था छ। नेपाल सरकारले कुनै दायित्व बहन नगरी सोबाट हाम्रो संविधान प्रदत्त मौलिक हकको गम्भीर उल्लंघन हुन गएबाट, यो रिट निवेदन लिई नेपालको संविधानको धारा १३३(२) र (३) को आधारमा नेपालको संविधानको धारा १६, धारा १८, धारा २९, धारा ३१, धारा ३३, धारा ३४, धारा ३५, धारा ४२, धारा ४३ कार्यान्वयन प्रयोजनको लागि धारा ४६ एवं सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४० समेतका आधारमा यस सम्मानित अदालतमा उपस्थित भएका छौं। नेपालको संविधान, मानव अधिकारका अन्तर्राष्ट्रिय दस्तावेज, तथा अन्तर्राष्ट्रिय अनुभव समेतका आधारमा, परमदेश लगायत अन्य उपयुक्त आदेशद्वारा निम्न दावीहरु पूरा गरी पाँउः- (क) प्रतिनिधि सभाका पटक पटकका सिफारिस र खासगरी पछिल्लो २०७५।१२।१ गतेको निर्देशनात्मक सिफारिस बमोजिम परराष्ट्र मन्त्रीको संयोजकत्वमा वार्ता समिति गठन गरी यथाशिघ्र वार्ताद्वारा भु.पू. गोर्खा सैनिक माथि भएका प्रतिनिधि सभाको २०७५ सालको निर्देशनात्मक सिफारिसले सम्बोधन गर्नुपर्ने भनी पहिचान गरेका सबै

समस्याहरु सम्बोधन गर्ने पहल यथाशिघ्र सुरु गर्नुपर्ने किटानी निर्देशनात्मक आदेश जारी गरि पाउँ। (ख) उपरोक्त उल्लिखित प्रतिवेदनले सिफारिस गरे बमोजिम सन् १९४७ को त्रिपक्षीय सम्झौताको पुनरावलोकन गरी दुई पक्षीय सम्झौता गर्ने कुटनीतिक छलफल गरी सोको प्रगतिको नियमित जानकारी सर्वोच्च अदालतलाई गराउनु भन्ने निर्देशनात्मक आदेश पनि जारी गरी पाउँ। (ग) उपरोक्त दुईवटा प्रक्रियाहरुद्वारा नयाँ सम्झौता गरी गोर्खा भर्तिलाई सम्मानजनक बनाउनुपर्ने भएबाट माथि उल्लिखित ०७३-WO-१२९७ उत्प्रेषणको मुद्दामा सम्मानित अदालतले निर्देशन गरेको अवस्था प्राप्तिका लागि तथा प्रतिनिधिसभाको समितिको सिफारिसलाई कार्यान्वयन गर्नुपर्ने दायित्व भएका विपक्षीहरु, माथि उल्लिखित प्रकृया पुरा नहुन्जेल नेपाली नागरिकको हक तथा प्रतिष्ठा जोगाउन सरकारबाट सार्थक प्रयत्न नभएको परिप्रेक्षमा अदालतबाट सार्थक हस्तक्षेप स्वरुप हाललाई नयाँ भर्ति प्रकृया संचालन नगर्नु भनी अन्तरिम आदेश समेत जारी गरी पाउँ भन्ने व्यहोराको रिट निवेदकहरु भिमबहादुर लिम्बु तावा र लाल बहादुर घिसिङ्गले यस अदालतमा दायर गरेको निवेदन पत्र।

२. यसमा के कसो भएको हो? निवेदकको माग बमोजिम आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने भए सो को आधार र कारण सहित बाटोको म्याद बाहेक सूचना म्याद पाएका मितिले १५(पन्ध्र) दिनभित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेस गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको एक प्रति नक्कल समेत साथै राखी प्रत्यर्थीहरुको नाउँमा सूचना म्याद जारी गरी म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतित भएपछि पेस गर्नु। यसमा निवेदकले अन्तरिम आदेश समेत माग गरेको सम्बन्धमा दुवै पक्षबीच छलफल गरी निष्कर्षमा पुग्नु पर्ने देखिएकोले मिति २०८१।०३।०४ गते अन्तरिम आदेश छलफलका लागि पेशी राखी सो को सूचना/जानकारी प्रत्यर्थी समेत दुवै पक्षलाई दिनु भन्नेसमेत व्यहोराको मिति २०८१।०२।२९ मा यस अदालतबाट भएको आदेश।

३. प्रतिनिधि सभा, अन्तर्राष्ट्रिय सम्बन्ध समितिको सिफारिस पश्चात नेपाल सरकार मन्त्रिपरिषदले मिति २०७८/११/१६को निर्णयानुसार भू.पू. ब्रिटिश गोर्खा सैनिकहरुका सम्बोधन हुन बाँकी रहेका मागहरुका बारेमा संयुक्त अधिराज्य सरकारसँग वार्ता गर्न नेपाली राजदूतको

नेतृत्वमा परराष्ट्र मन्त्रालयका युरोप अमेरिका महाशाखा हेर्ने सहसचिव, नेपाली राजदूतावास, लण्डनका नियोग उपप्रमुख र सैनिक सहचारी लगायत भूतपूर्व ब्रिटिश गोर्खा सैनिक संगठनहरुका प्रतिनिधिहरु सम्मिलित नेपाली प्रतिनिधिमण्डल गठन भएको छ। उक्त प्रतिनिधिमण्डल र संयुक्त अधिराज्यबीच हालसम्म चार पटक द्विपक्षीय वार्ताहरु भई सकेका छन्। उक्त वार्ताहरुमध्ये सन् २०२३ नोभेम्बरको बार्तामा भू.पू. ब्रिटिश गोर्खा सैनिकहरुका सम्बोधन हुन बाँकी रहेका मागहरुमध्ये पेन्शन एवम् कल्याणकारी सुविधाहरुका बारेमा छलफल भएको थियो भने नेपाल र संयुक्त अधिराज्यबीच रहीआएको ऐतिहासिक सम्बन्धलाई दृष्टिगत गर्दै यसको आधारस्तम्भको रुपमा रहेको भू.पू. गोर्खाका मागहरुका विषयमा दीर्घकालीन समाधानका लागि नेपाली राजदूतले बेलायती पक्षलाई अनुरोध गर्नुभएको थियो। त्यसैगरी सन् २०२४ मार्च २७ मा भएको बार्ता समान पेन्सनको एजेण्डामा केन्द्रित थियो। उक्त बैठकमा नेपाली पक्षले समान पेन्सन मुद्दा सम्बोधन गर्न बेलायती सरकारलाई अनुरोध गरेको थियो। सो बैठकमा बेलायती रक्षा उपमन्त्री श्री एन्ड्रिउ मुरिसनले नेपाल र बेलायतबीचको ऐतिहासिक एवम् घनिष्ट सम्बन्ध र भूतपूर्व गोर्खाहरुले बेलायती सेनामा, पु-याएको योगदानको कदर गर्ने कुरा व्यक्त गर्दै पेन्सनको बिषयमा यथोचित समाधानका लागि के गर्न सकिन्छ भन्ने बारे उपयुक्त सम्भावनाहरु प्रस्ताव गर्न र त्यस बिषयमा आगामी बैठकमा छलफल गर्न तयार रहेको जानकारी गराउनु भएको छ। त्यसैगरी सन् २०२३ नोभेम्बर १७ मा तत्कालीन परराष्ट्र मन्त्रीले बेलायतका रक्षा मन्त्री HE Mr. Grant Shapps लाई भू. पू. गोर्खाहरूको समस्या सम्बोधनका लागि आग्रह गर्दै पत्र समेत पठाउनु भएकोमा २२ नोभेम्बर २०२३ मा बेलायतका रक्षा मन्त्री HE Mr. Grant Shapps को तर्फबाट गोर्खाहरूको मुद्दा टुङ्ग्याउन समितिले सहयोग गर्नेछ भन्ने विश्वास व्यक्त गर्नुभएको र फेब्रुअरी २०२४ मा बेलायती विदेश मन्त्रालय अन्तर्गतका विकास राज्यमन्त्री H.E Mr. Andrew Mitchell तथा जनवरी २०२४ मा बेलायती सेना प्रमुख H.E Sir Patrick Sanders को नेपाल भ्रमणको अवसरमा भएका शिष्टाचार भेटहरुमा सम्मानीय प्रधानमन्त्री तथा तत्कालिन परराष्ट्र मन्त्रीले यस बिषयलाई गम्भिरताका साथ उठान गर्नु भएको थियो। यसका साथै नेपालका तत्कालिन प्रधानमन्त्रीबाट जुन २०१९ मा भएको बेलायतको भ्रमणका

अवसरमा बेलायती समकक्षी Theresa May सँग भएको वार्तामा भूतपूर्व ब्रिटिश गोर्खाहरूको हकहितको बिषयलाई छलफलमा राख्नु भएको थियो भने बेलायती प्रधानमन्त्रीले जवाफमा यस विषयमा दुई देशबीच वार्ता एवम् छलफल जारी राख्न सकिने बताउनु भए पश्चात परराष्ट्र मन्त्रालयले भूतपूर्व गोर्खाहरुका बाँकी रहेका जायज मुद्दाहरु बेलायती पक्षबाट समानता, न्याय र निष्पक्षताका आधारमा सम्बोधन गर्नुपर्ने धारणा स्पष्टसँग बेलायती सरकार समक्ष राखिरहेको छ। अतः परराष्ट्र मन्त्रालयले संयुक्त अधिराज्य सरकारसँगको हरेक बैठकमा भूतपूर्व ब्रिटिश गोर्खाहरूको मुद्दा प्राथमिकताका साथ उठाउने गरेको छ। नेपाली राजदूतावास, लण्डनबाट समेत बेलायती बिदेश मन्त्रालय र रक्षा मन्त्रालय मार्फत निरन्तर कूटनीतिक पहल भई रहेको छ। साथै, यस बिषयमा सरोकारवाला भूतपूर्व गोर्खाका संघसंस्थाहरुसंग छलफल गरी पेन्सनका सम्बन्धमा ठोस संभावनाहरु के हुन सक्दछन् सो बेलायती पक्षलाई उपलब्ध गराई आगामी बैठकमा छलफल गर्ने प्रयोजनार्थ आवश्यक गृहकार्य भईरहेको छ। रिट निवेदकले उठान गर्नु भएको विषय कूटनीति विषय भएको। कूटनीतिक पहलबाट मात्र समाधान हुने यस विषयको क्षेत्राधिकार कार्यकारीणीको भएको, यस सम्बन्धमा नेपाल सरकारले आवश्यक पहल गरिनै रहेको र केही उपलब्धि समेत हासिल भएको हुँदा यसमा सम्मानित अदालतबाट कुनै आदेश जारी हुनु पर्ने होईन, तसर्थ प्रस्तुत रिट निवेदन खारेज भागी छ खारेज गरी पाउँ उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्रीको तर्फबाट पेश भएको लिखित जवाफ।

४. यस मन्त्रालयको के, कस्तो काम कारवाहीबाट विपक्षीको के, कस्तो हक अधिकारको हनन भएको हो ? त्यसको तथ्यपरक र कानूनसंगत जिकिर नलिई रिट निवेदनको विरुद्ध खण्डमा यस मन्त्रालयको नाम समावेश गरेको भरमा मात्र विपक्षीको दावी जिकिर प्रमाणित एवं खम्बिर हुन नसक्ने भएकाले प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेज गरी पाउँ। प्रतिनिधि सभा, अन्तर्राष्ट्रिय सम्बन्ध समितिको सिफारिस पश्चात नेपाल सरकार, मन्त्रिपरिषदले मिति २०७८।११।१६ को निर्णयानुसार भू.पू. ब्रिटिश गोर्खा सैनिकहरूका सम्बोधन हुन बाँकी रहेका मागहरुका बारेमा संयुक्त अधिराज्य सरकारसँग वार्ता गर्न नेपाली राजदूतको नेतृत्वमा परराष्ट्र मन्त्रालयका युरोप अमेरिका महाशाखा हेर्ने सहसचिव, नेपाली राजदूतावास, लण्डनका

नियोग उपप्रमुख र सैनिक सहचारी लगायत भूतपूर्व ब्रिटिश गोर्खा सैनिक संगठनहरुका प्रतिनिधिहरु सम्मिलित नेपाली प्रतिनिधिमण्डल गठन भएको छ। उक्त प्रतिनिधिमण्डल र संयुक्त अधिराज्यबीच हालसम्म चार पटक द्विपक्षीय वार्ताहरु भई सकेका तथा नेपालका तत्कालिन प्रधानमन्त्रीवाट जुन २०१९ मा भएको वेलायतको भ्रमणका अवसरमा वेलायती समकक्षी Theresa May सँग भएको वार्तामा भूतपूर्व ब्रिटिश गोर्खाहरूको हकहितको विषयलाई छलफलमा राखु भएको थियो भने बेलायती प्रधानमन्त्रीले जवाफमा यस विषयमा दुई देशबीच वार्ता एवम् छलफल जारी राख सकिने बताउनु भए पश्चात परराष्ट्र मन्त्रालयले भूतपूर्व गोर्खाहरुका बाँकी रहेका जायज मुद्दाहरु बेलायती पक्षबाट समानता, न्याय र निष्पक्षताका आधारमा सम्बोधन गर्नुपर्ने धारणा स्पष्टसँग बेलायती सरकार समक्ष राखिरहेको छ। रिट निवेदकले उठान गर्नु भएको विषय कूटनीतिक विषय रहेको र कूटनीतिक पहलबाट मात्र समाधान हुने यस विषयको क्षेत्राधिकार कार्यकारीणीको भएकोले यस सम्बन्धमा नेपाल सरकारले आवश्यक पहल गरिनै रहेको र केही उपलब्धि समेत हासिल भएको हुँदा यसमा सम्पादित अदालतबाट कुनै आदेश जारी हुनु पर्ने होइन, तसर्थ प्रस्तुत रिट निवेदन खारेज भागी छ खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको प्रधानमन्त्री तथा रक्षा मन्त्रीको तर्फबाट पेश भएको लिखित जवाफ।

५. प्रतिनिधि सभा, अन्तर्राष्ट्रिय सम्बन्ध समितिको सिफारिस पश्चात नेपाल सरकार, मन्त्रिपरिषद्ले मिति २०७८।११।१६ को निर्णयानुसार भूतपूर्व ब्रिटिश गोर्खा सैनिकहरुका सम्बोधन हुन बाँकी रहेका मागहरुका बारेमा संयुक्त अधिराज्य सरकारसँग वार्ता गर्न नेपाली राजदूतको नेतृत्वमा परराष्ट्र मन्त्रालयका युरोप अमेरिका महाशाखा हेर्ने सहसचिव, नेपाली राजदूतावास, लण्डनका नियोग उपप्रमुख र सैनिक सहचारी लगायत भूतपूर्व ब्रिटिश गोर्खा सैनिक संगठनहरुका प्रतिनिधिहरु सम्मिलित नेपाली प्रतिनिधिमण्डल गठन भएको छ। उक्त प्रतिनिधिमण्डल र संयुक्त अधिराज्यबीच हालसम्म विभिन्न चरण द्विपक्षीय वार्ताहरु भई रहेको छ। त्यसैगरी सन् २०२३ नोभेम्बर १७ मा तत्कालीन परराष्ट्र मन्त्रीले बेलायतका रक्षा मन्त्री HE Mr. Grant Shapps लाई भूतपूर्व गोर्खाहरूको समस्या सम्बोधनका लागि आग्रह गर्दै पत्र समेत पठाउनु भएकोमा २२ नोभेम्बर २०२३ मा बेलायतका रक्षा मन्त्री HE Mr.

Grant Shapps को तर्फबाट गोर्खाहरूको मुद्दा टुङ्ग्याउन समितिले सहयोग गर्नेछ भन्ने विश्वास व्यक्त गर्नुभएको र फेब्रुअरी २०२४ मा बेलायती विदेश मन्त्रालय अन्तर्गतका विकास राज्यमन्त्री HE Mr. Andrew Mitchell तथा जनवरी, २०२४ मा बेलायती सेना प्रमुख HE Sir Patrick Sanders को नेपाल भ्रमणको अवसरमा भएका शिष्टाचार भेटहरुमा सम्मानीय प्रधानमन्त्री तथा तत्कालिन परराष्ट्र मन्त्रीले यस बिषयलाई गम्भीरताका साथ उठान गर्नु भएको थियो। नेपालको संविधानको धारा ५१ को खण्ड (ड) को उपखण्ड (२) अनुसार विगतमा भएका सन्धिहरुको पुनरावलोकन गर्दै समानता र पारस्परिक हितको आधारमा सन्धि सम्झौता गर्ने गरी, नेपालको अन्तरराष्ट्रिय सम्बन्ध सम्बन्धी नीति निर्धारण गरेको देखिन्छ। त्यसैगरी नेपालको संविधानको धारा २७९ बमोजिम संघीय संसदको दुवै सदनको दुईतिहाई बहुमतबाट वा प्रतिनिधिसभाको बहुमतबाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन हुने सन्धि वा नेपालको सन्धि ऐन, २०४७ को दफा ४ को उपदफा (२) बमोजिम संघीय संसदबाट प्रस्ताव पारित भएपछि नेपाल पक्ष बन्न सक्ने सन्धिको हकमा सम्बन्धित मन्त्रालयले दफा १४ बमोजिम नेपाल सरकारबाट स्वीकृत गराई संघीय संसदमा पेश गर्नुपर्ने संबैधानिक तथा कानूनी व्यवस्था रहेको छ। नेपाल सरकारले दुई देशबीचका सन्धिको पुनरावलोकन गर्ने, दुवै देशको सम्बन्धलाई अझ मजबुत बनाउने गरी विगतमा भएका सन्धि सम्झौताहरु आवश्यकतानुसार संशोधन गर्न सक्ने नै छ। निवेदकले दावी लिएको विषयसँग सम्बन्धित सन्धिको पुनरावलोकन तथा खारेजीबाट श्रृजित हुन सक्ने दुरगामी असर तथा चुनौतिहरुको मूल्याङ्कन तथा त्यसका विषयवस्तुहरु नजरअन्दाज गरी एकपक्षीय रुपमा सन्धिको खारेज गर्नु प्रचलित सन्धि, अन्तरराष्ट्रिय कानूनको समेत प्रतिकूल हुन जाने देखिन्छ। कुनै पनि देशसँग कुनै विषयम सन्धि गर्ने वा नगर्ने विषय नेपाल सरकारको स्वविवेकीय विषय भएकोले कुनै पनि सन्धि गर्ने वा नगर्ने तथा जारी राख्ने वा खारेज गर्ने विषय न्यायिक पुनरावलोकनको विषय हुन सक्दैन। निवेदकले दावी लिएको विषयवस्तु राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वसँग सम्बन्धित विषय देखिएको र नेपालको संविधानको धारा ५५ अनुसार यस्तो विषय कार्यान्वयन भए नभएको सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिने अवस्था समेत नरहेकोमा विपक्षीले यस कार्यालयलाई समेत

विपक्षी बनाई दायर गरेको रिट निवेदन खारेज गरी पाउँ। सन्धिसम्पन्न गर्ने कार्यमा संलग्न निकाय वा पदाधिकारीको जिम्मेवारी र भूमिका स्पष्ट र पारदर्शी बनाउने सम्बन्धमा सन्धिसम्पन्न गर्ने सम्बन्धी निर्देशिका २०७७ (यस पछि "निर्देशिका" भनिएको) कार्यान्वयनमा रहेकोछ। यस निर्देशिकामा सन्धि निमार्ण सम्बन्धी प्रक्रिया, कार्यविधि तथा सन्धि निमार्णमा राज्यका सम्बन्धित निकाय वा पदाधिकारीको काम, कर्तव्य, अधिकार तथा जिम्मेवारी स्पष्ट उल्लेख गरिएकोछ। निर्देशकाको दफा ३ मा सन्धि गर्ने प्रक्रियाको प्रारम्भ, दफा ४ मा सन्धिको प्रारम्भिक अध्ययन, दफा ५ मा सन्धिको विस्तृत अध्ययन, दफा १० मा सन्धिको मस्यौदामा हस्ताक्षर, दफा १४ मा नेपाल सरकारको निर्णयका लागि पेश गर्ने, दफा १५ मा सन्धिको आरक्षण सम्बन्धी व्यवस्था, दफा १६ मा सन्धिको घोषणा, दफा १८ मा सन्धि अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन, दफा २२ मा सन्धिको परित्याग, निलम्बन लगायतका विषय उल्लेख गरिएकोछ। यसरी संविधान, प्रचलित कानूनमा नै सन्धिको संशोधन, पुनरावलोकन तथा खारेजी सम्बन्धी प्रक्रिया अगाडि बढाउन सकिने व्यवस्था रहेकोमा सो अनुसार कुनै कानूनी प्रक्रियाको प्रयोग नै नगरी रिट क्षेत्र अन्तर्गत निवेदन दिएको हुँदा प्रस्तुत रिट निवेदन प्रथम दृष्टिमा नै खारेज भागी छ, खारेज गरि पाऊँ भन्नेसमेत व्यहोराको नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका तर्फबाट पेश गरिएको लिखितजवाफ।

६. सम्झौता तथा सम्झौताको वैधानिकता तथा कार्यान्वयनको अवस्था पुष्टि गर्ने दायित्व विकल्परहित (absolute) दायित्व हो। तत्कालीन सार्वभौम संसदले दिएको निर्देशन कार्यान्वयन नभई २० वर्षसम्म रहनु र सन् १९४७ को सन्धिको अवस्था 'पहिचानहीन' वा गुमनाम रहनु वर्तमान संविधानको धारा ७६ (१०) को समेत उल्लंघन हो भन्ने स्पष्ट छ। सम्वत् २०५५ को उपरोक्त प्रतिवेदनले पृष्ठ २१ को प्रकरण ११ मा "बेलायत र भारतका बिचको पृथक सन्धि नेपालका हकमा नलाग्ने र सन्धिको अनुसूची ३ मा रहेका "Letter of Exchange" मा उल्लेख भएबमोजिम गोर्खाली सैनिकलाई बेलायती सेनाका अन्य सदस्यहरू सरह 'समान तलब, भत्ता तथा सुविधाहरू हुन सकेको देखिएन' भन्दै सन्धिको परिच्छेद १ बमोजिम हुनुपर्ने किटानी उल्लेख रहेको छ। 'Letter of Exchange' लाई Vienna Convention on Law Treaty

को धारा १३ ले वैधानिकता प्रदान गर्दछ। यस तथ्यलाई २०५५ को प्रतिनिधि सभाले आत्मसात गरेको छ। अतः सन् १९४७ को त्रिपक्षीय सन्धिको परिच्छेद १ मा अंकित 'Letter of Exchange' लाई आधार मानी बेलायती सरकारसँग उच्चस्तरीय वार्ताद्वारा भू.पू. सैनिकहरूका समस्या समाधान गर्न सरकारको विकल्परहित दायित्व हो भन्ने स्पष्ट छ। Oliver Corten तथा Pierre Klein ले सम्पादन गरेको "The Vienna Conventions on the Law of Treaties : A commentary (Vol. 1) १२ ले धारा १३ को व्याख्या गर्दै पृष्ठ २५५ मा भनेको छ, "International Case Law recognizes that exchary of notes or letters can indisputably constitute on International treaty producing bindery legal effects for the parties." यस अनुरूप भू.पू. गोर्खाली सैनिकमाथि भएको भेदभाव अन्त्य गर्न पहल गर्नुपर्ने नेपाल सरकारको दायित्व विकल्परहित हो र प्रतिनिधि सभाप्रति उत्तरदायी रहेबाट विपक्षीहरूको संवैधानिक दायित्व पनि हो। "Letters of Exchange" अन्तराष्ट्रिय सन्धि हुने भएबाट "Conventions on the Law of Treaties" अनुरूप नै कार्यान्वयन गर्न नेपाल र बेलायत बाध्य छन्। जब ब्रिटिस सरकारबाट उल्लंघनको अवस्था स्थापित भएको छ, त्यसका विरुद्ध उपचार खोज्नु नेपाल सरकारको दायित्व हुन्छ। 'Pacta sunt Servanda' सार्वजनिक अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाको निर्माणमा यो सिद्धान्तको निर्णायक भूमिका हुन्छ। सन् १९४७ को त्रिपक्षीय सन्धिको कुनै एक पक्षले यस सिद्धान्तको उल्लंघन गर्नु वा अपहेलना गर्नुले 'यस सन्धिअन्तर्गत सेवामा ब्रिटिस सेनामा कार्यरत गोर्खाली (नेपाली) सेनालाई' भाडाको सैनिकमा परिणत गर्दछ। अतः उनीहरूमाथि भेदभाव र सम्मानजनक व्यवहार नगर्ने ब्रिटिस सरकारको व्यवहारलाई अन्त्य गर्ने दायित्व नेपाल सरकारको अनिवार्य दायित्व हो, अन्यथा 'भाडाको सेनामा' रूपान्तरित हुन गई 'गोर्खा भर्तीको' संस्थाले नेपालको संविधानको प्रस्तावनाको अनुच्छेद १ तथा धारा ४ को विरुद्ध नेपालको सार्वभौमिक अस्मितामा घात पार्दछ। त्यसैकारण सन् १९४७ मा त्रिपक्षीय सम्झौता हुँदा, तत्कालीन सरकारका तर्फबाट निम्न बुँदाहरूसमेत माथि ब्रिटिस सरकारको लिखित प्रतिबद्धता प्रस्तुत भएमा मात्र सम्झौता गर्न सकिने जानकारी छलफलमा दिइएको थियो। बुँदा नं. १ : "In all matters of promotion welfare and other facilities the Gurkha Troops should be treated on the same footing as other units in the parent army so that the

stigma of mercenary troops may for all the time be wiped out." बुँदा नं. २ : "The Gurkha troops should be given every facility so that it might be officered by their own men and they should be eligible to commissioned ranks with no restrictions whatsoever to the highest level to which qualified officers may be promoted". यी व्यवस्थाको अतिरिक्त बुँदा (३) मा हिन्दु तथा अन्य गैरहतियारधारी जमातका विरुद्ध प्रयोग गर्न नहुने, बुँदा (६) मा 'गोर्खा सैनिकसँगको नेपाली सेनाको सम्पर्क स्थापित कायम राख्न नेपाल सरकारले सम्पर्क अधिकारी नियुक्त गर्ने, बुंदा नं. (८) मा नेपाल कुनै युद्धमा सरिक भए गोर्खा सैनिक फिर्ता गर्नसक्ने र बुँदा नं. (११) मा गोर्खा सैनिक सक्रिय युद्धमा सरिक भए नेपाल सरकारलाई जानकारी दिनुपर्ने भन्दै बुँदा (१२) मा यी बुंदाहरू लगायतका शर्तहरू सम्झौतामा राख्नुपर्ने माग नेपाल सरकारका थिए। यसरी राखिएका शर्तहरू ९ नोभेम्बर १९४७ का दिन लिखित पत्रद्वारा "U.K. Government in no way regarded Gurkha troops as mercenary and that they would form on integral and distinguished part of the British Army" जनाएको छ। तर व्यवहारमा नेपालको सार्वभौमिकता विरुद्ध बेलायतले नेपालीका हकमा 'तलब, पेन्सन तथा सुविधा, पदोन्नति' मा भारतीय पे कोड लागु गयो, नेपाललाई जानकारी नदिई मलेशिया, फकलैण्ड, इराक, अफगानस्थानका स्थानमा प्रयोग गऱ्यो र सन् १९४७ को सम्झौताको उल्लंघन गर्यो। जुन Pacta sunt Servanda विपरीत छ र यस कार्यबाट नेपाली गोर्खा सैनिकको सेवा 'भाडाका सेना' मा रूपान्तरित भई सो सम्बन्धमा नेपाल सरकारको तत्काल हस्तक्षेप हुनुपर्नेमा त्यसो नगरेबाट नेपाल सरकार नेपालको संविधान, त्रिपक्षीय सन्धिको परिशिष्ट ३ र Convention on the Law of Treaties को धारा २६ विपरीत कार्य गर्न पुगेको छ। "प्रतिनिधि सभाको मिति २०७५।१२।०१ को निर्देशन मान्नु नेपाल सरकारको संवैधानिक दायित्व हो।" यो मेरो दोस्रो तर्क हो। प्रतिनिधि सभा अन्तर्राष्ट्रिय सम्बन्ध समितिको मिति २०७५।१२।०१ को प्रतिवेदनले समस्याका सम्बन्धमा विहंगम छलफल गर्दै, गोर्खा भर्तीका सम्बन्धमा विविध तथ्याङ्कहरूको विश्लेषण गर्दै २०५५ सालको प्रतिनिधि सभाको संस्मरणसमेत गर्दै, अन्तर्राष्ट्रिय कानुनका मान्यतासमेतका आधारमा निम्न बुँदागत निर्देशनात्मक सिफारिस 'नेपाल सरकारद्वारा' कार्यान्वयनका लागि जारी गरेको

छ। "............भेदभावका कारणले पीडित बन्न पुगेका भू.पू. सैनिक तथा तिनका परिवारका सदस्यहरूका निम्ति परिपूरणको व्यवस्था" -बुँदा नं. ५.१। "युद्ध समाप्त भएपछि निवृत्तिभरणविना सेवा निवृत्त गरी फर्काइएका भू.पू. सैनिकलाई समानताका आधारमा क्षतिपूर्ति" -बुँदा नं. ५.२। "नेपाली भूपू गोर्खा सैनिकले पाउने निवृत्तिभरण ब्रिटिस पौण्ड सिधै नेपाल राष्ट्र बैंकमा प्राप्त हुने व्यवस्था" - बुंदा नं. ५.४। उपर्युक्त लगायतका बुँदा ६.१ ६.२ ६.३, ६.४ र ६ ५ मा उल्लेखित सिफारिसहरू कार्यान्वयन गर्न बुँदा नं ६.५.२ बमोजिम "नेपाल सरकारको तर्फबाट ब्रिटिस सरकारसँग वार्ता गर्न परराष्ट्र मन्त्रीको नेतृत्वमा प्रतिनिधि सभा, अन्तराष्ट्रिय सम्बन्ध समितिका सदस्यहरू, भू.पू. गोर्खाका प्रतिनिधिहरू एवं सम्बन्धित विषयका विज्ञहरूसमेत रहने गरी एक उच्च स्तरीय समिति गठन गर्ने" निर्देशनात्मक सिफारिस जारी गयो। र, त्यस समितिको कार्यविधिसमेत बुँदा नं. ६.५.३, ६.५.४ र ६.५.५ द्वारा निर्देशित गयो। तर नेपाल सरकारले यी सिफारिसहरूलाई अटेर गरी कुनै प्रक्रिया अवलम्वन मात्र नगरेको होइन, हाल यस रिटको सम्बन्धमा पेश गरेको लिखित जवाफद्वारा सम्मानित अदालतलाई गुमराह गर्ने प्रयाससमेत गयो। लिखित जवाफमा २०७५ को प्रतिवेदनको निर्देशनका सम्बन्धमा उल्लेखसमेत गरेको छैन। प्रतिनिधि सभाको उक्त प्रतिवेदनका विरुद्ध राजदूतको समितिद्वारा वार्ता गरिएको हवाला दिँदै उक्त प्रतिवेदन कार्यान्वयन नगर्ने मनसा प्रकट गर्यो। र, भू.पू. गोर्खा सैनिकहरूप्रति गैरजिम्मेवारपूर्ण व्यवहार प्रकट गयो। अतः विपक्षी सरकारले नेपालको संविधानको धारा ७६ (१०) को उल्लंघन गरेको स्पष्ट छ। यस व्यवहारबाट नेपाल सरकार ब्रिटिस सरकारले भू.पू. गोर्खा सैनिकहरूमाथि गर्दै आएको व्यवहारमा आबद्ध हुनपुगेको र नेपालको संविधानको धारा १८ (२) र धारा ४७ को उल्लंघनको दोषी बन्न पुगेको छ। साथै धारा ५१ को खण्ड (ङ) को समेत उल्लंघन गर्न पुगेको छ। उपखण्ड (२) बमोजिम सन् १९४७ को सम्झौता पुनरावलोकन गर्ने राज्यको 'अन्तर्राष्ट्रिय नीतिप्रति उदासीन रहेको अवस्था स्पष्ट छ। प्रतिनिधि सभाको २०७५।१२।०१ को सिफारिस नेपालको संविधान, ब्रिटिस हाउस अफ कमन्स "All Party Parliamentary Group" को सर्वसम्मत प्रतिवेदन, ब्रिटिस राज्यद्वारा निर्मित "Race Relation Act, 1976" लगायत अन्तर्राष्ट्रिय कानुनसमेतका आधारमा औचित्यपूर्ण रहेको छ

भन्ने सम्बन्धमा निम्न आधारहरू प्रस्तुत गर्दछु। All-Party Parliamentary Group (APP G) को "Inquiry into the Grievances of Gurkha Veterans" शिर्षकको प्रतिवेदन अक्टोबर २०१४ मा घोषणा भयो " जसले पृष्ठ ३ मा नेपालको २५ प्रतिशत पुरुष जनसंख्याले ब्रिटिस फौजमा रही युद्ध लडेको" यथार्थतालाई स्वीकारेको, जुन क्षतिप्रति आजसम्म नेपाली शासकहरू मौन छन्। यस प्रतिवेदनले बुँदागत रूपले जस्तै बुँदा नं. (२), बुँदा नं. (४), बुँदा नं. (६), बुंदा नं. (७), बुँदा नं. (९) र बुँदा नं. (११) ले समानताको सिद्धान्त लागु हुनुपर्ने स्पष्ट दृष्टिकोण राखेका छन्। तर "7th Central Pay Commission" २०१६ को नाममा Ben Wallace, Secretary of State for Defence ले "भारतीय पे कोड" अनुसार भू. पू. ब्रिटिस गोर्खाको "Pension" निर्धारण हुने भनी नेपाली नागरिकमाथि विदेशी कानुन लागु गरी नेपालको संविधानको धारा ४ का विरुद्ध हस्तक्षेपको नीति ग्रहण गयो। यसप्रति नेपालको सरकार पूर्णतः मौन छ, आजसम्म। ब्रिटिस जातिय सम्बन्ध ऐन (Race Relation Act) १९९६ को भाग - २ ले कुनै पनि रोजगारदाताले कुनै कामदारलाई उसको जातियताको आधारमा भेदभाव गर्न नहुने कुरा स्पष्ट व्यवस्था गरेको छ। यस ऐनमा "महारानीको सेवाभित्र कुनै व्यक्तिलाई भेदभाव नहुने" कुरा स्पष्ट लेखिएको छ। ऐनको अनुसूचीमा "महारानीको सेवामा गोर्खा ब्रिगेड पनि सामेल छ। १४ अतः भारतीय पे कोड लागु गर्ने ब्रिटिस रक्षा मन्त्रालयको कार्य अवैध छ भन्ने कुरा नेपाल सरकारलाई जानकारी नभएको छैन। तर यसका वावजुद नेपाल सरकार २०५५ देखि आजसम्म पनि मौन र उसले "भू.पू. गोर्खा सैनिकलाई आफ्ना नागरिक मान्न इन्कार गरेको छ" भन्न सकिन्छ। त्यसैगरी International Convention on the Economic, Social and Cultural Rights" को धारा ७ ले प्रत्याभूत अधिकारको संरक्षणवाट पनि भू. पू. गोर्खा सैनिकहरू वञ्चित रहेका छन्। International Convention on the "Civil and Political Rights" को धारा २६ द्वारा प्रदत्त अधिकारबाट समेत भू.पू. गोर्खा सैनिकहरू वञ्चित रहेका छन्। यस धाराले प्राप्त गरेको अधिकार सार्वजनिक अधिकारीहरूले व्यवस्थापन गरेका हरेक क्षेत्रमा क्रियात्मक रहन्छ। यस सम्बन्धमा एस. एम. डब्लु ब्रोकेर विरुद्ध नेदरलैण्ड भएको विवादमा स्पष्ट सिद्धान्त स्थापित "ICCPR Human Rights Committee" ले गरेको छ। उपरोक्त तथ्यहरूबाट 'गोर्खा भू.पू. सैनिकहरूको ब्रिटिस आर्मीमा रहेको वर्तमान समस्या'

नेपाल सरकारको कुटनीतिक वार्ताबाट समाधान हुने हो भन्ने स्पष्ट छ। सम्वत् २०५५ र २०७५ सालमा तत्कालीन प्रतिनिधि सभाबाट पनि सोही बमोजिमका निर्देशनात्मक सिफारिस भएका छन्। यद्यपि नेपाल सरकारले वार्ताको पहल गरिरहेको छैन र प्रतिनिधि सभाका' सिफारिसहरूको बेवास्ता गरी ब्रिटिस गोर्खा भू.पू. सैनिकहरूको मानव अधिकार उल्लंघन गरिरहेको छ। "नागरिकलाई विदेशीबाट हुने असमानताबाट संरक्षण गर्नु राज्यको दायित्व हो।" यो मेरो तेस्रो तर्क हो। जब कुनै विदेशी सरकारले मानव अधिकारको उल्लंघन गर्दछ, तब त्यस्तो मानव अधिकारको प्रचलनको लागि पीडितले आफ्नो राज्यमार्फत प्रक्रिया अवलम्वन गर्नुपर्दछ। "Non-Resident non citizens can only claim and enforce human rights against other states through their own. state. यो सिद्धान्त ' खास व्यक्तिका खास राज्यसंगको नागरिक सम्बन्धमा आधारित' छ। अतः गोर्खा भू.पू. सैनिकहरूको सम्बोधन गर्ने एक मात्र निकाय नेपाल राज्य हो। यस दायित्वबाट पृथक हुन नेपाल सरकार असक्षम छ। विश्वमान्य मानव अधिकारप्रतिको पहुँच र संरक्षण व्यक्तिले 'मानवीयता' को गुणबाट प्राप्त गरेको सबैभन्दा महत्वपूर्ण उपलब्धि हो। "संयुक्त राष्ट्र संघीय मानव अधिकार आयोग" आफ्नो २००६ को प्रतिवेदनमा भन्छ, "All persons should, by virtue of their essential humanity, enjoy all human rights." अन्तर्राष्ट्रिय मानव अधिकार कानुन 'हरेक मानिसले मानव भएका नाताले कुनै भेदभावबिना मानव अधिकारको उपभोग गर्न पाउनुपर्दछ' भन्ने सिद्धान्तमा आधारित छ। यस आधारमा आफ्नो सुरक्षामा खटिएका विदेशी राष्ट्रियता भएका गोर्खा सैनिकको समानताको हक संरक्षण गर्नु ब्रिटिस सरकारको दायित्व हो। अतः आफ्नै देशको "Race Relation Act, 1976, बाट विमुख भएर 'भारतीय पे कोड' लागु गर्ने ब्रिटिस निर्णयले मानव अधिकारको उल्लंघन भएबाट, आफ्ना नागरिकको सुरक्षणका लागि नेपाल सरकारले ICCPR को धारा २(१) र धारा २६ बमोजिम ब्रिटिस सरकारका विरुद्ध कुटनीतिक लगायत 'अन्तर्राष्ट्रिय अदालतको अधिकार क्षेत्रको प्रयोग गर्न सक्दछ।'अतः उपरोक्त विभिन्न तर्क तथा तर्काधार एवम् प्राधिकारका आधारमा नेपालको संविधानको धारा ७६(१०) बमोजिम संसदको निर्देशनात्मक सिफारिसहरू कार्यान्वयन गर्न सम्वत २०७५।१२।०१ को निर्देशनात्मक सिफारिस अनुरूप' सो प्रतिवेदनले निर्धारण गरेबमोजिमको परराष्ट्र मन्त्रीको

संयोजकत्वमा तोकिएका सदस्यहरूसमेत समावेश गरी वार्ता समिति गठन गर्नु, विपक्षीहरूको निर्विकल्प दायित्व (absolute obligation) भएको हुँदा सो बमोजिम गर्न परमादेश लगायतका अन्य उपयुक्त आदेश हुनुपर्दछ भनी यो बहसनोटबाट निवेदन गर्दछु। साथै, सो वार्ता टुङ्गो नलाग्दा र दुई देशका बिचमा नयाँ दुई पक्षीय सम्झौता सम्पन्न नहुँदासम्म हाल सन् १९४७ को त्रिपक्षीय सम्झौताबमोजिम भइरहेको 'भर्तीको प्रक्रिया बन्द गर्नु भन्ने आदेशसमेत जारी गरी पाऊँ भन्नेसमेत व्यहोराको बहसनोट प्रस्तुतकर्ता, डा. युवराज संग्रौला, वरिष्ठ अधिवक्ताको तर्फबाट पेश गरिएको बहसनोट।

७. यस अघि यसै निवेदनको विषयमा रिट खारेज भागि रहेको भनी रिट खारेज गरिसकिएकोले प्राङ्न्यायको सिद्धान्त अनुसार प्रस्तुत रिट निवेदन खारेजभागि रहेको छ। यस अघि दायर गरेको ०७३-WO-१२९७ मा रिट निवेदनमा मुलभूत रुपमा विषयवस्तु माथि विशद् व्याख्या भई रिटको विषयवस्तु कार्यपालिका र व्यवस्थापिकाको क्षेत्राधिकारको भित्रको विषय भएकोले परमादेश जारी गर्न मिल्ने हुँदैन भनी रिट निवेदन खारेज गर्ने गरी फैसला गरेको पाइन्छ। पुनः सोही परिणामतः र सारमा सोही रिट निवेदनको मागदावीलाई आधार लिई रिट दायर गरिएकोले प्राङ्गन्यायको सिद्धान्त अनुसार प्रस्तुत रिट निवेदन खारेजभागि रहेको छ। यस रिटको विषयवस्तु र ०७३-wo-१२९७ को निरोपित भएको विषयवस्तु एउटै रहेकोले प्राङ् न्यायको सिद्धान्त साथै Constructive Res-judicata को सिद्धान्त अनुसार प्रस्तुत विषयवस्तु पुनः हेर्न मिल्ने हुँदैन। सावर्जनिक सरोकारको मुद्दामा समेत प्राङन्यायको सिद्धान्त आकर्षित हुने हुन्छ। भारतको सर्वोच्च अदालतले V. Subramanian v. Union of India, (2004) 4 MLJ 380 को मुद्दामा "In public interest litigation proceedings, res-judicata is applicable even though the parties in the subsequent petition are not the same." भनी गरेको व्याख्या मननीय रहेको छ। सम्मानित सर्वोच्च अदालतबाट ०७९-WH-०१०५ को मुद्दामा बन्दी प्रत्यक्षीकरणको विषयमा पनि प्राङ्गन्यायको सिद्धान्त आकर्षित हुने भनी "... रिट निवेदनमा पनि उही कारण (same causation) मा एकपटक रिट निवेदन दर्ता गरी त्यसको परिणाम प्राप्त भएपछि पुनः निवेदन दिनु पर्ने वस्तुगत अवस्था पुष्टि गर्न सकिने नदेखिएमा सोही विषयमा अदालतको समय नष्ट गर्ने गरी निवेदन दर्ता गर्न इन्कार गर्न सकिन्छ। ....बन्दी

प्रत्यक्षीकरणको रिट निवेदन प्राङ्गन्यायको सिद्धान्तमा अपवादको विषय भए तापनि सोही विषय वा परिस्थितिमा नयाँ परिवर्तन नआई एक पटक न्यायिक विश्लेषण भई सकेको विषयमा पुनः त्यस्तै प्रकृतिको निवेदन दर्ता गर्न प्राङ्गन्यायको सिद्धान्त आकर्षित हुन सक्ने नै देखिन्छ।" भनी सिद्धान्त प्रतिपादन भएको हुँदा सार्वजनिक सरोकारको मुद्दा वा बन्दीप्रत्यक्षीकरण जस्तो विशेष प्रकृतिको रिटमा समेत प्रान न्यायको सिद्दान्त आकर्षित हुने हुनाले यस कानूनी आधारमा रिट प्रथम दृष्टि (Prima Facie) मै खारेजभागि रहेको छ। सम्मानित सर्वोच्च अदालतबाट जारी भएको निर्देशनात्मक आदेशमा ध्यानाकर्षण सम्म गराइएकोमा नेपाल सरकारबाट यथोचित कुटनीतिक पहलकदमी भईरहेको हुँदा निवेदन मागदावी बमोजिमको आदेश जारी गर्ने अवस्था रहेको छैन। यस अघि जारी गरिएको निर्देशनात्मक आदेशको प्रकृति अनुरुप दायित्व बहन भएको छ, छैन भन्ने सम्बन्धमा हेर्दा सम्मानित सर्वोच्च अदालतबाट दुई राष्ट्रको हितमा गोर्खा सेनाको सेवा सुविधालाई समुचित, समायनुकुल र समानतामा आधारित अरु सम्मानजनक बनाउन आवश्यक र उचित कदम लिन विपक्षीहरुको ध्यानाकर्षण गराउनु भनी निर्देशनात्मक आदेश जारी भएको पाइन्छ। मुलभुत रुपमा यस निर्देशनात्मक आदेशमा विषयवस्तुको संवेदनशिलतालाई मनन् गरी थप कदम चाल्न ध्यानकर्षण सम्म गराइएको पाइन्छ। उक्त निर्देशनात्मक आदेशलाई मनन् गर्दै तथा आदेश जारी हुनू पुर्व देखि नै यस विषयमा नेपाल सरकारले उच्च प्राथमिकता दिई विभिन्न पहलहरु भइरहेको छ। मुख्यतः सार्वजनिक रुपमा थाहा जानकारीमा आएको बिटिस गोर्खा सैनिक संगठनहरुको प्रतिनिधिहरु सम्मिलित नेपाली प्रतिनिधिमण्डल गठन भएको, नेपालका तत्कालिन प्रधानमन्त्रीबाट सन २०१९ को जुनमा भएको बेलायतको भ्रमणको अवसरमा बेलायती समकक्षी Theresa May सँग भएको वार्तामा भूतपूर्व ब्रिटिश गोर्खाहरुको हक हितको विषयलाई छलफल मुख्य एजेन्डा बनाई राखुभएको, सन् २०२३ नोभेम्बर १७ मा तत्कालिन परराष्ट्र मन्त्रीले बेलायतका रक्षा मन्त्री HE Grant Shapps लाई यस विषयमा सम्बोधन गर्न आग्रह गर्दै पत्र पठाउनु भएको, फेब्रुअरी २०२४ मा बेलायती विदेश मन्त्रालय अन्तर्गतका बिकास राज्यमन्त्री H. E. Andrew Mitchell तथा जनवरी २०२४ मा बेलायती सेना प्रमुख HE. Sir Patrick Sanders को नेपाल भ्रमणको अवसरमा

भएका शिष्टाचार भेटहरुमा सम्मानिय प्रधानमन्त्री तथा तत्कालिन परराष्ट्र मन्त्रीले यस विषयमा गम्भिरताका साथ प्रस्तुत गर्नु भएकोले नेपाल सरकारले यस विषयमा आवश्यक तथा उचित कदम चालिरहेको भन्ने प्रष्ट देखिन्छ। तथापि कुटनीति तथा सन्धीको विषयमा दुवै देशको तयारी, आवश्यक्ता बोध तथा राजनैतिक वातावरण पछि ठोस परिणाम आउने भएकोले नेपाल सरकारले यस विषयमा गरिएको यथोचित कुटनीतिक प्रयासहरुको अपेक्षित परिणाम निकट भविष्यमा प्राप्त हुने अपेक्षा गर्न सकिन्छ। यस्तो विषयमा अपेक्षित नतिजा आउन समय लाग्ने तथा क्रमिक रुपमा विषयहरु सम्बोधन हुँदै जाने भएकोले कुटनीतिक पहलबाट हुने कार्यमा एकाँङ्गी रुपमा रिट निवेदनको माध्यमबाट यति समय भित्र यसरी नै होस् भनी बाध्य गराउन सकिदैंन्। प्रस्तुत विषयवस्तुको संवेदनशीलतालाई मनन् गरी सम्मानित अदालतबाट ध्यानाकर्षण सम्म गराउने गरी आदेश भएकोमा यस विषयमा नेपाल सरकार गम्भिर रहेको भन्ने लिखित जवाफमा उल्लेखित व्यहोरा र प्रयासहरुबाट देखिएकोले यस विषयमा रिट निवेदकले माग बमोजिम अन्य कुनै आदेश जारी गर्नु पर्ने अवस्था देखिदैन्। सन्धी तथा विदेश नीतिको सवाल कार्यपालिकाको क्षेत्राधिकारको विषय भएकोले शक्ति पृथकीकरणको सिद्दान्तको आधारमा रिट खारेजभागि रहेको छ। सन्धी तथा विदेश नीतिको कार्यपालिकाको विशुद्ध कार्यपालिकाको अधिकारको विषय (exclusive executive domain) को विषय रहेकोले यस्तो सवालमा अदालतबाट कुनै आदेश हुनु भनेको शक्तिपृथकीकरणको सिद्दान्त तथा न्यायिक अधिक सकृयता (judicial overreach) हुन जान्छ। सन्धी सम्झौता गर्ने तथा अन्तर्राष्ट्रिय सम्बन्ध स्थापित गर्ने विषय विशुद्द राष्ट्र- राष्ट्र बिचको कुटनीतिक चासो र सरोकारको विषय हो। सन्धी गर्ने वा नगर्ने भन्ने र कस्तो सन्धी गर्ने भन्ने नेपालको संविधानको अधिनमा रही नेपाल सरकारले निर्णय गर्ने विषय हो। सो सम्बन्धमा नेपाल सरकार कुटनीतिक एवं अन्य माध्यमबाट समेत आफ्नो मुलुक र नागरिकहरुको हितलाई संरक्षण गर्ने, नेपालीहरुको आत्मसम्मान वृद्दी गर्दै सार्वभौमिकतालाई उँचो राखे सम्बन्धमा सदैव कृयाशिल एवं संवेदनशील रहेको छ। साथै सदियौंदेखि नेपाली नागरिक गोर्खा भर्तीको रुपमा सैनिक सेवामा संलग्न रहदै आएको यथार्थ हो। यसै यथार्थलाई ध्यानमा राख्दै नेपाल सरकारले मुलुक तथा नागरिकको सर्वोपरी हितका लागि आफ्नो परराष्ट्र नीति सन्चालान गर्दै

आइरहेको छ। साथै बिटिस गोर्खा सेनामा भर्तीको प्रतिष्पर्धामा वर्षमा करिब १० हजार नेपाल युवाले भाग लिने भएकोले निवेदकले माग गरे बमोजिमको आदेश भएमा ती युवाहरुको भविष्यको योजनामा अनिश्चितता हुन गई शान्ति सुरक्षा (law and order) को अवस्थामा आँच आउने सम्भावनालाई समेत मनन् गर्नु पर्ने हुन्छ। नेपालको संविधानको धारा ५१ को खण्ड (ड) को उपखण्ड (२) अनुसार विगतमा भएका सन्धीहरुको पुनरावलोकन गर्दै समानता र पारस्परिक हितको आधारमा सन्धी सम्झौता गर्ने गरी नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धि नीति निर्धारण गरेको देखिन्छ। त्यसैगरी नेपालको संविधानको धारा २७९ बमोजिम संघीय संसदको दुवै सदनको दुईतिहाई बहुमतबाट वा प्रतिनिधिसभाको बहुमतबाट अनुमोदन, सम्मिलन स्वीकृति वा समर्थन हुने सन्धी वा नेपालको सन्धी ऐन, २०४७ को दफा ४ को उपदफा (२) बमोजिम संघीय संसदबाट प्रस्ताव पारित भएपछि नेपाल पक्ष बन्न सक्ने सन्धीको हकमा सम्बन्धित मन्त्रालयले सोही ऐनको दफा १४ बमोजिम नेपाल सरकारबाट स्वीकृत गराई संघीय संसदमा पेश गर्नुपर्ने संवैधानिक तथा कानूनी व्यवस्था रहेको छ। यसरी बिट्रिस गोर्खा सेना भर्ति सँग सम्बन्धित सन् १९४७ को त्रिपक्षीय सन्धिको विषय कार्यपालिका तथा व्यवस्थापिकाको विषय रहेकोले यस्तो विषयवस्तुमा शक्ति पृथकीकरणको सिद्दान्त अनुसार अदालतले प्रवेश गर्न मिल्ने हुदैंन्। यस्तो प्रकृतिको विषयमा अदालतले न्यायिक आत्म नियन्त्रण (Judicial Self-restraint) कायम गर्नु श्रेयस्कर हुन्छ। यसै संवेदनशीलतालाई मनन् गरी सम्मानित सर्वोच्च अदालतबाट यसै विषयवस्तुमा दायर गरिएको पदम सुन्दर लिम्बु समेत वि. नेपाल सरकार,परराष्ट्र मन्त्रालय समेत (०७३-WO-१२९७) मा मिति २०७९।१०।२४ मा संयुक्त इजलासबाट तथा ज्ञान राज राईले दिएको निवेदनमा रिट नं. २६५१ मिति २०५८।१२।०८ मा विशेष इजलासबाट रिट खारेज गरिएको थियो। ज्ञान राज राईले दिएको निवेदनमा विशेष इजलासबाट " कुनै विदेशी राष्ट्रसँग गरिने सन्धि सम्झौता वा कुनै राष्ट्रसँग के कस्तो सम्बन्ध राख्ने भन्ने कुरा सार्वभौम राष्ट्रको निरपेक्ष स्वविवेकको विषय भएको र त्यस्तो विषय विशुद्ध रुपमा राज्यको कार्यकारणीको क्षेत्राधिकारको भित्र पर्ने हुन्छ। त्यस्तो विषयमा अदालतले हस्तक्षेप गर्न मिल्ने हुँदैन कुटनैतिक प्रक्रियाबाट समाधान हुने विषयमा अदालतले क्षेत्राधिकार ग्रहण गर्न सक्न देखिएन

भनी स्पष्ट मार्गनिर्देशन दिइएको फैसला मननीय छ। अन्तराष्ट्रिय तुलनात्मक विधिशास्त्रको आधारमा हेर्दा समेत कार्यापालिकाको क्षेत्राधिकार रहेको विषयवस्तुमा अदालतले प्रवेश गर्नु हुँदैन भनी संवैधानिक कानूनको स्थापित मान्यताको रुपमा लिने गरिन्छ। साउथ अफ्रिकाको संवैधानिक अदालतले Mazibuko NO v Sisulu NNO, 123 को मुद्दामा "Political issues must be resolved at a political level. Our courts should not be drawn into political disputes, the resolution of which falls appropriately within the domain of other fora established in terms of the Constitution" भनी अदालतले आफ्नो संवैधानिक सीमा नाघ्न नहुने र शक्तिपृथकीकरणको सिद्दान्त अनुसार व्यवस्थापिक र कार्यापालिकाको क्षेत्राधिकारको विषयमा अदालतलाई प्रवेश गर्न निषिद्ध गरिएको छ भनी व्याख्या भएको पाइन्छ। त्यसैगरी, भारतको सर्वोच्च अदालतले Union of India & ors. v. Kannadapara S.O. & Kannadigara & ors., (Supreme Court of India ) 2 Karnataka उच्च अदालतले गरेको फैसलालाई उल्टयाउँदै भारतको सर्वोच्च अदालतले रिट निवेदन 'the decision so taken is a political one, it cannot possibly give rise to a challenge on the ground of legal mala fides. A political decision, if taken by a competent authority in accordance with law, cannot per se be regarded as mala fide. the court will not interfere in questions of policy decision. ...It is not the function of the court to decide the location or the sites of the headquarters, it is the function of the Government.' भनी तथा न्यायिक आत्म नियन्त्रको महत्वको व्याख्या गर्दा Asif Hameed vs. The State of J&K, AIR 1989 S.C. 1899 (paragraphs17 to 19 ) "Although the doctrine of separation of powers has not been recognized under the Constitution in its absolute rigidity, the Constitution makers have meticulously defined the functions of various organs of the State. The legislature, executive, and judiciary have to function within their own spheres demarcated in the Constitution. No organ can usurp the function of another.-While exercize of powers by the legislature and executive is subject to judicial restraint, the only check on our own exercize of power is the self-imposed discipline of judicial restraint." तथा Divisional Manager, Aravali Golf Course v. Chander Haas, (2007) मा "In the name of judicial activism Judges cannot cross their limits and try to take over functions which belong to another organ of the State." It also stated that "With a view to see that judicial activism does not become judicial adventurism, the courts must act with caution and proper restraint. They must remember that judicial activism is not an unguided missile failure to bear this in mind would lead to chaos.भएको व्याख्या रिट

निवेदनले अदालतबाट लिइएको मागदावीको सन्दर्भमा अपनाउनुपर्ने सम्मानित अदालतले लिनुपर्ने संवेदनशीलता समेतको आधारमा मननीय छ। तसर्थ, निवेदकले उठाएको विषयवस्तुमा नेपाल सरकार गम्भिर रही यथोचित कुटनीतिक पहल गर्दै आइरहेको र यस विषय कार्यकारणी अधिकार अन्तर्गतको निरोपण हुने विषय रहेकोले यस निवेदन मागबमोजिमको कुनै निर्देशनात्मक आदेश हुनु पर्ने जारी अवस्थाको विद्यमानता नरहेकोले रिट खारेज गरिपाउँ। प्रस्तुत विषय कुटनीति तथा विदेशी राष्ट्र सहमत भएको अवस्थामा मात्र लागू हुने प्रकृतिको रहेकोले न्यायिक रुपले व्यवस्थापन हुने विषय नरहेकोले अदालतले प्रवेश गर्न नहुने; प्रस्तुत विषय कुटनीतिसँग सम्बन्धित सवाल रहेको हुँदा न्यायिक रुपले व्यवस्थापन हुने (Judicially manageable standards) को विषय होइन। नेपाल सरकारबाट आवश्यक देखिएको सबै कुटनीतिक पहल तथा प्रयास हुँदै आए तापनि यस विषय वस्तु अन्य विदेशी राष्ट्रको सहमतिमा मात्र कार्यान्वयन हुने प्रकृतिको रहेकोले निवेदकले माग लिएको विषय न्यायिक रुपले व्यवस्थापन हुने प्रकृतिको छैन। साथै कस्तो अवस्थाको कुटनीतिक पहललाई यथोचित पहल हो भनी मापन गर्न सकिने पनि नहुने भएको आधारमा समेत न्यायिक रुपले व्यवस्थापन हुने प्रकृतिको विषय रहेको छैन। अतः उल्लेखित आधार, कारण र सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्त समेतको आधारमा प्रस्तुत रिट निवेदन खारेज गरिपाउन सदर हुन सादर अनुरोध छ भन्नेसमेत व्यहोराको बहसनोट प्रस्तुतकर्ता नेपाल सरकारको तर्फबाट पेश भएको बहसनोट।

## आदेश खण्ड

८. नियमबमोजिम अन्तरिम आदेशको छलफलको लागि इजलास समक्ष पेश भएको प्रस्तुत निवेदनमा सम्पूर्ण प्रत्यर्थीहरुको लिखित जवाफ पेश भई सकेको देखिएकोले पक्ष विपक्षका कानून व्यवसायीहरुको बहस समेत सुनी मिसिल संलग्न कागजात तथा पेश भएका बहसनोटसमेत अध्ययन गरियो।

९. रिट निवेदकका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री युवराज संग्रौलाले भूतपूर्व गोर्खा सैनिकहरुको समस्या समाधान बारे प्रतिनिधी सभाको अन्तर्राष्ट्रिय सम्बन्ध समितिको मिति २०७५।१२।१ को प्रतिवेदनमा उक्त समस्या समाधान गर्न निर्देशनहरु सिफारिस भए

तापनि हाल सम्म उक्त निर्देशनहरु कार्यान्वयन नभएको हुँदा उचित आदेश जारी गरी उक्त निर्देशनहरु कार्यान्वयन गरी पाउँ भनी आफ्नो बहस प्रस्तुत गर्नुभयो।

१०. प्रत्यर्थीहरुको तर्फबाट उपस्थित विद्वान नायब महान्यायाधिवक्ता श्री टेक बहादुर घिमिरे र सह-न्यायाधिवक्ता श्री दिपशिखा मुनाकामीले यस अघि दायर भएको प्रस्तुर रिट निवेदनसँग सम्बन्धित रिट निवेदन (०७३-WO-१२९७) मा यस अदालतले अन्तराष्ट्रीय सम्बन्ध र परराष्ट्र नीति कार्यपालिकाको कार्यक्षेत्र अन्तर्गत पर्ने हुँदा अदालतले सो विषयमा हस्तक्षेप गर्न उपयुक्त नहुने भनी आदेश भएको र प्रस्तुत रिट निवेदन समेत सोहि विषयसँग सम्बन्धित रहेको हुँदा उक्त रिट निवेदनमा भएको आदेश प्रस्तुत रिट निवेदनको हकमा समेत लागु हुने तथा प्राङ्न्यायको सिद्धान्त अनुरुप यस विषयमा यस अदालतले पुनः निर्णय गर्नु उचित नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउ भनी आफ्नो बहस प्रस्तुत गर्नुभयो।

११. यसमा मिसिल संलग्न कागजात अध्ययन गर्दा, नेपाल सरकार विधिवत पक्ष रहेको सन् १९४७ नोभेम्बर ०९ मा सम्पन्न त्रिपक्षीय सम्झौता बमोजिम नेपाली नागरिकहरुले ब्रिटिस सेनाको गोर्खा ब्रिगेडमा सेवा गर्न पाउने सम्झौता भएकोमा उक्त सम्झौतामा उल्लेख भए विपरित ब्रिटिस गोर्खामा हाल कार्यरत र निवृत्त भइसकेका नेपाली नागरिकहरुलाई भएको भेदभावपूर्ण व्यवहार र ब्रिटिस नागरिकको तुलनामा असमान सेवा सुविधाको विरुद्ध पहल गर्दै उक्त त्रिपक्षीय सम्झौतामा उल्लेख भएका शर्तहरु लागु गरी सोहि सन्दर्भमा प्रतिनिधि सभाबाट मिति २०७५।१२।१ मा जारी भएको निर्देशनात्मक सिफारिस परराष्ट्र मन्त्रीको संयोजकत्वमा वार्ता समिति गठन गरी यथाशिघ्र वार्ताद्वारा सम्बोधन गर्नुपर्ने तथा सन् १९४७ मा भएको त्रिपक्षीय सम्झौता समेत पुनरावलोकन गरी आवश्यक परिमार्जन गरी ब्रिटिस गोर्खामा हाल कार्यरत तथा निवृत्त भइसकेका नेपाली नागरिकहरुलाई समान सेवा सुविधा उपलब्ध गराउने पहल गर्नुपर्ने र उक्त कार्यहरु सम्पन्न नभए सम्म हाल नयाँ नियुक्तिमा लागी रोक लगाउनु भन्ने रिट निवेदकहरुको मुख्य निवेदन जिकिर रहेको देखिन्छ।

१२. रिट निवेदनमा माग भएको विषय अदालतको क्षेत्राधिकार अन्तर्गत नपरी कुटनितिक माध्यमबाट नै पहल गर्नुपर्ने विषयलाई एकाँङ्गी रुपमा रिट निवेदनको माध्यमबाट निरुपण गर्नु उचित नहुने एवं सोहि प्रकृतिको विषयमा यस अघि समेत रिट निवेदन दायर भई उक्त

रिट निवेदन खारेज भईसकेको हुँदा प्राङ्न्यायको सिद्वान्त साथै Constructive Res-judicata को सिद्वान्त अनुसार प्रस्तुत विषयवस्तु पुनः हेर्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको प्रत्यर्थीहरुको छुट्टा-छुट्टै तर एकै आशयको लिखित जवाफ रहेको देखिन्छ।

१३. उपरोक्तानुसारको तथ्य रहेको प्रस्तुत निवेदनमा पक्ष विपक्षबाट रहनु भएका विद्वान कानून व्यवसायी तथा विद्वान सरकारी वकिलले प्रस्तुत गर्नुभएको बहससमेत सुनि निर्णयतर्फ विचारगर्दा निवेदकले माग गरे बमोजिमको आदेश जारी हुने वा नहुने के हो? भन्ने विषयमा केन्द्रीत रही निम्न प्रश्नहरुको निरुपण गर्नुपर्ने देखियोः-

**क. अन्तर्राष्ट्रिय सम्बन्ध, सन्धि वार्ता तथा विदेश नीतिसम्बन्धी विषयहरूमा अदालत प्रवेश गर्न मिल्छ वा मिल्दैन?**

**ख. प्रस्तुत निवेदनमा प्राङ्न्याय (res-judicata) आकर्शित हुने अवस्था छ छैन?**

**ग. गोर्खा भर्ती र यससँग सम्बन्धित सम्झौताको विषय न्यायिक व्यवस्थापन गर्न मिल्ने प्रकृतीको हो होईन?**

**घ. निवेदकको माग बमोजिमको आदेश जारी हुनुपर्ने हो वा होईन?**

१४. निरुपण गरिनुपर्ने पहिलो प्रश्न अन्तर्राष्ट्रिय सम्बन्ध, सन्धि वार्ता तथा विदेश नीतिसम्बन्धी विषयहरूमा अदालतले प्रवेश गर्न मिल्छ वा मिल्दैन, भन्ने सन्दर्भमा विचार गर्दा, सामान्यतया अन्तर्राष्ट्रिय सम्बन्ध र सन्धी सम्झौता तथा कुटनीतिक व्यवस्था हेर्ने निकाय देशको संवैधानिक संरचना र राजनीतिक प्रणाली अनुसार भिन्न रहि सन्धी र अन्तर्राष्ट्रिय सम्झौताहरुको वार्ता सम्पन्न गरी कुटनीतिक सम्बन्धलाई चुस्त राख्ने जिम्मेवारी कार्यपालिका अन्तर्गत पर्ने परराष्ट्र मन्त्रालय वा समकक्ष निकायमा नै रहन्छ। नेपालको सन्दर्भमा शासन व्यवस्थामा सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा कार्यपालिकामा[१] रहने गर्दछ[२]। जस अन्तर्गत राष्ट्रपति, प्रधानमन्त्री वा परराष्ट्र मन्त्रीलाई नेपाल

---

१. नेपालको संविधान, धारा ७५(१), "नेपालको कार्यकारिणी अधिकार यो संविधान र कानून बमोजिम मन्त्रीपरिषदमा निहित रहनेछ"।

२. नेपालको संविधान, धारा ७५(२), "यो संविधान र कानूनको अधीनमा रही नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा मन्त्रीपरिषदमा हुनेछ"।

वा नेपाल सरकारको तर्फबाट कुनै सन्धि सम्बन्धी वार्ता गर्न वा सन्धि सम्पन्न गर्ने अधिकार रहने देखिन्छ[३] भने सन्धीहरुलाई विषयगत रुपमा विभाजन गरी अनुमोदन वा स्वीकृत गर्ने प्रकृया समेत सोहि अनुरुपको रहने देखिन्छ। मुख्यतया विशेष विषयका सन्धीहरु जस्तै शान्ति र मैत्री, सुरक्षा एवं सामरिक सम्बन्ध, नेपाल राज्यको सीमाना र प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँड सम्बन्धित सन्धीहरु संघीय संसदका दुवै सदनमा तत्काल कायम रहेका कुल सदस्यको दुई तिहाई बहुमतले पारित हुनुपर्ने व्यवस्था रहेको देखिन्छ[४] भने यस बाहेकका अन्य विषयका सन्धीहरु नेपाल सरकारले संघिय संसदमा पेश गरी[५] उपस्थित सदस्य संख्याको बहुमतबाट पारित हुनुपर्ने देखिन्छ[६]। यसरी कार्यपालिकाले हस्ताक्षर भएका सन्धी र सम्झौताहरु संसदमा प्रस्तुत गरी अनुमोदन भए पश्चात सन्धी कार्यान्वयनको लागि आवश्यक आन्तरिक कानूनी[७] र प्रशासनिक प्रक्रियाहरु पूरा गर्ने समेत गर्दछ। देशको शासन व्यवस्थालाई दुरुस्त राख्न सरकारका तीन अंगहरु; कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाले एक अर्कासँग समन्वय गरी काम गर्नुपर्ने हुन्छ। यो नै शक्ति पृथकीकरणको मुल आशय हो। राज्यका अन्य अंगहरुले शक्ति सन्तुलन कायम राख्न एक अर्काबाट भए गरेका काम कारवाहीहरुको निगरानी राख्दछन् भने त्यसलाई अन्यथा भन्न मिल्दैन।

१५. शक्ति पृथकीकरणको सिद्धान्तलाई कायम राख्न राज्यका यी तीन अंगहरुको भिन्न-भिन्न कार्यक्षेत्र रहने गर्दछन्। नेपालको न्याय सम्बन्धी अधिकार संविधान, अन्य कानून र न्यायका मान्य सिद्धान्त बमोजिम अदालत तथा न्यायिक निकायबाट प्रयोग गरिन्छ। देशका सबै अदालतहरु तथा न्यायिक निकायहरु सर्वोच्च अदालतको मातहातमा रहने गर्दछन्। सर्वोच्च अदालतको प्रमुख कार्य आफूसमक्ष आएका विवादहरुको निरुपण गर्नु हो। यस क्रममा संविधान र कानूनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतलाई नै रहेको

[३]. नेपाल सन्धि ऐन, २०४७, दफा ३(१)।
[४]. नेपालको संविधान, धारा २७९(२)।
५. नेपाल सन्धी ऐन, २०४७, दफा ४(१)।
६. नेपाल सन्धी ऐन, २०४७, दफा ४(२)।
७. नेपाल सन्धी ऐन, २०४७, दफा १३।

देखिन्छ।[८] सर्वोच्च अदालतलाई साधारण अधिकार क्षेत्रका अतिरिक्त न्यायिक पुनरावलोकन[९] र संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि अन्य वैकल्पिक उपचारको व्यवस्था नभएको अवस्थामा वा भएका उपचार अपर्याप्त वा प्रभावहीन भएको अवस्थामा उचित आदेश जारी गरी मौलिक हकको सुनिश्चितता प्रदान गर्न संविधानद्वारा सर्वोच्च अदालतलाई असाधारण अधिकारक्षेत्र प्रदान गरेको देखिन्छ[१०]। यसरी सर्वोच्च अदालतको मुख्य कार्यक्षेत्र राज्यको कुटनीतिक तथा प्रशासनिक व्यवस्था नभई न्याय सम्पादन सम्बन्धी अर्थात न्यायिक कार्यको जिम्मेवारी रहेको हुन्छ। यहि जिम्मेवारी निर्वाह गर्न सर्वोच्च अदालतलाई साधारण अधिकारक्षेत्र तथा न्यायिक पुनरावलोकनसमेतका असाधारण अधिकारक्षेत्र प्रदान गरिएको देखिन्छ। यद्वपी अदालतले न्यायिक जिम्मेवारी निर्वहन गर्दै संविधान तथा कानूनको उचित कार्यान्वयनमा सुनिश्चितता गराउँने समेतको कार्य गर्दछ। अदालतले यी न्यायिक कार्यका अतिरिक्त समानता, समन्याय र मानव अधिकारको उल्लंघन विरुद्धका विषय र नागरिकको मौलिक हक, राज्यको हित प्रभावित हुने अवस्थामा लोकतान्त्रिक राज्यको आत्मा र आदर्शलाई आत्मसात गरी राष्ट्रिय हित, अन्तर्राष्ट्रिय दायित्व, परराष्ट्र सम्बन्ध र संवैधानिक मुल्यहरु बीच सन्तुलन गरी परराष्ट्र सम्बन्ध र सन्धी सम्झौताका विषयमा पनि दिशा निर्देश गर्न सक्छ। अदालतले आफू समक्ष न्यायिक परीक्षणका लागि प्रस्तुत हुन आएको निवेदनको निरुपणका सन्दर्भमा कार्यपालिकाका काम कारवाहीको विषयमा वा सामान्यतया कार्यपालिकाको कार्यक्षेत्र अन्तर्गत पर्ने विषयहरुमा टिप्पणी, पथ प्रदर्शन वा दिशा निर्देश गर्दछ भने त्यस्तो कार्यलाई न्यायिक हस्तक्षेप वा अधिकार क्षेत्रको संवैधानिक परिसिमन नाघी कार्यकारणीको नीतिगत क्षेत्रमा प्रवेश गरेको (judicial overreach) रुपमा लिन मिल्दैन। यस विषयमा नेपाल लगायत विभिन्न देशका अदालतका फैसलाहरुमा यस बमोजिमको सिद्धान्तहरु स्थापित भएको पाईन्छ।

८. नेपालको संविधान, धारा १२८(२).

९. नेपालको संविधान, धारा १३३(४).

१०.नेपालको संविधान, १३३(२)(३)।

१६. संविधान तथा मानव अधिकार उल्लंघन भएको अवस्थामा अदालतद्वारा सरकारका अन्य निकायहरुलाई निर्देशन दिई सो सम्बन्धी निर्णय गरेका विभन्न उदाहरणहरु पाईन्छ। A and others vs. Secretary of State for the Home Department[११] को मुद्दामा हाउस अफ लर्डस (बेलायतको तत्कालिन सर्वोच्च अदालत) ले State of Home Department ले अन्तर्राष्ट्रिय आतंकवादीहरुलाई बिना अभियोग बेलमार्श जेलमा थुनामा राखेको विषयमा महान्यायाधिवक्ताले, "…these were matters of a political character calling for exercise of political and not judicial judgment…it was not for the courts to usurp authority properly belonging elsewhere" अर्थात उक्त विषय न्यायिक निर्णयको विषय नभई राजनीतिक प्रकृतिको रहेकोले सम्बन्धित निकायद्वारा नै उक्त विषयमा निर्णय गर्नुपर्ने हुँदा अदालतले त्यस विषयमा हस्तक्षेप गर्न नहुने भनी गरेको तर्कलाई खण्डन गर्दै मुख्य राय दिने माननीय न्यायाधीश लर्ड बिंघमले, "…the function of independent judges charged to interpret and apply the law is universally recognized as a cardinal function of the modern democratic state…and that the Attorney General was wrong to stigmatize judicial decision making as in some way undemocratic" अर्थात स्वतन्त्र रुपमा नियुक्त भएका न्यायधीशहरुको मुख्य कार्य कानूनको व्याख्या तथा कार्यान्वयन गर्नु रहेको र न्यायिक निर्णय प्रकृयालाई कुनै पनि रुपमा अलोकतान्त्रिक भनेर कलंकित गर्न नमिल्ने भन्ने धारणा व्यक्त गरी Anti-terrorism, Crime and Security Act, 2001 लाई युरोपेली मानव अधिकार सम्बन्धी महासन्धी (European Convention on Human Rights) सँग असंगत रहेको भन्ने निष्कर्ष निकालेको देखिन्छ। उक्त मुद्दाले कार्यपालिकाको निर्णयहरु उपर न्यायिक पुनरावलोकनको महत्त्वलाई उजागर गरी कानूनी शासन र व्यक्तिगत अधिकारको संरक्षणमा न्यायपालिकाको भूमिका बारे प्रष्ट पारेको देखिन्छ।

१७. यसका साथै S.R. Bommai vs. Union of India[१२] मा भारतीय संविधानको धारा ३५६[१३] अन्तर्गत तत्कालिन राष्ट्रपतिले कर्नाटकका मुख्यमन्त्री रहेका एस.आर. बोमाईलाई बर्खास्त

[११]. A and others vs. Secretary of State for the Home Department (2004), UKHL 56.

[१२]. S.R. Bommai vs. Union of India 1994 AIR 1918, 1994 SCC (3) 1.

[१३]. The Constitution of India, Article 356, "(1) If the President, on receipt of a report from the Governor of a State or otherwise, is satisfied that a situation has arisen in which the Government of the State cannot be carried on in accordance with the provisions of

गर्ने निर्णय गरे पश्चात दायर भएको मुद्दामा भारतीय सर्वोच्च अदालतले संविधानको उक्त धारा अन्तर्गत राज्य सरकारहरुलाई स्वेच्छाचारी रुपमा बर्खास्त गर्ने कार्यमा प्रतिबन्ध लगाउदै संविधानद्वारा राष्ट्रपतिलाई प्रदत्त उक्त अधिकार निरपेक्ष नरहेको र संविधानको मर्म विपरित उक्त अधिकारको प्रयोग गरी भए गरेका निर्णय न्यायिक पुनरावलोकनको विषय रहने भन्ने धारणा व्यक्त गरेको देखिन्छ। तत्कालिन समयमा विपक्षी दलहरुद्वारा सञ्चालित राज्य सरकारहरुलाई राष्ट्रपतिले बर्खास्त गर्ने बढ्दो प्रवृत्तिलाई रोक लगाउने कार्यमा भारतीय सर्वोच्च अदालतको उक्त फैसला उल्लेखनीय मानिन्छ। यस अतिरिक्त कार्यपालिकाबाट भए गरेको काम कारवाहीको निगरानी तथा संविधानको उचित व्याख्या गरी भएको उक्त निर्णयलाई शक्ति सन्तुलन सिद्धान्तको असल उदाहरणको रुपमा लिन सकिन्छ।

१८. त्यसैगरी Reid vs. Covert (1957)[१४] को मुद्दामा कोभर्ट र स्मिथ नामका दुई अमेरिकी सेनाका पत्नीहरुलाई अमेरिकी सैन्य अदालतमा जुरी परीक्षण तथा अधिकारपत्रका परम्परागत सुरक्षाहरु बिना क्रमशः ग्रेट ब्रिटेन र जापानमा एकीकृत सैन्य न्याय संहिता (Uniform Code of Military Justice, UCMJ) अन्तर्गत दोषी ठहर गरेको निर्णय उपर कोभर्टले दायर गरेको बन्दी प्रत्यक्षीकरणको रिट निवेदनमा अमेरिकी सर्वोच्च अदालतले संयुक्त राज्य अमेरिका र ग्रेट ब्रिटेन तथा संयुक्त राज्य अमेरिका र जापान बीच भएको कार्यकारी सम्झौताहरु अनुसार अमेरिकी सैन्य अदालतहरुले ती देशहरुमा अमेरिकी सैनिकहरु वा उनीहरुका आश्रितहरुद्वारा गरिएका कसूरहरु उपर विशेष क्षेत्राधिकार प्रयोग गर्न सक्ने सम्झौताको व्यवस्थाको सन्दर्भमा, "The constitution does not allow Congress to pass regulations that allow the military to court-martial a civilian. To do so would deprive an individual of all the safeguards of the Constitution and Bill of Rights, as well as the protections of civil laws and protection…." अर्थात संविधानले व्यवस्थापिकालाई सामान्य नागरिकलाई सैन्य न्यायिक प्रकृया (military court martial) गर्न दिने नियमहरु पारित गर्ने अनुमति दिनु भनेको व्यक्तिलाई संविधान र अधिकार पत्रद्वारा सुनिश्चित अधिकारहरुबाट वञ्चित गर्नु हो भन्ने

---

this Constitution, the President may by Proclamation- (a) assume to himself all or any of the functions of the Government of the State and all or any of the powers vested in or exercisable by the Governor anybody or authority in the State other than the Legislature of the State…"

१४. Reid vs. Covert 354 U.S. 1 (1957).

धारणा व्यक्त गरेको देखिन्छ। उक्त मुद्दामा संविधान प्रदत्त मौलिक अधिकारहरुको उल्लङ्घन भएको अवस्थामा न्यायपालिकाले अन्तर्राष्ट्रिय मामिलासँग सम्बन्धित कार्यकारीद्वारा भएका काम कारवाहीहरुको पुनरावलोकन गर्न सक्ने भनी अन्तर्राष्ट्रिय सम्झौताहरु, संविधान र व्यक्तिगत अधिकारहरु बीचको सम्बन्धलाई सम्वोधन गरेको देखिन्छ।

१९. नेपाल कै सन्दर्भमा समेत, मिति २०७७।९।५ मा तत्कालिन प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिद्वारा भएको प्रतिनिधि सभा विघटन राजनीतिक विषयवस्तु भएको कारणले उक्त विवादमा यस अदालतले न्याय निरुपण गर्न मिल्ने प्रकृतिको हो वा होईन भन्ने प्रश्नमा यस अदालतले, "केवल राजनीतिक महत्त्व वा राजनीतिक क्रियाकलाप भन्ने जस्ता कुराको आवरणमा संविधानद्वारा निर्धारित सीमा वा परिधि नाघेको भनी उठाएको प्रश्नहरुको निरुपण गर्न पन्छिने हो भने यस इजलासले संविधान प्रदत्त जिम्मेवारी पुरा नगरेको अवस्था सृजना हुन जान्छ"[१५] भनी संविधानको उचित कार्यान्वयनको निम्ति वा संविधानको उल्लङ्घन भएको अवस्थामा अदालतलाई उचित आदेश वा निर्देशन दिन रोक नलाग्ने भन्ने धारणा व्यक्त भएको देखिन्छ। यस बाहेक यस अघि समेत पटक-पटक भएका संसद विघटनको विषयमा सर्वोच्च अदालतले उक्त विषयमा सुनुवाई गरी न्याय निरुपण समेत गरेको देखिन्छ।

२०. राज्यका अन्य निकायले गरेका काम कारवाहीको विषयमा अदालतले गरेका फैसलाहरु प्रस्तुत रिट निवेदनको हकमा समेत सान्दर्भिक रही मननीय देखिन्छ। उल्लिखित नेपाल लगायत विभिन्न देशका मुद्दाहरुका सन्दर्भमा अदालतद्वारा व्यक्त भएका धारणा र प्रतिपादित सिद्धान्तहरुको आधारमा अदालतको मुख्य जिम्मेवारी संविधानको पालना सुनिश्चित गर्नु नै रहेको देखिन्छ। यस क्रममा न्यायपालिकाद्वारा राज्यका अन्य अंगहरुका काम कारवाहीमा निगरानी राखी आवश्यक रहेमा उचित आदेश, निर्देशन वा सुझाव दिन सक्ने न्यायिक मान्यता समेत स्थापित रहे भएको देखिन्छ। तर यसलाई अदालतले कूटनीतिक सम्बन्ध र अन्तर्राष्ट्रिय सन्धी सम्झौतासँग सम्बन्धित कार्यपालिकाको क्षेत्राधिकारलाइ प्रतिस्थापन गरेको भनी व्याख्या गर्नु उचित हुँदैन। वास्तवमा आफ्नो नागरिकको हक अधिकार जोडिएका

---

[१५]. अधिवक्ता सन्तोष भण्डारी समेत विरुद्ध राष्ट्रपतिको कार्यालय, शितल निवास काठमाडौ समेत (०७७-WC-००२८)।

विषयमा यस अदालतको क्षेत्राधिकार नेपालको संविधानद्वारा नै सुनिश्चित भएको देखिन्छ।[१६] भूतपूर्व गोर्खा सैनिकका पेन्सन लगायतका सेवा सुविधाका विषय त्रिपक्षीय सन्धी अन्तर्गत रहेको हुनाले यो नेपालसँग एक महत्त्वपूर्ण सम्बन्ध (substantial connection) रहेको विषय हो। यस अतिरिक्त भूतपूर्व गोर्खा सैनिकहरुको पेन्सन लगायतका सेवा सुविधाहरु नेपालसँग प्रत्यक्ष अप्रत्यक्ष रुपमा जोडिएको तथ्यलाई नजरअन्दाज गर्न सकिँदैन। नेपालमा बसोबास गर्ने भूतपूर्व गोर्खा सैनिकहरुको पेन्सन लगायतका सेवा सुविधाको व्यवस्थापनमा नेपाल सरकारको सम्बन्धित निकायको समन्वय र प्राशसनिक जिम्मेवारीको समेत आवश्यकता रहन्छ।

२१. Substantial connection को सर्वमान्य कानूनी धारणा अनुसार विवादित विषय र अदालत बीच वास्तविक, अर्थपूर्ण र पर्याप्त कानूनी सम्बन्ध रहेको अवसथामा त्यस विषयमा सम्बन्धीत अदालतको क्षेत्राधिकार रहन्छ। उक्त समबन्धको मापन निम्न आधारहरुबाट गर्न सकिन्छ:-

क. नागरिकता,

ख. भौगोलिक उत्तरदायित्व,

ग. सरकारी उत्तरदायित्व,

घ. सम्झौता वा कानूनी दायित्व,

ङ. ऐतिहासिक वा संस्थागत सम्बन्ध।

यी मध्ये एक वा एक भन्दा बढी आधारहरुको उपस्थितिमा समेत समबन्धित अदालतले क्षेत्राधिकार प्रयोग गर्न सक्दछन् भने यस बारे विभिन्न देशका अदालतहरुद्वारा विभिन्न मुद्दाहरुमा व्याख्या भएको देखिन्छ। International Shoe Co. v. Washington[१७] को मुद्दामा संयुक्त राज्य अमेरिकाको सर्वोच्च अदालतले substantial connection अन्तर्गत न्यूनतम सम्बन्ध (minimum contacts) को अवधारणा अन्तर्गत अमेरिकी अदालतले क्षेत्राधिकारको आधार केवल भौतिक उपस्थिति मात्र नभई मुद्दाको पक्ष बाह्य देशमा रहे तापनि उक्त राज्यसँग पर्याप्त र अर्थपूर्ण सम्बन्ध रहेको अवस्थामा उक्त विषयमा सम्बन्धित अदालतको क्षेत्राधिकार रहने भनी व्याख्या गरेको देखिन्छ। त्यसैगरी Morguard Investments Ltd. v. De

---

१६. नेपालको संविधान, धारा १३३.

१७. International Shoe Co. v. Washington 326 U.S. 310, 66 S. Ct. 154, 90 L. Ed. 95 (1945).

Savoye[१८] को मुद्दामा क्यानाडाको सर्वोच्च अदालतले वास्तविकता र न्यायिक औचित्यमा आधारित सम्बन्ध (real and substantial connection) को सिद्धान्तको विकास गरेको देखिन्छ। जस अन्तर्गत कुनै प्रान्तीय अदालतले बाह्य सम्बन्धित मुद्दामा क्षेत्राधिकार प्रयोग गर्न वास्तविक र महत्त्वपूर्ण सम्बन्ध आवश्यक रहने भनी व्याख्या गरेको देखिन्छ। यी व्याख्याहरुलाई प्रस्तुत रिट निवेदनको परिप्रेक्षमा हेर्दा, भूतपूर्व ब्रिटिस गोर्खा सैनिकहरुको दाबीहरुले कुनै न कुनै रुपमा नेपालमा प्रभाव पारी नेपाल सरकारको प्रशासनिक वा कानूनी दायित्व जोडी नेपालसँग ऐतिहासिक तथा संस्थागत सम्बन्ध रहेको अवस्थामा निवेदक र यस अदालत बीच पर्याप्त र अर्थपूर्ण सम्बन्ध रहेको भन्न सकिन्छ।

२२. वास्तवमा यस देशका नागरिकहरुको हक अधिकार जोडिएका विषय जहिले पनि यस अदालतको क्षेत्राधिकार भित्र पर्दछन् र कुनै विषय वा प्रक्रिया त्यस्तो हक अधिकारको प्रचलनमा बाधकको रुपमा रहेको अवस्थामा यस अदालतले सो विषयमा प्रवेश नै गर्न नमिल्ने होईन। संविधानको उचित व्याख्या गरी संविधान प्रदत्त हक अधिकारको सुनिश्चितता प्रदान गर्नु अदालतको आधारभूत कर्तव्य हो। सोहि कुरालाई थप उजागर गर्दै भारतीय सर्वोच्च अदालतले National Legal Services Authority (NALSA) vs. Union of India[१९] को मुद्दामा लैङ्गिक तथा यौनिक अल्पसंख्यक वर्गका मानिसहरुका लागि समान कानूनी संरक्षण प्रदान गर्न निर्देशन दिदै, "It is now very well recognized that the Constitution is a living character; its interpretation must be dynamic. It must be understood in a way that intricate and advances modern realty. The judiciary is the guardian of the Constitution and by ensuring to grant legitimate right that is due to transgenders, we are simply protecting the Constitution and the democracy inasmuch as judicial protection and democracy in general and of human rights in particular is a characteristic of our vibrant democracy." अर्थात संविधान जीवित दस्तावेज रहेको हुँदा यसको व्याख्या समयसापेक्ष र गतिशील हुन आवश्यक छ। संविधानले समाजको विकास, सामाजिक विविधता र मानव अधिकारका जटिल पक्षहरूलाई समेट्न सक्नुपर्दछ। लैङ्गिक तथा यौनिक अल्पसंख्यक वर्गका व्यक्तिहरूको

---

१८. Morguard Investments Ltd. v. De Savoye [1990] 3 S.C.R. 1077.

१९. National Legal Services Authority v. Union of India, A.I.R. 2014 S.C. 1863 (India).

कानूनी अधिकार सुनिश्चित गर्नु संविधान, लोकतान्त्रिक मूल्यहरू र अन्तत समग्र मानव अधिकारको संरक्षण गरी न्यायलयले संविधान प्रतिको दायित्व पूरा गर्नु हो। यो नै जीवन्त लोकतन्त्रको प्रमुख विशेषता हो भनी व्याख्या गरेको देखिन्छ। संविधानको समयसापेक्ष र उद्देश्यपरक व्याख्या गरी संविधानप्रदत्त हक अधिकार सुनिश्चित गर्नु नै न्यायलयको कार्यक्षेत्र हो भनी भएका उल्लिखित व्याख्या प्रस्तुत रिट निवेदनको हकमा समेत मननीय देखिन्छ। प्रस्तुत रिट निवेदनको मुख्या मागदाबी प्रतिनिधी सभा अन्तर्राष्ट्रिय सम्बन्ध समितिको निर्देशन कार्यान्वयनसँग सम्बन्धित रहेको र तत् सम्बन्धमा कार्यपालिकाले पूरा गर्नुपर्ने दायित्वसँग सम्बन्धित रहेको छ। यसमा कुनै सन्धी र सम्झौताका विषय जोडिएर आउँदैमा सो विषय अदालतले हेर्न नमिल्ने भन्ने होईन। नागरिकको हक अधिकारको विषय जोडिएको अवस्थामा निश्चय पनि नेपालको संविधानको धारा १३३ बमोजिम प्रस्तुत रिट निवेदनमा यस अदालतको असाधारण अधिकारक्षेत्र आकर्षित हुने नै देखियो। यस अवस्थामा प्रत्यर्थीहरुले जिकिर लिए अनुसार प्रस्तुत रिट निवेदनको विषय कुटनीतिक सम्बन्ध र अन्तर्राष्ट्रिय सन्धी सम्झौतासँग सम्बन्धित रहेकोले उक्त विषय पूर्णतया कार्यपालिकाको कार्यक्षेत्र अन्तर्गत पर्ने भएकाले अदालतले यस विषयमा प्रवेश नै गर्न नमिल्ने भनी लिएको जिकिरसँग सहमत हुन सकिएन।

२३. अब निरुपण गरिनुपर्ने दोस्रो प्रश्न अर्थात प्रस्तुत निवेदनमा प्राङ्न्याय (res-judicata) आकर्षित हुने अवस्था छ छैन, भन्ने सन्दर्भमा विचार गर्दा, प्रत्यर्थीहरुले यसै प्रकृतिको रिट निवेदनमा यस अदालतद्वारा रिट खारेज भई उक्त विषय यस अदालतद्वारा निरुपण भईसकेको हुँदा प्रस्तुत रिट निवेदनमा प्राङ्न्याय (res-judicata) को सिद्धान्त लागु भई अदालतले यस विषयमा पुनः निर्णय गर्नु उक्त कानूनी सिद्धान्त विपरित हुने भनी जिकिर लिएको देखिन्छ। सार रुपमा प्राङ्न्याय भन्नाले अदालतद्वारा दिईएको अन्तिम फैसला मुद्दाका पक्षहरु बीच निर्णायक हुने भनी बुझ्न सकिन्छ। मुख्यतया प्राङ्न्याय (res-judicata) को सिद्धान्त लागु हुन निम्न तत्वहरुको उपस्थिति रहनुपर्ने हुन्छः-

क. सक्षम अदालत (competent court) :- विचाराधीन रहेको मुद्दा सुनी उक्त मुद्दाको फैसला गर्न कानूनी अधिकार र क्षेत्राधिकार रहेको अदालत,

ख. निर्णयमा अन्तिमता (finality of judgment) :-पहिलो मुद्दामा अन्तिम र निष्कर्षात्मक फैसला भई पुनरावेदन समेत परी मुद्दा समाप्त भईसकेको,

ग. एउटै पक्ष वा पक्षसँग सम्बन्धित (same parties or privies):- पहिलो मुद्दाका पक्षहरु वा पहिलो मुद्दा वा उक्त मुद्दाको विषयमा कानूनी वा आर्थिक हित भएका व्यक्ति वा संस्थाहरु,

घ. मुद्दाको मागदाबीको पहिचान (identity of claim):-पहिलो मुद्दामा लिईएको मागदाबी वा उक्त मुद्दाद्वारा लिन सकिने मागदाबी।

२४. प्राङ्न्याय (res-judicata) का उल्लिखित तत्वहरुलाई प्रस्तुत रिट निवेदनको रोहमा हेर्दा, रिट निवेदन (०७३-WO-१२९७) मा गोर्खा सैनिक भर्ती सम्बन्धी नेपाल, भारत र बेलायतवीच सन् १९४७, नोभेम्भर ९ मा सम्पन्न त्रिपक्षीय सम्झौता[२०] तीन वटै राष्ट्र पक्ष रहेका अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी विभिन्न महासन्धिहरु तथा दस्तावेज, नेपालको संविधान, नागरिक अधिकार ऐन विपरित रहेको हुँदा सो असमान त्रिपक्षीय सम्झौता खारेज गरीपाउँन गोर्खा भर्तिको विषयमा प्रतिनिधि सभाको मिति २०७५।१२।१ को निर्देशनात्मक सिफारिस बमोजिम परराष्ट्र मन्त्रीको संयोजकत्वमा वार्ता समिति गठन गरी यथाशिघ्र वार्ताद्वारा भुतपूर्ण गोर्खा सैनिक माथि भएका प्रतिनिधि सभाको २०७५ सालको निर्देशनात्मक सिफारिसले सम्बोधन गर्नुपर्ने भनी पहिचान गरेका सबै समस्याहरु सम्बोधन गर्ने पहल यथाशिघ्र सुरु गर्नुपर्ने किटानी निर्देशनात्मक आदेश जारी गरि पाउँ भनी निवेदन जिकिर रहेको देखिन्छ।

२५. यी दुई रिट निवेदन दुवै ब्रिटिस गोर्खा सैनिकसँग सम्बन्धित रहेको देखिन्छ। यद्यपी, निवेदनमा माग भएको उपचार भने भिन्न-भिन्न रहेको देखिन्छ। उक्त रिट निवेदन (०७३-WO-१२९७) को मुख्य माग सन् १९४७ को सम्झौता खारेज गरी पाउँ भन्ने रहेको देखिन्छ भने प्रस्तुत रिट निवेदनको मुख्य माग प्रतिनिधि सभा अन्तर्राष्ट्रिय सम्बन्ध समितिको भूतपूर्व गोर्खा सैनिकहरुको समस्या बारे २०७५ सालको प्रतिवेदनमा उल्लेखित निर्देशनहरु

---

२०. नेपाल सन्धी ऐन, २०४७ को दफा २(क) मा "सन्धि भन्नाले दुई वा दुई भन्दा बढी राज्यहरु वा कुनै राज्य र सरकारी सङ्गठन बीच लिखित रुपमा सम्पन्न भएको सम्झौता सम्झनु पर्छ र सो शब्दले यसै प्रकृतिको जुनसुकै नामाकरण गरिएको लिखत समेतलाई जनाउनेछ।" ऐनले सन्धि र सम्झौतामा फरक नगरेको हुँदा, यस फैसलाको सन्दर्भमा त्रिपक्षीय सम्झौता र त्रिपक्षीय सन्धी परस्पर प्रयुक्त गरिएको।

नेपाल सरकारद्वारा कार्यान्वयन हुनुपर्ने भन्ने देखिन्छ। यी दुई रिट निवेदन भूतपूर्व गोर्खा सैनिकहरुसँग सम्बन्धित रहे तापनि रिट निवेदनहरु मार्फत माग गरिएको उपचार भिन्न भिन्न रहि दुई रिट निवेदनको कार्यकारण (causation) फरक रहेको देखिन्छ। त्यसो हुँदा यस अघि दायर भएको रिट निवेदन (०७३-WO-१२९७) ले प्रस्तुत रिट निवेदनको मागलाई सम्बोधन गर्छ वा यी दुई रिट निवेदन एकै रहेको भन्न मिलेन। अब यी दुई रिट निवेदनहरु दुवै भूतपूर्व गोर्खा सैनिकहरुसँग सम्बन्धित रहेकाले प्राङ्न्याय (res-judicata) अन्तर्गत privy को सिद्धान्त अनुरुप प्रस्तुत रिट निवेदन खारेज गर्न मिल्ने वा नमिल्ने भन्ने तर्फ विचार गर्दा, privy अन्तर्गत रहेका विभिन्न अवधारणाहरु मध्ये virtual representation को अवधारणा अन्तर्गत पहिलो र दोस्रो मुद्दाका पक्षहरु एकै नरहे पनि पहिलो र दोस्रो मुद्दाका पक्षको हित मिल्दोजुल्दो भए वा पूर्व मुद्दामा पक्ष नरहेको व्यक्तिको हितको समेत पूर्व मुद्दा मार्फत पर्याप्त रुपमा प्रतिनिधित्व भएको अवस्थामा अदालतले प्राङ्न्याय (res-judicata) अन्तर्गत दोस्रो मुद्दा खारेज गर्न सक्दछ। यद्वपी उक्त अवधारणालाई के-कति हदसम्म वा कस्तो अवस्थामा लागु गर्ने न्यायिक व्याख्यामा निर्भर रही सम्बन्धित देशको कानून र कतिपय अवस्थामा मुद्दाको प्रकृति अनुसार निर्धारण हुने गरेको पाईन्छ।

२६. प्रस्तुत रिट निवेदन र यसैसँग सम्बन्धित यस अघिको रिट निवेदनको विषयवस्तु एकै रही निवेदकहरु समेत एकै कानूनी हैसियतका वा पहिलो रिट निवेदन मार्फत प्रस्तुत रिट निवेदनका निवेदकहरुको मागहरु प्रतिनिधित्व हुने देखिए तापनि यस अघिको रिट निवेदनमा यस अदालतद्वारा जारी भएको निर्देशनात्मक आदेश हाल सम्म कार्यान्वयन नभएको र यस अघिको रिट निवेदकहरु बाहेकका निवेदकहरुद्वारा प्रस्तुत रिट निवेदन दायर भएको देखिँदा virtual representation को अवधारणा अन्तर्गत प्रस्तुत रिट निवेदनमा प्राङ्न्याय (res-judicata) को सिद्धान्त लागु हुने देखिँदैन। अघिल्लो निवेदनमा पक्ष नै नरही उक्त निवेदनमा प्रत्यक्ष रुपमा संलग्न नै नरहेको व्यक्तिको हित अघिल्लो निवेदनद्वारा संवोधन भईसकेको भनी निष्कर्ष निकाल्नु न्यायसंगत देखिँदैन। कुनै पनि व्यक्तिलाई कुनै पनि फैसला वा निर्णय बाध्यात्मक हुनु अघि आफ्नो कुरा राखी आफ्नो हितको रक्षा गर्ने मौका दिने आधारभूत न्यायिक प्रकृया (basic judicial procedure) अन्तर्गत पर्दछ। यदि यसै अवधारणाको आधारमा

दायर भएका मुद्दा तथा रिट निवेदनहरु खारेज गर्दै जाने हो भने व्यक्तिको न्यायिक सुनुवाईको अधिकार हनन् हुने देखिन्छ। virtual representation को विषयमा Taylor vs. Strutgell (2008)[२१] को मुद्दामा Taylor का साथी Haris ले यस अघि उस्तै मुद्दा दायर गरेको र उनीहरुको हित र सम्बन्ध निकै मिल्दोजुल्दो रहेको हुनाले virtual representation को अवधारणा अन्तर्गत मुद्दा खारेज गरेका तल्लो अदालतहरुको निर्णय उपर अमेरिकी सर्वोच्च अदालतले न्यायिक प्रकृयाको महत्त्वलाई जोड दिँदै कुनै मुद्दामा पक्ष नरहेको व्यक्तिलाई उक्त फैसला बाध्यकारी हुँदैन भनी तल्लो अदालतका निर्णयलाई बदर गरेको देखिन्छ। उक्त मुद्दा मार्फत अमेरिकी सर्वोच्च अदालतले virtual representation को अवधारणालाई गौण मान्दै व्यक्तिगत न्याय प्राप्तिको अधिकारलाई सर्वोपरि संवैधानिक मूल्यको रूपमा स्थापित गरेको देखिन्छ। प्राङ्न्याय (res-judicata) को उद्देश्य कानूनी विवादहरुलाई अन्तिम रुप दिई, असंगत निर्णयहरुमा रोक लगाई न्यायिक स्रोतहरुको संरक्षण गर्नु हो। यद्वपी अदालतले फैसलाको अन्तिमता (finality of judgment) र व्यक्तिको अर्थपूर्ण न्यायिक प्रतिनिधित्व बीच सन्तुलन कायम गर्नुपर्ने देखिन्छ। यस अतिरिक्त कतिपय अवस्थामा अदालतले निश्चित न्यायिक सिद्धान्त वा मापदण्डहरुलाई थाती राखी न्यायिक विवेक (judicial conscience) को आधारमा न्याय निरुपण गर्नुपर्ने देखिन्छ। वास्तवमा सार्वजनिक सरोकारका विषयका मुद्दाहरुमा समान विषय जोडिएको भएतापनि उपचारात्मक कारणले वा अघिल्लो मुद्दा पछिका नयाँ घटनाक्रमहरुका कारणले उक्त विषयवस्तु पुनः सार्वजनिक सरोकार वा चासोको विषयको रुपमा पुर्नजागरण (rejuvenate) हुन सक्दछ। त्यस्तो अवस्थामा उक्त विषयवस्तुलाई प्राङ्न्यायको सिद्धान्त बमोजिम हेर्न नमिल्ने भएमा सार्वजनिक सरोकारका मुद्दालाई असाधारण अधिकारक्षेत्र अन्तर्गत राखी सुनुवाई गर्ने व्यवस्था गरेको संवैधानिक प्रावधान नै निष्प्रभावी हुन जान्छ। यस अवस्थमा प्रत्यर्थीहरुले प्रस्तुत रिट निवेदन र यस अघिको रिट निवेदन (०७३-WO-१२९७) को विषयवस्तु एउटै रहेको कारणले विवादमा रहेको वा निर्णय गर्नुपर्ने विषयवस्तुको तार्किक निष्कर्षमा नपुगेको वा यथोचित रुपमा संवोधन भइ नसकेको

२१. Taylor v. Sturgell, 553 U.S. 880 (2008).

अवस्थामा प्राङ्न्यायको सिद्धान्त अन्तर्गत प्रस्तुत रिट निवेदन खारेज हुनुपर्ने भनी लिएको जिकिरसँग सहमत हुन सकिएन।

२७. अब गोर्खा भर्ती र यससँग सम्बन्धित सम्झौताको विषय यस अदालतले प्रवेश गर्न मिल्ने प्रकृतीको हो होईन, भन्ने सन्दर्भमा विचार गर्दा, ब्रिटिस गोर्खा भर्तिको पृष्ठभूमि बारे बुझ्नु आवश्यक रहन्छ। नेपाल र भारतको खुल्ला सिमानाको कारण दुई देशका नागरिकहरु रोजगार र बसाई सराईको क्रममा आवात जावत गर्ने गरेको पाईन्छ। नेपाली नागरिकहरु भारतमा रोजगारीको लागी जाने गरेको पाईन्छ भने विभिन्न श्रोतहरु अनुसार नेपाली नागरिकहरुलाई पन्जाब[२२] का महाराजा रनजित सिंहको सेनामा भर्ती हुन लाहोर (हाल पाकिस्तानको लाहोर) जाने गरको भन्ने देखिन्छ। लाहोरमा रहेका ती नेपालीहरु पछि "लाहुरे" भनी परिचित भएको देखिन्छ।[२३] खाल्सा दरबार अभेलेख[२४] मा महाराजा रन्जित सिंहको नियमित सिपाहीको तलब सूचीमा नेपाली नागरिकहरु सैनिकको रुपमा सूचिकृत रहेको देखिन्छ।[२५] नेपालीहरुको बहादुरी र इमानदारीबाट महाराजा रनजित सिंह निकै प्रभावित भएको भन्ने देखिन्छ भने सन् १९४२ सम्ममा महाराजा रनजित सिंहको सिख सेनामा कुल दुई गोर्खा बटालियन रहेको भन्ने देखिन्छ।[२६] यद्वपी भारतमा बेलायतको उपनिवेसको प्रारम्भसँगै यो क्रम घटेको देखिन्छ। एंग्लो-नेपाल युद्धको क्रममा नेपाली नागरिकहरु बेलायती सेनामा नियुक्ति हुने अभ्यास सुरु भएको देखिन्छ। एंग्लो-नेपाल युद्ध (१८१४-१८१६) को क्रममा युद्ध बन्दी रहेका नेपाली सैनिकहरु एवं कतिपय अवस्थामा युद्धको क्रममा युद्ध त्यागी हिडेका (deserters) सैनिकहरुलाई एकिकृत गरी गठन गरिएको

---

[२२]. तत्कालीन पन्जाब राज्य (Punjab Province) को भौगोलिक क्षेत्र हालको भारत र पाकिस्तान दुवै देशमा विभाजित रहेको छ। यसको ऐतिहासिक राजधानी वा प्रमुख शहर लाहोर रहेको थियो, जुन हाल पाकिस्तानमा पर्दछ ।

[२३]. 'THE NEW LAHURES' Foreign Employment & The Remittance Economy of Nepal, book jointly authored by David Seddon, Jagannath Adhikari, and Ganesh Gurung, 2021, Introduction, Published by Adroit Publisher, New Delhi.

[२४]. खालसा दरबार अभिलेख, जसलाई लाहोर दरबार अभिलेख पनि भनिन्छ, भारत र पाकिस्तानमा सिख साम्राज्यको प्रशासन (जसलाई खाल्सा दरबार वा लाहोर दरबार भनिन्थ्यो) द्वारा अभिलेखित आधिकारिक सरकारी कागजातहरूलाई जनाउँदछ। यी अभिलेखहरूले राज्यका नागरिक, सैन्य र राजस्व प्रशासन जस्ता विभिन्न पक्षहरूलाई समेट्दछ।

[२५]. Gorkhas of the Indian Army and India-Nepal Relations, https://idsa.in/idsacomments/ gorkhas-indian-army-and-india-nepal-relations_vdeshpande_140217. , S.R. Kohli, 'The army of Maharaja Ranjit Singh', Journal of Indian History, i (2), 1921-2, p. 212.

[२६]. F.S. Bajwa, The Military System of the Sikhs 1799-1849, pp. 64-6.

"नुसरी (Nusseeree),"[२७] मलाउ (Malaun) र सिरमौर (Sirmmoor) बटालियनलाई संयोजन गरी वर्तमान अवस्थामा "गोर्खा ब्रिगेड" को रुपमा स्थापित गरिएको देखिन्छ।[२८] एंग्लो-नेपाल युद्धको क्रममा ईष्ट-ईण्डिया कम्पनीका विभिन्न पदाधिकारीहरु बीच भएका पत्राचारहरुमा एंग्लो-नेपाल युद्धको क्रममा गोर्खा सैनिकहरुलाई इष्ट इण्डिया कम्पनीको सैनिकमा संलग्न गराएको विभिन्न प्रसङ्गहरुमा उल्लेख भएको देखिन्छ। ईष्ट-इण्डिया कम्पनीका Adjutant-General, G.H. Fagan ले Colonel Ochterlony, Commanding Third Division, Field Army लाई सन् १८१४, २१ नोभेम्बरमा लेखेको पत्रमा, "The Commander-in-Chief approves your having assured the Subadar and Goorka prisoners of service, at the rate of pay received from their own Government, under the prudent precautions by which that assurance was accompanied..."[२९] अर्थात तपाइले सुबेदार र गोर्खा कैदीहरुलाई उनीहरुको आफ्नै सरकारबाट प्राप्त गरेको तलबको दरमा सेवा दिने आश्वासन दिएको कुरालाई कमाण्डर इन चिफले अनुमोदन गर्नुभएको छ भनी उल्लेख भएको देखिन्छ। त्यसैगरी Military-Auditor General द्वारा सहि भएको Lieutenant Frederick Young अन्तर्गतको "गोर्खा सैनिकहरुको समूह" को तलब सूची (pay abstracts and muster rolls) मा गोर्खा सैनिकहरु इष्ट-ईण्डिया कम्पनीको सैनिकमा समावेश रहेको देख्न सकिन्छ।[३०]

२८. सुगौली सन्धी (१८१६) मार्फत नेपाल र बेलायत बीच कुटनीतिक सम्बन्ध स्थापित भयो भने उक्त सन्धी पश्चात ईष्ट-ईण्डिया कम्पनीले नेपाली नागरिहरुलाई सैनिकको रुपमा नियुक्त गर्ने क्रम बढेको पाईन्छ। कतिपय अवस्थामा त्यस्ता नियुक्तिहरु अनौपचारिक र नेपाल सरकारको अनुमति बेगर गरीएको भन्ने पनि देखिन्छ[३१]। नियुक्त भएका गोर्खा ब्रिगेडका सैनिकहरुलाई नियमित रेजिमेन्ट (line regiments) को रुपमा नभई वैकल्पिक सेना वा

---

[२७]. भारतीय शब्द "नासिर" र अरबी शब्द "नस्र" बाट व्युत्पन्न भएको, जसको अर्थ क्रमशः रक्षक वा मित्र तथा मद्दत वा विजय भन्ने बुझिन्छ।

[२८] British East India Company Governor-General's Order of July 27th, 1815, quoted in Bellamy: 2011, 51.

[२९]. Papers Respecting Nepaul War (PRNW), P.230.

[३०]. The Fraser of Reelig Family Papers, Inverness-Shire; Catalogued (Survey no. 2696) by the National Register of Archives (Scotland), Scottish Record Office, Edinburgh [Fraser Papers], bundle 455, abstracts number 1-3.

[३१]. प्रतिनिधिसभामा परराष्ट्र सम्बन्ध तथा मानव अधिकार समितिको प्रतिवेदन, २०५५, पृष्ठ ८।

अनियमित सिपाही (irregulars) को[३२] रुपमा नियुक्ति गर्ने गरेको विभिन्न श्रोतहरुबाट देख्न सकिन्छ। उदाहरण स्वरुप सन् १८४०, अप्रिल २८ को तत्कालिन प्रधान सेनापति (commander-in-chief) को सैन्य आदेश (general order) मा गोर्खा ब्रिगेडको नासिरी र सिरमोर बटालियनलाई अफगान युद्धमा संलग्न हुन आह्वान गरेको देखिन्छ भने उक्त आदेशमा युद्धमा संलग्न हुने गोर्खा ब्रिगेडका सेनाहरुको पदोउन्नति भई नियमित रेजिमेन्ट (regular troops) सरह नै तलब र भत्ता उपलब्ध गराईने भनी उल्लेख भएको देखिन्छ।[३३] त्यसैगरी सन् १८४९ मा दोस्रो सिख युद्धमा बेलायतको विजय पछि तत्कालिन गभर्नर जेनरलले पन्जाबका सिपाहीहरुलाई उपलब्ध गरिने भत्ता कटौती गरेको कारण सिख सेनाहरुबाट भएको विरोध र धर्नाको प्रतिक्रियामा तत्कालिन बंगाल सेनाका जनरल चार्लस जेम्स नापियर (Charles James Napier) ले सन् १८५०, २७ फेब्रुअरी मा गभर्नर जेनरल (James Andrew Broun-Ramsay, 1st Marquess of Dalhousie) द्वारा प्रत्यायोजित अधिकारको प्रयोग गरी जारी गरेको सैन्य आदेशमा, "The Native officers, non-commissioned officers and Private Sepoys of the 66th regiment are to be marched to Umballah, and there struck off from the service of the Honorable East India Company; and His Excellency directs that the colors of the 66th are to be delivered over to the brave and loyal men of the Nusseree Goorka Battalion, and that the 66th regiment shall in future be denominated the 66th or Goorka regiment."[३४] अर्थात "६६औं रेजिमेन्टका स्वदेशी अधिकरीहरु, गैर-कमिशन अधिकारीहरु तथा निजी सिपाहीहरुलाई ईस्ट-इन्डिया कम्पनीको सेवाबाट हटाईनेछ र ६६औं रेजिमेन्टको झण्डा नसेरी गोर्खा बटालियनलाई हस्तान्तरण गरीनेछ। यस पश्चात ६६औं रेजिमेन्टलाई ६६औं वा गोर्खा रेजिमेन्ट नामाकरण गरीएको छ" भनी उल्लेख गर्दै गोर्खा सेनालाई नियमित रेजिमेन्टमा समावेश गरेको देखिन्छ। सुगौली सन्धी सम्पन्न भएको लगभग ३५ वर्ष पश्चात मात्र सन् १८५० मा गोर्खा बटालियनलाई नियमित Native Infantry मा

---

३२. लाइन रेजिमेन्टहरूलाई 'युद्धको लाइनमा' लड्नको लागि प्रशिक्षण र उपकरणहरू उपलब्ध गराईन्थ्यो भने अनियमित वा वैकल्पिक सिपाहीहरू मुख्य रूपमा झडप र अन्य समर्थन कर्तव्यहरूको लागि मात्र खटाईन्थ्यो।

३३. Abhilekh Patal, General Orders by Commander in Chief, 1840, April 28, retrieved from https://abhilekh-patal.in/jspui/handle/123456789/2470777 (last visited 1 April, 2025, 3:01 pm).

३४. Lt.-General Sir W. Napier (ed.), Defects Civil and Military of the Indian Government, by Lt.-General Sir Charles James Napier, GCB, London, 1853, pp. 129, 130.

समावेश गरी नियमित रेजिमेन्ट सरह सेवा सर्तहरु उपलब्ध गरिएको भन्ने यी प्रसङ्गहरुबाट देख्न सकिन्छ। चार्लस जेम्स नापियर (Charles James Napier) ले गभर्नर जेनरल (James Andrew Broun-Ramsay, 1st Marquess of Dalhousie) लाई लेखेको एक पत्रमा, "The Goorka will be faithful, and for low pay we can enlist a large body of soldiers whom our best officers equal in courage to European troops. Even as a matter of economy this will be good..." अर्थात बफादारका साथै युरोपियन सैनिकहरु सरह नै योग्य रहेका गोर्खा सैनिकहरुलाई न्यून पारिश्रमिकमा ठूलो संख्यामा नियुक्त गर्न सकिने र यसो गर्नु आर्थिक रुपमा समेत लाभदायी हुने भनी गोर्खा ब्रिगेडलाई नियमित सेनाको दर्जा दिनुपर्ने भनी सुझाव दिएको देखिन्छ।

२९. सन् १९४७, ९ नोभेम्बरमा भारतको स्वतन्त्रतासँगै बेलायत, नेपाल र भारत बीच त्रिपक्षीय सम्झौता सम्पन्न भयो।[३५] उक्त सम्झौता विशेषगरी गोर्खा सेनाको सेवा, शर्त र व्यवस्थापन बारे थियो भने सम्झौता मार्फत औपचारिक रुपमा नेपालीहरुलाई बेलायती सेनामा नियुक्त गर्ने अभ्यासको आरम्भ भएको देखिन्छ। तत्कालिन समयको नेपालको परिवेश र नेपालको तुलनामा धेरै तलब र गोर्खा सैनिकहरुले केहि हदसम्म प्राप्त गर्ने सेवा सुविधाले आकर्षित भई नेपाली नागरिकहरु ठूलो संख्यामा गोर्खा रेजिमेन्टमा नियुक्त हुन थाले। बेलायतका सैनिकको तुलनामा कम तलब, सेवा सुविधामा पनि बफादारी तथा इमानदारीका साथ कठिन भन्दा कठिन परिस्थितीमा खट्न सक्ने गोर्खा सैनिकहरुबाट निकै प्रभावित भई गोर्खा सैनिकहरुलाई बढि संख्यामा बेलायती सेनामा नियुक्त गर्ने क्रम बढेको देखिन्छ। पहिलो विश्व युद्धको प्रारम्भसँगै यो संख्या थप वृद्धि भएको देखिन्छ।

३०. पहिलो विश्व युद्धमा गोर्खा बटालियनलाई युरोपका विभिन्न युद्धस्थलहरु; उत्तरी फ्रान्सको न्युभ चापेल, बेल्जियमको फ्लान्डर्समा रहेको इप्रेस र गिभन्चीमा खटाईएको भन्ने देखिन्छ।[३६] उक्त युद्धमा गोर्खा सेनालाई बेलायती सेनाको तुलनामा कमसल हातहतियार तथा अत्यावश्यक

[३५]. त्रिपक्षीय सन्धी विभिन्न कागजातहरुको संग्रह हो। भारत र बेलायत बीचको द्विपक्षीय सम्झौता Annexure I को रुपमा मान्य गरिएको छ भने भारत सरकार र बेलायत सरकार बीच सहमति भएका बुँदाहरुमा नेपाल सरकारले दिएका टिप्पणी वा सुझावहरु क्रमशः Annexure II र III मा डङ्कित गरिएका छन्। यी बुँदाहरुमा बेलायत सरकारको प्रतिकृया Annexure III को फुटनोटको रुपमा संलग्न गरिएका छन्।

[३६]. Chudal, A. A. (2020). What Can a Song Do to You? A Life Story of a Gurkha Prisoner in World War I. *South Asia: Journal of South Asian Studies*, *43*(3), 392–406. https://doi.org/10.1080/00856401.2020.1752974.

सुरक्षा उपकरण, यहाँसम्म की उपयुक्त पोशाक बिना नै खटाईएको भन्ने विभिन्न श्रोतहरुबाट देख्न सकिन्छ। बेलायती Captain Grimshaw ले न्युभ चापेलको युद्धको अनुभव स्मरण गर्दै, "Little Gurkhas slopping through the freezing mud barefooted. Tommies with no caps on and plastered with mud and blood from head to foot….misery depicted in their faces. I stopped some Gurkhas and asked why they walked in bare feet. Those that replied said 'Sahib, our feet hurt terribly, but in boots they hurt worse."[३७] अर्थात गोर्खालीहरू टोपी बिना टाउकोदेखि पाउसम्म हिलो र रगतले लतपतिई हिलोमा खाली खुट्टाले हिँडिरहेका थिए। सबैको अनुहारमा दुःख झल्किएको थियो। केही गोर्खालीहरूलाई उनीहरू किन खाली खुट्टा हिँडिरहेका छन् भनी सोध्दा, "साहेब, हाम्रो खुट्टा धेरै दुखेको छ तर बुट लगाउँदा खुट्टा अत्याधिक दुख्ने हुनाले बुट नलगाएको" भनी युद्ध मैदानमा खटाईएका गोर्खा सैनिकहरुको युद्धमा खटिएको अवस्थाको चित्रण गरेको देखिन्छ। त्यसैगरी सैन्य इतिहासविद् Byron Edgar Farwell ले युद्धमा खटाईएका गोर्खा सैनिकहरु बारे,"They were neither trained nor equipped for war on the Western Front. They were inadequately clothed and carried a mere two machine guns per battalion; they had no mortars and only jam-tin-grenades"[३८] अर्थात पश्चिमी भेगमा युद्धमा खटाईएका ती सैनिकहरू पश्चिमी भेगमा युद्धको लागि न त उचित रुपमा प्रशिक्षित थिए न त उनीहरुसँग पर्याप्त हातहतियार वा लुगाफाटा नै थियो। प्रत्येक बटालियनमा जम्मा दुईवटा मात्र मेसिनगन थिए। उनीहरूसँग मोर्टार थिएन र केवल जाम-टिनबाट बनाइएका हातले फ्याँक्ने बमहरू मात्र थिए भनी राय व्यक्त गरेको देखिन्छ। औद्योगिक क्रान्ति पश्चात नवपरिवर्तित उन्नत प्रविधिका हातहतियारहरु सहित युद्धमा उत्रिएका युरोपेली सेनाहरुको तुलनामा पर्याप्त तयारी तथा प्रशिक्षण बिना सामान्य हातहतियार सहित अग्रस्थानमा खटाईएका करिब १००,००० गोर्खा सेनाहरु मध्ये २०,००० सैनिकहरु हताहत भएको देखिन्छ।[३९] यस अतिरिक्त युद्धमा खटिएका र कतिपय

३७. Charles Chenevix-Trench, The Indian Army and the King's Enemies 1900–1947 (London, 1988), p. 37.

३८. Byron Farwell, The Gurkhas (Allen Lane, London, 1984), p. 94.

३९. पहिलो विश्व युद्धमा ब्रिटिस गोर्खा सेनाहरु तथा सहिदहरुको संख्या विभिन्न श्रोतहरुमा भिन्न भिन्न रहेको देखिए पनि बेलायतको राष्ट्रिय सैनिक सङ्ग्रालय अनुसार पहिलो विश्व युद्धमा ब्रिटिस गोर्खा सैनिकको संख्या १००,००० र सहिदहरुको संख्या २०,००० भनी उल्लेख भएकोमा उक्त संख्यालाई नै आधिकारिक संख्या मानिएको, The Gurkhas, National Army Museum retrieved from https://www.nam.ac.uk/explore/gurkhas (last visited 26 March 2025, 3:12 pm).

अवस्थामा युद्धबन्दी बनाईएका गोर्खा सैनिकहरुको अवस्थाका विभिन्न उदाहरणहरु समेत देखिन्छ। जर्मनीको बेत्रसेन ब्रिटिस युद्धबन्दी कारावासमा राखिएका ब्रिटिस गोर्खाका सुबेदार-मेजर शेर सिंह रानाले लेखेको चिठीमा "I am the only Gurkha Officer in this camp…..I am only an unfortunate man amongst prisoners, so many in Germany who have been separated from religion brothers. I am in a very hard state I cannot keep my religion here...to break the religion of an orthodox poor Hindoo in out of civilization, what a cruelty on me…"[४०] अर्थात म यस कैदी शिविरमा एक मात्र गोर्खा अधिकारी हुँ....मेरो धर्म भङ्ग गर्ने उद्देश्यले म एक मात्र अभागी व्यक्तिलाई आफ्नै धर्मका दाजुभाईहरुबाट अलग राखिएको छ। म यहाँ मेरो धर्म कायम राख्न सक्दिन भनी आफ्नो दुःखद अवस्था बारे वर्णन गरेको देखिन्छ। आफ्नो परिवार तथा देशबाट टाढा रही युद्धमा खटेको क्रममा अर्को देशमा युद्धबन्दी हुँदाको कष्टदायी अनुभव निकै नै दयनीय देखिन्छ। युद्धमा खटिएका अन्य गोर्खा सैनिकहरुको समेत उस्तै कथा रहेको पाईन्छ। सन् १९१४, २० डिसेम्बर, ला बास्से (La Basse) मा भएको युद्धमा खटिएका एक गोर्खा सैनिकले आफ्नो दैनिकीमा, "यो कठै बरा....जोबन सबै शत्रुहरुका हातबाट गयो। पल्टनको माया मोह नेपालमै रह्यो जिउँदै मरी कैलाशमा गयो। ..."[४१] भनी उक्त युद्धको आफ्नो तितो अनुभव उल्लेख गरेको देखिन्छ।[४२] त्यसैगरी सन् १९२१ मा गोर्खा सेनालाई अन्य ब्रिटिस सेनाहरुसँग दारदोनी (Dardoni) को किल्लामा खटाईएकोमा कैयौं गोर्खा सैनिकहरुको मृत्यु भएको देखिन्छ। उक्त युद्ध पश्चातको दृश्य वर्णन गर्दै बेलायती क्याप्टेन मोरिसले, "The dead lay scattered in small groups, and it was obvious from their postures that except for the fortunate few who had been killed instantly every man had been subjected to the most barbarous treatment when he was still alive. The bodies had been stripped and in every case the genitals had been roughly

---

[४०]. NAUK, FO 383/288, copy of an extract from a letter by Sher Singh Rana, 25 April 1917, to Captain Madho Singh Rana, Sardar Bahadur, Dharamsala, Punjab.

[४१]. Shree Bhakta Khanal, (2020, November 28). Diary of a Nepali soldier in France. Nepali Times retrieved from https://nepalitimes.com/banner/diary-of-a-nepali-soldier-in-france (last visited 27 March 2025, 4:46 pm).

[४२]. उक्त दैनिकीको अंश २० डिसेम्बर १९१४ मा १२ अक्टोबरदेखि डिसेम्बरको अन्त्यसम्म चलेको अंग्रेज र फ्रेन्च सेनाहरूको संयुक्त बल विरुद्ध एक भीषण युद्ध पछि कुर्हेस्सीशे जेगर-बटालियन नं. ११ मा रहेका लेफ्टिनेंट अलेक्सान्डर प्फेइफरले फेला पारेको एक बेनाम नेपाली सैनिकको डायरीमा उल्लेखित रहेको। उक्त सैनिकको नाम र उनी युद्धमै मारिएका थिए वा युद्ध बन्दी बनेका थिए भन्ने जानकारी नरहेको।

severed and stuffed into the victim's mouth"[४३] अर्थात स-साना समूहमा छरिएका मृतकहरुको अवस्था हेर्दा तत्काल मारिएका केहि भाग्यमानीहरु बाहेक, प्रत्येक मानिस जीवित रहँदै अत्यन्त बर्बर व्यवहारको शिकार भएको स्पष्ट थियो भने मृतकहरुलाई नाङ्गो पारी उनीहरुको गुप्ताङ्गहरु काटी मुखमा कोचिएको थियो" भनी युद्ध मैदानमा गोर्खा सैनिकहरु माथि भएको क्रुर तथा अमानवीय व्यवहारको वर्णन गरेको पाईन्छ। पहिलो विश्व युद्ध पश्चात पनि उपनिवेश कायम राख्न र कतिपय अवस्थामा पहिलो विश्व युद्धद्वारा बेलायतले गुमाएको भूभागहरु पुनः बेलायतमा फिर्ता ल्याउन गोर्खा सैनिकहरुलाई खटाइएको भन्ने देखिन्छ भने गोर्खा सैनिकहरुलाई पर्याप्त प्रशिक्षण र हातहतियार बिना युद्ध मैदानमा अग्रपङ्तिमा राखिएको पाईन्छ।

३१. दोस्रो विश्व युद्धको प्रारम्भसँगै बेलायतले थप दश नयाँ गोर्खा बटालियन स्थापना गर्ने उद्देश्यले बढि संख्यामा नेपालीहरु नियुक्त गरेको देखिन्छ।[४४] पहिलो विश्व युद्ध जस्तै दोस्रो विश्व युद्धमा समेत ती बटालियनहरुलाई आवश्यक हातहतियार तथा उपकरणहरु बिना नै युद्ध मैदानमा खटाईएको भन्ने पाईन्छ।[४५] बेलायतले बर्मामा गरेको आक्रमण पश्चात अधिकांश बेलायती सैनिकहरु भारतमा आराम र स्वास्थ्यलाभ गरिरहेका थिए भने गोर्खा सैनिकहरु भने पुनः आक्रमणको लागि बर्मा फर्कने तयारीमा थिए।[४६] यी उदाहरणहरुबाट गोर्खा सैनिकहरुलाई दोस्रो विश्व युद्धमा बेलायती सेनाका कमान्डर, General Sir Claude Auchinleck ले भने अनुसार उच्च जोखिमी भूमिकाहरु (high wastage roles)[४७] मा खटाईएको पाईन्छ। युद्ध मैदानमा खटिएका गोर्खा सैनिकहरु कति मारिए भने कति युद्धबन्दीको रुपमा वर्षौं कैदमा रहे। दोस्रो विश्व युद्ध कै क्रममा सिङ्गापुरलाई जापानले पराजित गरे पश्चात जापानले युद्ध बन्दी बनाएका १३०,००० सैनिकहरु मध्येका चमार गुरुङले उक्त अवधीको

---

४३. Morris, Charles J, Hired to kill, quoted in Bellamy: 2011, 206.

४४. Shamsher, Judha, attributed by Lieutenant General Sir Francis Tuker in Gorkha: The story of the Gurkhas of Nepal, 213, quoted in Bellamy: 2011, 214.

४५. Byron Farwell, The Gurkhas (Allen Lane, London, 1984), p. 178.

४६. Wohl, Elijah, "From Pokhara to Kandahar: The Two Hundred Year Journey of the Force That Made Nepal Famous" (2013). Independent Study Project (ISP) Collection. 1742.

४७. Supra note 60.

स्मरण गर्दै युद्धबन्दी रहेको साढे तीन वर्षको क्रममा पर्याप्त मात्रामा खाना समेत उपलब्ध नभई कैयौं घण्टा सम्म कोईला खानीमा श्रम गर्नुपरेको भनी युद्धबन्दी हुँदाको आफ्नो अनुभव बारे उल्लेख गरेको देखिन्छ[४८]। दोस्रो विश्व युद्धको क्रममा युद्ध बन्दी भएका कैयौं गोर्खा सैनिकहरुको यस्तै अनुभवहरु रहेका देखिन्छ भने कैयौं सैनिकहरु अंगभंग भई युद्ध लड्न अयोग्य भएकै कारण बिना क्षतिपूर्ति वा पेन्सन नपाएका उदाहरणहरु समेत रहेका पाईन्छन्। पहिले दशौं गोर्खा राइफल्समा रहेका स्व. रायफलम्यान भक्त बहादुर सुनुवारकी श्रीमति पदम कुमारी सुनुवारले बर्मामा सेवा गर्दा भक्त सुनुवार, बम विस्फोटमा परी खुट्टा र पिठ्युँमा गम्भीर चोट पछि पूर्णरूपमा निको नभएको कारणले उनी पेन्सन वा कुनै प्रकारको क्षतिपूर्ति बिना नै गाउँ फर्किन बाध्य भएको भनी उल्लेख गरेको देखिन्छ।[४९]

३२. सन् १९४५ मा बेलायती राजसंस्थाको सेवामा करिब ९७,५०० गोर्खा सैनिकहरू रहेको देखिन्छ।[५०] युद्धको अन्त्य पछि पनि जापानी सैन्य एकाइहरुलाई निःशस्त्रीकरण गर्न र कब्जा भएका उपनिवेशहरुलाई पुनः अधिग्रहण गर्ने कार्यमा गोर्खा सैनिकहरुलाई खटाईएको पाईन्छ। यस क्रममा सशस्त्र संघर्ष समेत हुने गरेको र कतिपय अवस्थामा प्रत्येक गोर्खा सैनिकले ३६ किलोग्राम भार बोकी लगातार छ हप्तासम्म जंगलमा हिंड्ने र आपूर्तिको लागि हवाई मार्गबाट आउने सामाग्रीमा भर पर्नुपर्ने उदाहरणहरु समेत रहेको देखिन्छ।[५१] कुनै पनि मुलुकको आन्तरिक मामिला तथा नेपालको मित्रराष्ट्रका विरुद्ध गोर्खाली सैनिकको प्रयोग नगर्ने[५२] भन्ने व्यवस्था भएतापनि गोर्खाली सैनिकहरुलाई सन् १९४८-१९६० सम्ममा मलायको आन्तरिक विद्रोह,[५३] सन् १९३२ को ब्रुनाइको आन्तरिक विद्रोह[५४] तथा १९६३-

---

४८. Rifleman Chamar Gurung (retired) joined over 130,000 other allied personnel as a prisoner of the Japanese. He remained a prisoner for the next three and a half years, and was not released until September of 1945. During that time he says he was given only one loaf of bread for a nine-day period, and was forced to transport coal for the Japanese. He says that anyone who refused to work or talk back was beaten severely, and that by the time he was released he was completely starved"

४९. Wohl, Elijah, "From Pokhara to Kandahar: The Two Hundred Year Journey of the Force That Made Nepal Famous" (2013). Independent Study Project (ISP) Collection. 1742.

५०. The Gurkha Museum, Lineages and Composition of the Gurkha Regiments (March 2010 edn), p.124.

५१. Parker, John. 1999. The Gurkhas: The inside Story of the World's Most Feared Soldiers. London: Headline Book Publishing, p.231.

५२. Ibid.

५३. Gurkha Brigade Association. (n.d.). The Malayan Emergency. Gurkha Brigade Association. Retrieved June 12, 2025, from https://www.gurkhabde.com/history/the-malayan-emergency/.

१९६५ सम्म इन्डोनेसिया र मलेसियाबीच सिमा सम्बन्धी विवादमा[५५] खटाईएक पाईन्छ। यसरी गोर्खा फौजले पहिलो र दोस्रो विश्वयुद्धमा अत्यन्त कठिन र जोखिमपूर्ण परिस्थितिमा युरोप, अफ्रिका र एशियाका विभिन्न रणभूमिहरुमा असाधारण साहस, अनुशासन र दक्षता प्रदशन गरेको देखिन्छ भने गोर्खा सैनिकको योगदान बेलायतले उच्च सम्मानका साथ स्वीकार गरी कुलबिर थापा मगर, भानुभक्त गुरुङ, तुलबहादुर पुन मगर लगायतका कैयौं गोर्खा सैनिकहरुलाई विश्वकै प्रतिष्ठित सैन्य सम्मान, "भिक्टोरिया क्रस" द्वारा सम्मानित गरेको देखिन्छ। मलायन आपतकाल, बोर्नियो संघर्ष, फकल्याण्ड युद्ध तथा पछिल्ला वर्षहरुमा इराक, अफगानिस्तान र संयुक्त राष्ट्रसंघीय शान्ति मिसनहरुमा गोर्खा सैनिकहरुको सक्रिय सहभागिताले गोर्खा सैनिकहरु केवल युद्धकालीन साहसका लागि मात्र नभई शान्ति स्थापना, सुरक्षा व्यवस्था र स्थायित्व कायम गर्नसमेत सक्षम रहेको पुष्टि गर्दछ। वर्तमान अवस्थामा गोर्खा सैनिक परम्परागत सैन्य भूमिकामा मात्र नरही इन्जिनियरिङ, सञ्चार, प्राविधिक सहायता तथा नेतृत्वदायी जिम्मेवारीहरुमा समेत संलग्न हुनु गोर्खा सैनिकहरुको साहस मात्र नभई उनीहरुको सीप, दक्षता, अनुशासन, अन्तर्राष्ट्रीय भरोसा र विश्वसनीयताको प्रतिफल हो। गोर्खा सैनिकहरुको ऐतिहासिक योगदान, वर्तमान सक्रिय भूमिका र निरन्तर विकसित हुँदै गएको पेशागत दक्षताले गोर्खा सैनिकहरुको प्रभाव अन्तर्राष्ट्रिय स्तरमा शान्ति, सुरक्षा र भरोसाको प्रतिकको रुपमा स्थापित भएको देखिन्छ।

३३. बेलायतद्वारा सन् १९४९ मा Gurkha Contingent (GC) सिंगापुर पुलिसको एक विभागको रुपमा स्थापना भएको देखिन्छ। तत्कालिन समयमा बेलायत उपनिवेशद्वारा युद्धपश्चातको अशान्ति (post war conflict) नियन्त्रण गर्न खटाईएका गोर्खा सैनिकहरुलाई सन् १९६५ मा सिंगापुरको स्वतन्त्रता पश्चात पनि उक्त कण्टिन्जेन्ट (contingent) लाई गृह मन्त्रालय अन्तर्गतको सिंगापुर प्रहरी बल (Singapore Police Force) को रुपमा कायम राखियो।[५६] बेलायती ब्रिगेड अफ गोर्खा (Brigade of Gurkha) भन्दा पृथक सिंगापुरको गोर्खा कण्टिजेन्ट

[५४]. Gurkha Brigade Association. (n.d.). Borneo, the Brunei Revolt and Confrontation with Indonesia. Gurkha Brigade Association. Retrieved June 12, 2025, from https://www.gurkhabde.com/history/borneo-the-brunei-revolt-and-confrontation-with-indonesia/.

[५५]. Ibid.

[५६]. Singapore Police Force. (2023, July 3). *Gurkha Contingent*. https://www.police.gov.sg/Who-We-Are/Organisation-Structure/Specialist-and-Line-Units/Gurkha-Contingent.

सैन्य बल नभई अर्धसैनिक प्रहरी संगठनको रुपमा रहेको देखिन्छ।[५७] त्यसैगरी सन् १९७४ मा ब्रुनेईका सुल्तानका शाही परिवार, नागरिकहरु र प्रमुख तेल प्रतिष्ठानहरुको सुरक्षाको निम्ति Gurkha Reserve Unit (GRU) हाल Gurkha Security Unit (GSU) गठन भएको देखिन्छ। उक्त निकायहरु स्थापना गर्दा बेलायत सरकारले नेपाल सरकारसँग परामर्श लिएको तथा दुई देश बीच यस बारे कुनै औपचारिक दस्ताबेज देखिँदैन। ब्रुनेई र सिंगापुरमा खटाईएका गोर्खा सेनालाई समकक्ष बेलायती सेनाको तुलनामा कम तलब, सेवा, सुविधा उपलब्ध गर्ने गरेको कुरामा विवाद छैन। भूतपूर्व गोर्खा सैनिकका समस्या सम्बोधन सम्बन्धी प्रतिनिधिसभा, अन्तर्राष्ट्रिय सम्बन्ध समितिको प्रतिवेदन, २०७५ अनुसार बेलायत सरकारले ब्रुनाई सुरक्षा गार्डमा कार्यरत सैनिकको आधारभूत तलब ब्रुनाई सरकारबाट २,५०० डलर लिई, गोर्खा सैनिकलाई १,१०० डलर मात्र पारिश्रामिक दिने गरेको देखिन्छ भने सिंगापुर पुलिसको हकमा समेत सोहि अभ्यास रहेको देखिन्छ।[५८]

३४. त्रिपक्षीय सम्झौताको, "The payment of Gratuities and Pensions will be admissible to Gurkha soldiers, NCOs, WOs and King's Gurkha Commissioned Officers with reckonable service in the Indian or British Armies under the Pensions Regulations for the Army in India, 1940, applicable to VCOs and IORs, as amended from time to time..."[५९] अर्थात भारत वा बेलायती सेनामा गणनयोग्य सेवा अवधि पूरा गरेका गोर्खा सैनिकहरु, जुनियर कमिसन्ड अफिसर (NCO), वारन्ट अफिसर (WO) तथा किङ्स गोर्खा कमिसन्ड अफिसरहरुले प्राप्त गर्ने उपदान र पेन्सन भारतीय वा बेलायती सेनामा गरेको सेवाकालमा निर्धारित हुनेछ। सो व्यवस्था भारतीय सेनाको पेन्सन नियमावली, १९४० बमोजिम हुने भन्ने व्यवस्था बमोजिम सन् १९४९, १९ डिसेम्बरमा Gurkha Pension Scheme (GPS) पारित भएको देखिन्छ। हाल गोर्खा सैनिकको सेवा तथा सुविधा बारे सेवा नियुक्ति भएको मितिको आधारमा Gurkha Pension Scheme (GPS), Armed Forces Pension Scheme, 1975

---

[५७]. Ibid.

[५८]. भूतपूर्व गोर्खा सैनिकका समस्या सम्बोधन सम्बन्धी प्रतिनिधिसभा, अन्तर्राष्ट्रिय सम्बन्ध समितिको प्रतिवेदन, २०७५, पृष्ठ ६.

[५९]. Tripartite Agreement, 1947, Section V.

(AFPS 75) र Armed Forces Pension Scheme, 2005 (AFPS 05) गरी विभिन्न पेन्सन नीतिहरु रहेको देखिन्छ।

| योजना | लागु हुने समूह | विशेषता |
|---|---|---|
| GPS | १९४८ देखि ३० जुन १९९७ मा नियुक्त भएका गोर्खा सैनिकहरु | १५ वर्ष सेवा लगतै पेन्सन (सबैभन्दा चाँडो ३३ वर्षको उमेरमा),<br>भारतीय सेनाको तलब दरमा गणना |
| AFPS 75 | १ जुलाई १९९७ देखि ५अप्रिल २००५ सम्म नियुक्त भएका वा GPS बाट स्वेच्छाले रुपान्तरण गरेका | अधिकृत तहकालाई १६ वर्ष पछि र अन्य तहको हकमा २२ वर्ष पछि पेन्सन,<br>३ गुणा वार्षिक पेन्सन बराबरको करमुक्त रकम,<br>पेन्सन दर ५५ वर्ष पुगदासम्म स्थिर रहि सो पश्चात बेलायती महँगाइ दर अनुसार वृद्धि हुने |
| AFPS 05 | ६ अप्रिल २००५ पछि नियुक्त भएका वा स्वेच्छाले AFPS 75 बाट रुपान्तरण गरेका | १८ वर्ष सेवा गरेका सबैले पाउने,<br>Early Departure Payment (EDP) ४०-५५ वर्षको उमेरमा,<br>६५ वर्षमा पूर्ण पेन्सन र दोस्रो करमुक्त रकम (३ गुणा वार्षिक पेन्सन),<br>हरेक वर्ष बेलायती महँगाई दर अनुसार वृद्धि हुने |

नोटः गोर्खा सैनिकहरुको सेवा, सुविधा बारे बेलायती रक्षा मन्त्रालयको आधिकारिक वेभसाईटमा उल्लेख भए बमोजिम[६०]

३५. Gorkha Offer to Transfer (GOTT)[६१] अन्तर्गत सन् १९९७, १ जुलाई पछि अवकासप्राप्त गोर्खा सैनिकहरुले आफ्नो पेन्सन GPS बाट AFPS (बेलायती सैनिकहरुको हकमा लागु हुने नीति) मा स्थानान्तरण गर्न सक्ने व्यवस्था रहे मुल्याङ्कन गर्दा उक्त मिति अघि सेवाको सबै सेवा अवधी गणना नगरी केहि अंश मात्र गणना हुने व्यवस्था रहेको देखिन्छ।[६२] जस अन्तर्गत सन् १९९३, १ अक्टोबर भन्दा पहिले ब्रिटिश सशस्त्र बलमा भर्ती भएका र सन् १९९७, १ जुलाईमा वा त्यसपछि अवकास प्राप्त गरेका गोर्खा सैनिकहरूले हङकङमा गरेको

---

[६०]. UK Ministry of Defence. (2025, August 15). *Armed forces pensions*. GOV.UK. https://www.gov.uk/guidance/pensions-and-compensation-for-veterans.

[६१]. Ministry of Defence. (n.d.). *Gurkha Offer to Transfer (GOTT): A guide to making your pension scheme choice for retired Gurkhas who served on or after 1 July 1997* [PDF]. GOV.UK. https://assets.publishing.service.gov.uk/media/5a74d21ee5274a59fa715330/GOTT_Booklet_Retired_Gurkhas.pdf

[६२]. For the years of service before 1st July 1997, the value of the Gurkha Pension rights would be valued actuarially and the whole of that value would be transferred in to the AFPS, as a pension credit. However, for those years before 1st July 1997, as the total value of a year's pension in the GPS at Gurkha pensionable pay, was rather less than the total value of a year's pension in the AFPS at the then rest of the British Army pensionable rates of pay, 100% of its value in the GPS would be considerably less than 100% of the same year in the AFPS for the rest of the British Army. Depending on rank, the value of a year's service in the GPS, and thus of the amount credited in the AFPS, would be equivalent to 23% to 36% of the value of a year's service in the AFPS by a soldier of equivalent rank in the rest of the British Army" ([2008] EWHC 1496 (Admin), para 18)

सेवालाई AFPS पेन्सन योग्य सेवाको लागि २३ प्रतिशत देखि ३६ प्रतिशतको दरमा मात्र मान्यता दिइएको पाईन्छ।[६३] उक्त मुल्याङ्कन दर उनीहरूको पद र सेवा संरचनामा निर्भर रहने गरेको देखिन्छ। जस कारण GPS बाट AFPS मा स्थानान्तरण पश्चात पनि GPS अन्तर्गतको सेवा वापत लगभग उही मात्रामा पेन्सन प्राप्त गर्ने देखिन्छ। सन् १९५५, १९८१, १९९६, १९९९ र २००७ गर्दै विभिन्न समयमा गोर्खा सैनिकको सेवा तथा सुविधा (Gurkha Terms and Conditions of Services, GTACOS)[६४] केहि हदसम्म संशोधन भएको देखिन्छ। सन् २००७ को संशोधन अन्तर्गत हाल कार्यरत रहेका गोर्खा सैनिक, सन् १९९३, १ अक्टोबर, अघि सेवा प्रवेश गरी सन् १९९७, १ जुलाईमा वा त्यस पछि सेवानिवृत्त भएका गोर्खा सैनिक, सन् १९९३, १ अक्टोबर अघि सेवा प्रवेश गरी सन् १९९७, १ जुलाई, अघि सेवानिवृत्त भएका र पेन्सन प्राप्त नगर्ने सेवानिवृत्त भएका गोर्खा सैनिकहरुलाई विभाजन गरी चार प्रकारमा वर्गीकरण गरेको देखिन्छ।[६५] जस अनुसार हाल कार्यरत गोर्खा सैनिकले सन् १९९३, १ अक्टोबर अघि अवकासप्राप्त सैनिकहरु बाहेक बेलायती समकक्ष सरह समान तलब, सेवा, सुविधा प्राप्त गर्ने व्यवस्था रहेको पाईन्छ।[६६] सन् २००७ को Gurkha Offer to Transfer (GOTT) योजना अनुसार सन् १ जुलाई, १९९७ पछि सेवा प्रवेश गरेका गोर्खा सैनिकहरुले Gurkha Pension Scheme अन्तर्गतको संचित सेवालाई Armed Forces Pension Scheme (AFPS) मा परिणत गर्न सकिने प्रावधान रहेको देखिन्छ। यद्वपी उक्त प्रावधान अनुसार सन् १ जुलाई १९९७ पश्चात गरेको प्रत्येक वर्षको सेवा AFPS मा पूरा एक वर्षको रुपमा मानिए पनि सन् १ जुलाई १९९७ भन्दा अघिको सेवा भने पूरा वर्षको रुपमा गणना नगरी पदअनुसार वार्षिक रुपमा ३३ देखि ३६ प्रतिशतसम्म मात्र गणना गरिने व्यवस्था रहेको देखिन्छ।[६७]

---

६३. Ibid.

६४. Ministry of Defence, United Kingdom. (2016, October 1). *Gurkha terms and conditions of service* [PDF]. The British Army. https://www.army.mod.uk/media/6204/20161001-gurkha-tacos-dcos.pdf.

६५. United Kingdom. (2007). *The Armed Forces (Gurkha Pensions) Order 2007* (S.I. 2007/2608). Retrieved from https://www.legislation.gov.uk/uksi/2007/2608/made.

६६. Ibid.

६७. Thurley, D. (2021, November 17). *The campaign for Gurkha pensions* (House of Commons Library Research Briefing No. SN04375). UK Parliament. Retrieved from https://commonslibrary.parliament.uk/research-briefings/sn04375/.

३६. गोर्खा सैनिकहरुको सेवा सुविधाको विषयमा बेलायतको संसदमा भएको छलफलको क्रममा, "तीन तहको न्यायिक पुनरावलोकन तथा सन् २०१८ को युरोपेली मानवअधिकार अदालतबाट भएको फैसला मार्फत Gurkha Pension Scheme को कानूनी आधार पुष्टि भएकोमा नेपालस्थित सेवानिवृत्त गोर्खा सैनिकहरुको हकमा उक्त पेन्सन नीति न्यायोचित नै मान्नुपर्ने साथै बेलायत सरकार गोर्खा सैनिकहरुको योगदानको कदर गर्दै गोर्खा कल्याणकारी कोष (Gurkha Welfare Trust) मार्फत प्रदान गरिने स्वास्थ्यसेवा अनुदानमा वृद्धि गरिएको २४ मिलयन पाउण्डका साथै उक्त अनुदानलाई सन् २०२९ सम्म निरन्तरता दिने भनी बेलायत सरकारले प्रतिबद्धता जनाएको"[६८] भन्ने देखिन्छ। सन् १ अप्रिल, २०२५ बाट लागु हुने गरी गोर्खा सेवानिवृत्ति पेन्सन, गोर्खा सेवा पेन्सन, गोर्खा अपाङ्गता पेन्सन र गोर्खा परिवार पेन्सनका दरमा संशोधन भएको देखिन्छ। जस अनुसार यी दरहरु ६.०५ प्रतिशतले वृद्धि हुने देखिन्छ र उक्त नीति अनुसार उक्त वृद्धि दर नेपाल राष्ट्र बैंकको उपभोक्ता मूल्य सूचांक (consumer price index) मा आधारित रहने देखिन्छ। यस नीतिले यस अघि सन् १ अप्रिल, २०२४ को संशोधन दरलाई प्रतिस्थापित गर्ने देखिन्छ।[६९] सन् २० जुन, २०२५ मा २८ सांसदहरुको हस्ताक्षर सहित Early Day Motion (EDM 1529) मार्फत गोर्खा सैनिकहरु प्रति बेलायत सरकारको नैतिक जिम्मेवारीलाई जोड दिँदै सेवा निवृत भएका गोर्खा सैनिकहरुको जति नै सेवा अवधी रहे पनि AFPS अन्तर्गतको पूर्ण सेवा प्रदान गर्नुपर्ने भनी आह्वान गरेको देखिन्छ।[७०]

३७. यस अतिरिक्त गोर्खा सैनिकहरुको सेवा, सुविधाको सन्दर्भमा नेपाल, बेलायत लगायत अन्तर्राष्ट्रिय अदालतमा विभिन्न मुद्दा तथा निवेदनहरु दायर भएको देखिन्छ। सन् १९९८ मा

---

६८. Niblett, S. (2025, February 4). *Gurkhas: Pensions* (UIN 28865). UK Parliament. https://questions-statements.parliament.uk/written-questions/detail/2025-02-04/28865. (संयुक्त अधिराज्यको संसदीय कार्य सम्बन्धी आधिकारिक अभिलेखमा उल्लेख भए अनुसार बेलायतका लेबर सांसद समान्था निब्लेटले सोधेको प्रश्नमा रक्षा मन्त्रालयबाट आएको लिखित जवाफमा आधारित)

६९. Ibid.

७०. UK Parliament. (2025, June 20). *Early Day Motion 1529: Gurkha pensions* [Written question]. Retrieved from https://questions-statements.parliament.uk/written-questions/detail/2025-02-04/28865.

हरि बहादुर थापाले[७१] बेलायतको न्यायाधीकरणमा सेवा तथा पेन्सनमा भएको विभेद बारे निवेदन दायर गरेकोमा न्यायाधिकरणले निवेदक बेलायती नागरिक भई बेलायती सेनाबाट अवकासप्राप्त गरे तापनि निवेदकले सेवाकालको ८० प्रतिशत सेवा हङकङ, ब्रुनेई तथा बेल्जियममा गरेको हुँदा निवेदकले समकक्ष बेलायती सैनिक सरह सेवा तथा पेन्सन नपाउँने भनी निर्णय गरेको देखिन्छ। हङकङ्ग, ब्रुनेई लगायतका स्थानहरुमा स्वेच्छाले नभई बेलायतद्वारा नै गोर्खा सैनिकहरुलाई खटाईएकोमा सेवास्थान फरक रहेको कारण समान पेन्सन तथा सेवा सुविधा उपलब्ध गर्न नमिल्ने भनी न्यायाधिकरणबाट फैसला भएको भएतापनि उक्त निर्णयमा सरोकारवालाहरुले चित्त बुझाएको देखिँदैन।

३८. त्यस पश्चात सन् २००० मा निवेदक ज्ञान राज राईले सन् १९४७ को त्रिपक्षीय सन्धीमा गोर्खा सैनिकहरुलाई Indian Pay Code अन्तर्गतको तलब भत्ता दिईने भन्ने व्यवस्था विभेदपूर्ण रहेको भनी तत्कालिन सरकार विरुद्ध रिट निवेदन[७२] दायर गरेकोमा सो विषयमा यस अदालतले सम्बन्धित मन्त्रालय तथा संसदीय समितिहरुसँग राय माग गरेको देखिन्छ। प्रत्यर्थी मन्त्रालय तथा सम्बन्धित निकायहरुबाट नेपाल सरकारले उक्त विषयमा कुटनीतिक तहबाट बेलायत सरकारसँग पहल गर्ने क्रममा रहेको र उक्त विषय प्रति बेलायत सरकार सकारात्मक नै रहेको भन्ने प्रतिक्रिया आएको भनी रिट निवेदन खारेज भएको देखिन्छ।

३९. सन् २००२ मा Gurkha Army Ex Servicesmens (GAESO) को तर्फबाट गोर्खा सैनिकहरुले बेलायती सैनिक सरह समान तलब, पेन्सन र सेवाको विषयमा निवेदन दायर भएकोमा अपिल अदालतका न्यायाधीश, J. Sullivan ले समग्र बेन्चको रायलाई सम्बोधन गर्दै, "Although based on Indian Army pension rates, plus an allowance representing Indian Army Welfare benefits, Gurkha pensions are increased in line with the cost of living increase in Nepal, rather than India. Mr Scott, the Deputy of Command Secretary of the HQ Adjutant General (Personnel and Training Command) in the Ministry of Defence explains the practical effect of these arrangements: ...Effectively, this means that Gurkha pensions are set at a double the top rate of the Indian Army and now compare favorably to professional salaries in Nepal. Indeed, the British Embassy in Kathmandu advises us

[७१]. Commission for Racial Equality. (2003, June). *Annual report of the Commission for Racial Equality in Wales: January 1, 2002 to December 31, 2002* (EOC (2) -03-03 Paper 4). St Dunstan's House. ISBN 1 85442 515 3.

[७२]. ज्ञान राज राई विरुद्ध श्री ५ को सरकार मन्त्रीपरिषद्को सचिवालय समेत (२६५१).

that a rifleman with 15 years' service has a higher pension than a bank clerk's salary, and a retired Corporal receives a pension only £3 a month less than the salary of a Royal Nepalese Army Captain… [2003] EWHC 445 (Admin, para 36)...In litigation between the Gurkhas and the Ministry of Defense, there can be no winner. I conclude by expressing the hope that once the parties are freed from the demands of this adversarial litigation, they will be able to resolve their outstanding differences in a spirit of cooperation, rather than conflict."[७३] अर्थात गोर्खा सेनाको तलब तथा सेवा सुविधा भारतीय सेनाको नीतिमा आधारित रहे पनि पेन्सनको वृद्धि दर नेपालको जीवनस्तरको आधारमा वृद्धि हुने र Deputy of Command Secretary of the HQ Adjutant General (Personnel and Training Command) ले सो विषयमा पेश गरेको तर्क उदृत गर्दै भारतीय सेनाको तुलनामा गोर्खा सेनाको पेन्सन दोब्बर रहेको र नेपालमा विभिन्न पेशामा उच्च तहमा कार्यरत पदाधिकारीहरुको तुलनामा समेत गोर्खा सेनाले पाउने पेन्सन बढि नै रहेको कुरालाई ईङ्गित गरी निवेदनको विषय अदालतद्वारा भन्दा पनि पक्षहरुको आपसी सहमतिमा निरुपण गरिनुपर्ने भन्ने निर्णय दिएको देखिन्छ। उक्त निवेदनमा उच्च अदालतको समेत सोहि किसिमको राय रहेको देखिन्छ। सामान्यतया, कुनै पनि व्यक्तिको पदीय सेवासुविधा निर्धारणको प्रमुख मापदण्ड व्यक्तिगत जीवनस्तर, आर्थिक स्थिति वा सामाजिक प्रष्ठभूमिमा नभई कार्य-जिम्मेवारी, योगदान र दक्षतामा आधारित हुनुपर्दछ। समान जिम्मेवारी र कार्यभार वहन गर्ने पदाधिकारीहरु बीच केवल जीवनस्तर र देशको आर्थिक अवस्थाको आधारमा फरक व्यवहार गर्ने कार्य समान पारिश्रमिक पाउनुपर्ने सर्वमान्य आधारभूत न्यायिक सिद्धान्त (basic principle of justice) तथा अन्तराष्ट्रीय कानूनहरुको रोहमा समेत विचारणीय देखिन्छ।[७४] बेलायतद्वारा हस्ताक्षर भई अनुमोदन[७५] भएको International Covenant on Economic Social and Cultural

[७३]. Purja & Others, R (on the application of) v. Ministry of Defence, [2003] EWHC 445 (Admin). Royal Courts of Justice, Strand, London.

[७४]. International Labour Organization. (1951). Equal Remuneration Convention (No. 100). Geneva: Author. Retrieved from https://www.ilo.org/dyn/normlex/en/f?p=NORMLEXPUB:12100:0::NO::P12100_INSTRUMENT_ID:312245., International Labour Organization. (1958). Discrimination (Employment and Occupation) Convention (No. 111). Geneva: Author. Retrieved from https://www.ilo.org/dyn/normlex/en/f?p=NORMLEXPUB:12100:0::NO::P12100_INSTRUMENT_ID:312256.

[७५]. Office of the High Commissioner for Human Rights. (n.d.). *Indicators*. Retrieved June 25, 2024, from https://indicators.ohchr.org/.

Rights अन्तर्गतको समान कामको लागि बिना भेदभाव समान तलब प्रदान गर्नुपर्ने[७६] भन्ने अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको व्यवस्थाको आलोकमा समेत गोर्खा सैनिकको पेन्सन निर्णय समानताको सिद्धान्त अनुकुल रहेको देखिँदैन।

४०. सन् २००८ मा K. Shrestha, K. Purja र S.Gurung द्वारा सन् १९९७, १ जुलाई अघि र पछि सेवानिवृत्त भएका गोर्खा सेनाहरुको हकमा भिन्न भिन्न पेन्सन नीति लागु हुनु भनेको युरोपेली मानवअधिकार महासन्धी को धारा १४[७७] र उक्त सन्धीको प्रोटोकोल १ को धारा १[७८] विपरित रही उक्त व्यवस्था उमेरको आधारमा विभेदपूर्ण भएको भनी निवेदन दायर भएकोमा बेलायतको उच्च अदालतले, "The GOTT did not affect any existing entitlement to the GPS, nor prevent…choosing to transfer into the AFPS,…the decision in GOTT, and the order which gave effect to it, as reasonable and lawful. They apply to this part of the claim as well and show that the dates chosen for the change to Year for Year transfer from actuarial valuation are reasonable, and that the difference which that creates is justified. A line was drawn; that was in itself reasonable, and the particular dates chosen for its drawing are reasonable too. The difference reflects not age in reality but the number of years of service based in the Far East or in the UK. If there was indirect discrimination on the grounds of age or "other status", it was justified and proportionate. This claim is accordingly dismissed ([2008] EWHC 1496 (Admin), para 67, 77 and 78)"[७९] अर्थात GOTT ले GPS तथा GPS बाट AFPS मा स्थानातरण हुने गोर्खा सैनिकहरुको सेवा तथा शर्तहरुमा कुनै असर नपर्ने र निश्चित मिति अघि वा पछि सेवानिवृत्त हुनेका लागि भिन्न-भिन्न पेन्सनको व्यवस्था गरिनु तार्किक र न्यायोचित भई उक्त व्यवस्था उमेरको आधारमा विभेद नभई सेवा कालमा आधारित हुने भनी उक्त निवेदन खारेज गरेको देखिन्छ।

---

७६ International Covenant on Economic, Social and Cultural Rights, Article 7, "(a)(i) Fair wages and equal remuneration for work of equal value without distinction of any kind, in particular women being guaranteed conditions of work not inferior to those enjoyed by men, with equal pay for equal work;…(c) Equal opportunity for everyone to be promoted in his employment to an appropriate higher level, subject to no considerations other than those of seniority and competence".

७७: European Convention on Human Rights, Article 14, "The enjoyment of the rights and freedoms set forth in this Convention shall be secured without discrimination on any ground such as sex, race, color, language, religion, political or other opinion, national or social origin, association with a national minority, property, birth or other status."

७८. Protocol to the Convention for the Protection of Human Rights and Fundamental Freedoms, Article 1, "Every natural or legal person is entitled to the peaceful enjoyment of his possessions. No one shall be deprived of his possessions except in the public interest and subject to the conditions provided for law and by the general principles of international law…"

७९. Gurung and Others v. Secretary of State for the Home Department and Others, [2008] EWHC 1496 (Admin). Royal Courts of Justice, Strand, London.

४१. British Gurkha Welfare Society द्वारा सन् ८ मार्च, २००७ मा कार्यान्वयन भएको पेन्सन नीति बारे दायर भएको निवेदनमा बेलायतको उच्च अदालतले, "The main reason that the MoD would not have agreed to give GOTT to all retired Gurkhas, rather than only those who retired on or after 1 July 1997, is because the cost would have been too great. A pre-1 July 1997 retiree would, of course, have been better off only if the terms of the GOTT had been improved to value all their services as equivalent to AFPS. This offer would then have had to be extended to the serving brigade for their service before 1 July 1997. The cost of giving year-for-year to the eligible group of all their services would have been increased from around £150m to £320m...([2010] EWHC 3 (Admin), para 13)"[८०] अर्थात रक्षा मन्त्रालयद्धारा सन् १ जुलाई, १९९७ अघि र पछि सेवानिवृत्त भएका सबै गोर्खा सैनिकहरुको हकमा GOTT लागु गर्ने व्यवस्थाको आलोचना गर्दै उक्त व्यवस्था आर्थिक दृष्टिकोणबाट निकै खर्चिलो भएको भनी सन् १ जुलाई, १९९७ अघि सेवानिवृत्त भएका गोर्खा सैनिकको केहि सेवा अवधी मात्र गणना नगरी सबै सेवा अवधी गणना गर्ने गरी GOTT मा व्यवस्था भए उचित हुने भन्ने राय समेत व्यक्त गरी उक्त निवेदन खारेज गरेको देखिन्छ भने उक्त निर्णयमा चित्त नबुझाई निवेदकद्धारा पुनरावोकनको निवेदन दायर भएकोमा Court of Appeal Civil Division ले उच्च अदालतको उक्त निर्णयलाई सदर गरेको देखिन्छ।

४२. सन् सेप्टेम्बर ३०, २००८ मा R v. Secretary of State for the Home Department[८१] को मुद्दामा बेलायतको उच्च अदालतले सन् १ जुलाई, १९९७ पश्चात सेवानिवृत्त भएका गोर्खा सैनिकहरुको हकमा लागु गरिएको मापदण्ड बारे, "The Home Office will doubtless wish to consult with the MoD, but if Home Office policy to discharged veterans does not impede military effectiveness, and there are no international law or foreign policy constraints, it is difficult to see why the MoD should not itself welcome clarity and the honoring of a ***historic debt.*** The court is conscious that at the heart of military life and the sacrifices that soldiers make in the discharge of their duties is the Military Covenant. This reads: 'Soldiers will be called upon to make personal sacrifices-including the ultimate sacrifice-in the service of the Nation. In putting the needs of the Nation and the Army before their

---

८०. British Gurkha Welfare Society & Others v Ministry of Defence, [2010] EWHC 3 (Admin). Royal Courts of Justice, Strand, London. https://www.bailii.org/ew/cases/EWHC/Admin/2010/3.html.

८१. Limbu & Ors, R (on the application of) v Secretary of State for the Home Department & Ors [2008] EWHC 2261 (Admin) (30 September 2008)

own, they forego some of the rights enjoyed by those outside the Armed Forces. In return, British Soldiers must be able to always expect fair treatment, to be valued and respected as individuals, and that they (and their families) will be sustained and rewarded by commensurate terms and conditions of service.' Rewarding long and distinguished service by the grant of residence in the country for which the service was performed would, in my judgment, be a vindication and an enhancement of this covenant." अर्थात सैनिकहरुले राष्ट्र र सेनाको आवश्यकतालाई सर्वोपरी राखी कतिपय अवस्थामा सामान्य नागरिकले उपभोग गर्ने व्यक्तिगत अधिकारहरुसमेत त्यागी राष्ट्रको सेवामा अन्तिम बलिदान समेत गर्दछन्। यसको बदलामा बेलायती सैनिकहरुले न्यायोचित व्यवहार, मूल्यवान व्यक्तिको रुपमा सम्मानित हुने र उनीहरु तथा उनीहरुको परिवारलाई सेवाका शर्तहरु अनुरुप उचित सेवा र सुविधा प्रदान गरिने कुरामा विश्वस्त हुन पाउनुपर्छ भनी सैन्य प्रतिज्ञापत्रलाई उद्दृत गर्दै यदि अवकाशप्राप्त सैनिकहरूका लागि गृह मन्त्रालयको नीतिले सैन्य प्रभावकारितामा बाधा नपुऱ्याई कुनै अन्तर्राष्ट्रिय कानून वा विदेश नीतिका अवरोधहरू नरहेको अवस्थामा गोर्खा सैनिकहरु सम्बन्धि अप्रवासी नीतिमा स्पष्टता ल्याई गोर्खा सैनिकहरुले लामो समय व्यतित गरी सेवा गरेको देशमा नै बसोबास गर्ने व्यवस्था गर्नु सैन्य प्रतिज्ञापत्रको बाचाको संवर्द्धन तथा गोर्खा सैनिकहरु प्रति बेलायत सरकारको ***ऐतिहासिक ऋण (historic debt)*** को सम्मान हुनेछ भनी अवकासप्राप्त गोर्खा सैनिकहरु बेलायतमा बसोबास गर्न पाउने पक्षमा निर्णय गरेको देखिन्छ।

४३. उक्त निर्णय पश्चात सन् २१ मे, २००९ मा बेलायत सरकारले सन् १९४८ देखि १९९७ सम्म भारत बेलायतबाट उपनिवेशमुक्त (decolonize) हुने क्रममा चार वर्ष वा सो भन्दा बढी सेवा गरेका गोर्खा सैनिकहरुलाई बेलायतमा बस्न अनुमति दिने व्यवस्था गरेको देखिन्छ।[८२] उक्त निर्णयलाई वर्षौं सम्म संघर्ष गरिरहेका गोर्खा सैनिकहरुको हकमा एक असल सुरुवातको रुपमा लिन सकिन्छ। त्यसैगरी बेलायत सरकारले ७ मार्च २०१९ मा पूर्व गोर्खाहरुले पाउने पेन्सन, १० देखि ३४ प्रतिशतले वृद्धि गरेको र नेपालमा रहेका पूर्व गोर्खाको स्वास्थ्य सुविधाका लागि गोर्खा कल्याणकारी कोषसँगको समन्वयमा आगामी दश

---

[८२]. British Gurkha Welfare Society and Others v. the United Kingdom, no. 44818/11, European Court of Human Rights (ECHR), 15 September 2015. https://hudoc.echr.coe.int/eng?i=001-166691.

वर्षमा थप दुई करोड पचास लाख पाउण्ड खर्च गरिने व्यवस्था गरको देखिन्छ।[८३] गोर्खा सैनिकहरुको ऐतिहासिक योगदानको सराहना गर्दै बेलायत सरकारले अवलम्बन गरेको यो पहल स्वागतयोग्य देखिन्छ।

४४. त्रिपक्षीय सम्झौता पश्चात गोर्खा सैनिकहरुको विषयमा नेपाल र बेलायत बीच थप सम्झौता भएको देखिँदैन। यस अवस्थामा उक्त सम्झौतालाई नै मुलभूत कानून मान्नुपर्ने देखिन्छ। उक्त सम्झौता रुपमा सम्झौता जस्तो देखिएता पनि यसका सार तत्वहरु दुई पक्षीय संधिजन्य दायित्व सृजना हुने प्रकृतिका देखिन्छन्। गोर्खा सैनिकको तलब, सेवा, सुविधाहरु बेलायती कानून अर्थात राष्ट्रिय कानूनले निर्धारण गरेको देखिन्छ। त्रिपक्षीय सम्झौता हुनु अगावै सन् १९४७, मे १ मा तीन राष्ट्र बीच भएको छलफलमा नेपाल सरकारले, "If the terms and conditions at the final stage do not prove detrimental to interests or dignity of the Nepalese Government, my Government will be happy to maintain connections with both armies, provided men of the Gurkha regiments are willing so to serve (if they will not be looked upon as distinctly mercenary)."[८४] अर्थात यदि अन्तिम चरणका प्रस्तावित शर्तहरुले नेपाल सरकारको हित वा मर्यादामा नोक्सान नपुऱ्याउने र गोर्खा सैनिकहरु इच्छुक भई उनीहरुलाई अन्य बेलायती सैनिक सरह व्यवहार गरे नेपाल सरकारले गोर्खा सैनिकहरु दुई देशमा कार्यरत हुने कुरामा समन्वय गर्न तत्पर रहने अभिव्यक्ति व्यक्त गरेको देखिन्छ। सोहि अनुरुप गोर्खा सैनिकहरुलाई बेलायती सेनाका समकक्ष सरह समान तलब, भत्ता तथा सुविधाहरु उपलब्ध गर्ने[८५] भन्ने त्रिपक्षीय सम्झौतामा व्यवस्था रहेको देखिन्छ। यस अतिरिक्त त्रिपक्षीय सम्झौतामा गोर्खा रेजिमेन्टका सैनिकहरुलाई वैकल्पिक सेना (mercenary) होईनन्।[८६] अर्थात गोर्खा रेजिमेन्टका सेनालाई बेलायती सेना सरह नै रहेको भनी उल्लेख भएको देखिन्छ। "रेस रिलेसन एक्ट, १९७६" अनुसार बेलायतमा कार्यरत रहेका कुनै पनि कर्मचारीलाई रोजगारका शर्तहरु, पदोन्नति, सरुवा वा तालिममा अवसरहरु वा अन्य कुनै

---

८३. Ministry of Defence & Lancaster, M. (2019, March 7). *Enhanced package of support for Gurkha veterans*. GOV.UK. https://www.gov.uk/government/news/enhanced-package-of-support-for-gurkha-veterans.

८४. The Tripartite Agreement Memorandum of Agreement, Section A, Part 1(1).

८५. Tripartite Agreements after Partition to Retain Gurkha Services in British and Indian Army-1947, Annexure-III.

८६. Tripartite Agreements after Partition to Retain Gurkha Services in British and Indian Army-1947, Memorandum of Agreement, Article I, "….they will not be looked upon as distinctly mercenary"

सुविधा वा लाभहरुको पहुँच लगायतका कुनै माध्यमबाट विभेद गर्न नहुने भन्ने व्यवस्था रहेको[८७] देखिन्छ। त्रिपक्षीय सम्झौतामा, "In all matters of promotion, welfare and other facilities the Gurkha troops should be treated on the same footing as the other unites in the parent army so that the stigma of 'mercenary troops' may for all time be wiped out"[८८] अर्थात गोर्खा सैनिकहरु "भाडाका सिपाही" को रुपमा कलंकित नहुन भन्ने उद्देश्यले पदोन्नति, सेवा कल्याण र अन्य सेवा सुविधाको मामिलामा गोर्खा सैनिकहरुलाई मुल सेनाका अन्य इकाइहरु सरह नै समान आधारमा व्यवहार गरिनुपर्छ भन्ने व्यवस्था रहेको देखिन्छ। यद्वपी सम्झोतामा, "...subject to the limitations of finance and supply, welfare facilities would be provided for Gurkha troops on similar lines to those provided to British (United Kingdom) troops..the United Kingdom Government in no way regarded Gurkha troops as mercernaries..."[८९] अर्थात **आर्थिक तथा आपूर्ति सम्बन्धी सीमितताहरुको अधिनमा** गोर्खा सैनिकहरुको सेवा कल्याण तथा अन्य सेवा सुविधा बेलायत (संयुक्त अधिराज्य) का समकक्ष सैनिकहरु सरह हुने...संयुक्त अधिराज्य सरकारले गोर्खा सैनिकहरुलाई कुनै पनि अवस्थामा भाडाको सैनिकको रुपमा व्यवहार नगर्ने भनी उल्लेख भएको देखिन्छ। यद्वपी **"आर्थिक तथा आपूर्ति सम्बन्धी सीमितताहरुको अधिनमा"** भन्ने वाक्यांशले गोर्खा सैनिकहरुको सेवा सुविधालाई वित्तीय श्रोत र आपूर्तिको सर्तमा निर्भर बनाएको देखिन्छ। यसका साथै सम्झौतामा, "...the basic rates of pay admissible to Gurkha Officers and soldiers serving HM Government shall approximate to those laid down in the present Indian Pay Code..." अर्थात गोर्खा सैनिकहरुलाई प्रदान गरिने तलब भत्ता दर भारतीय तलब संहिता अनुरुप निर्धारित हुने भन्ने व्यवस्था सम्झौताको अघिल्लो **व्यवस्था गोर्खा सैनिकहरुलाई बेलायती समकक्ष सैनिकहरु सरह तलब भत्ता प्रदान गरिने** भन्ने

---

८७. Race Relations Act, 1976, Part II, 4 Discrimination against applicants and employees, (2) It is unlawful for a person, in the case of a person employed by him at an establishment in Great Britain, to discriminate against that employee-(a) in the terms of employment which he affords him; or (b) in the way he affords him access to opportunities for promotion, transfer or training, or to any other benefits, facilities or services, or by refusing or deliberately omitting to afford him access to them; or (c) by dismissing him, or subjecting him to any other detriment"

८८. Tripartite Agreement, 1947, Annexure III, Section G, Article 1.

८९. Tripartite Agreement 1947, Annexure III, Section H.

व्यवस्था अनुकुल नभई गोर्खा सैनिकहरुको सेवा, सुविधा र अधिकारमा असमानता उत्पन्न हुने सम्भावना रहन्छ।

४५. बेलायती कानूनी परम्परामा म्याग्ना कार्टा (Magna Carta, 1215) ले "समान कानूनी सुरक्षा र न्याय" को मुल सिद्धान्त स्थापित गरेको देखिन्छ भने सोहिको अनुसरण गर्दै बेलायती Human Rights Act, 1998 ले सबै कर्मचारीहरु बीच समान व्यवहार, सम्मान र सुविधा सुनिश्चित गरेको देखिन्छ। यस अतिरिक्त बेलायतद्वारा विभिन्न मानव अधिकारका सन्धी सम्झौताहरु अनुमोदन भएको देखिन्छ।[९०] बेलायत पक्ष रहेको International Convention on the Elimination of All Forms of Racial Discrimination, 1965 ले, "The rights to work, to free choice of employment, to just and favorable conditions of work, to protection against unemployment, to equal pay for equal work, to just and favorable remuneration;"[९१] अर्थात प्रत्येक व्यक्तिलाई काम गर्ने अधिकार, रोजाईअनुसार रोजगार प्राप्त गर्ने स्वतन्त्रता, न्यायोचित तथा अनुकूल काम गर्ने अवस्थाको अधिकार, बेरोजगारीबाट संरक्षण प्राप्त गर्ने अधिकार, समान कामका लागि समान पारिश्रमिक प्राप्त गर्ने अधिकार, साथै गरिएको कार्य अनुसार न्यायोचित र सम्मानजनक पारिश्रमिक प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको देखिन्छ। त्यसैगरी International Covenant on Economic, Social and Cultural Rights, 1966 मा पक्ष राष्ट्रले, "Fair wages and equal remuneration for work of equal value without distinction of any kind, in particular women being guaranteed conditions of work not inferior to those enjoyed by mean, with equal pay for equal work"[९२] अर्थात समान मूल्यको कामका लागि न्यायसंगत पारिश्रमिक र समान ज्याला, कुनै पनि आधारमा विशेषतः महिलालाई पुरुष बीचमा भेदभाव नगरी समान कामको लागि समान पारिश्रमिकको सुनिश्चितता गर्नुपर्ने व्यवस्था रहेको देखिन्छ। यसरी त्रिपक्षीय सम्झौतामा गोर्खा सैनिकहरुलाई स्पष्ट रुपमा "भाडाको सिपाही" होईनन् भनी उल्लेख हुनुका साथै ऐतिहासिक रुपमा मानव अधिकार कानूनको अग्रपङ्तिमा रहि यसलाई विश्वभर प्रवर्द्धन गर्ने राष्ट्रको रुपमा परिचित रहेको परिप्रेक्ष्यमा

[९०]. Office of the United Nations High Commissioner for Human Rights. (n.d.). *Human rights indicators dashboard*. OHCHR. Retrieved June 26, 2025, from https://indicators.ohchr.org/.

[९१]. International Convention on Elimination of All Forms of Racial Discrimination, 1965, Article 5(e)(i).

[९२]. International Covenant on Economic, Social and Cultural Rights, 1966, Article 7(a)(i).

समेत बेलायतले भूतपूर्व गोर्खा सैनिकहरुलाई समकक्ष बेलायती सैनिकहरु सरह समान सेवा सुविधा सुनिश्चित गर्नु उपयुक्त देखिन्छ।

४६. राज्य वा निकायले विगतमा भएका अधिकार उल्लङ्घनको तथ्यलाई औपचारिक रुपमा पहिचान गरी नैतिक जिम्मेवारी (acknowledgement)[९३] र भविष्यमा त्यस्ता घटना पुनः नदोहोरिन राज्यले संस्थागत, कानूनी वा नीतिगत उपाय अवलम्बन गर्ने प्रतिवद्धता (assurance of non-repitition)[९४] गर्नुपर्ने भनी उल्लेख भएको देखिन्छ। यद्यपी यस सिद्धान्तलाई गोर्खा सैनिकको परिप्रेक्ष्यमा मुल्याङ्कन गर्दा ऐतिहासिक, कुटनीतिक तथा व्यवहारिक यथार्थलाई समग्रमा विचार गर्नु आवश्यक देखिन्छ। बेलायतले नेपाल, नेपाली जनता, गोर्खा सैनिक तथा नेपालको सार्वभौम सत्ताको संरक्षण र सम्मानका लागि लामो समयदेखि निरन्तर योगदान पुऱ्याउँदै आएको तथ्य अस्वीकार गर्न सकिँदैन। गोर्खा सैनिकहरुको साहस, निष्ठा र पेशागत उत्कृष्टतालाइ बेलायती राज्य संयन्त्रले औपचारिक रुपमा स्वीकार गर्दै गोर्खा सैनिकहरुको कल्याण, सम्मान र पुनर्वासका लागि विभिन्न नीतिगत तथा संस्थागत व्यवस्था अवलम्बन गरेको देखिन्छ। यस परिप्रेक्ष्यमा गोर्खा सैनिकसम्बन्धी विषयलाई केवल अधिकार उल्लङ्घनको संकुचित दृष्टिकोणबाट मात्र नकारात्मक रुपमा प्रष्ट्याउनु पूर्ण रुपमा न्यायोचित देखिंदैन। विद्यमान चुनौतिहरुलाई स्वीकार गर्दै बेलायतले समयक्रममा देखाएको सुधारोन्मुख दृष्टिकोण, नैतिक उत्तरदायित्वको भावना र भविष्यमा असमानता न्यूनिकरण गर्ने प्रयत्नलाई सकरात्मक रुपमा मुल्याङ्कन गर्नु अन्तर्राष्ट्रिय कानूनको आशय अनुकुल देखिन्छ।

४७. सन् १ जुलाई, १९९७ र उक्त मिति पश्चात अवकासप्राप्त गोर्खा सैनिकहरु गरी मुख्यतया दुई प्रकारमा विभाजन भएको देखिन्छ। सन् १ जुलाई, १९९७ मा हङकङ्ग बेलायतको औपनिवेसबाट स्वतन्त्र भएसँगै हङकङ्ग स्थित गोर्खा रेजिमेन्ट बेलायत स्थानातरण भएकोले

---

[९३]. State Responsibility of Internationally Wrongful Acts, 2001, Article 37(2), :"Satisfaction may consist in an acknowledgement of the breach, an expression of regret, a formal apology or another appropriate modality."

[९४] State Responsibility of Internationally Wrongful Acts, 2001, Article 30, "The State responsible for the internationally wrongful act is under an obligation: (a) to cease that act, if it is continuing; (ii) to offer appropriate assurances and guarantees of to prevent future breaches, offering a "positive reinforcement of future performance".

उक्त मिति अघि अवकासप्राप्त गोर्खा सैनिकहरुको हकमा बेलायती सेना सरह आप्रवास नीति नभई भिन्न आप्रवासी नीति तथा सेवा शर्तहरु लागु हुने बेलायत सरकारको तर्क रहेको देखिन्छ। जीवनकालको उर्जाशील समय व्यतित गरी बेलायत सरकार प्रति बफादार रही युद्ध मैदानमा खटिएका गोर्खा सैनिकहरुको वर्षौंको सेवा वापत उनीहरुको वास्तविक अधिकार बमोजिमको सेवा सुविधा प्रदान गरेमा मात्र ती सैनिक तथा उनीहरुको परिवारलाई वास्तवमा न्यायपुर्ण परिपुरण (justifiable reparation) को अनुभूति हुने देखिन्छ।

४८. पुस्तौं पुस्ता गोर्खा सैनिकमा कार्यरत रहि आएका कैयौं परिवारहरु समेत रहेका छन्। यी परिवारहरुका निम्ति गोर्खा रेजिमेन्टमा सेवा गर्नु केवल पेशा मात्र नभई वंशगत पहिचानको रुपमा स्थापित भएको देखिन्छ। यो पहिचान युद्धभूमिमा रहेका सैनिकहरुमा मात्र सिमित नभई दशकौंसम्म मानसिक र सामाजिक जीवनलाई आकार दिने कारकको रुपमा लिन सकिन्छ। समाजशास्त्री Kai Erikson को collective trauma theory अनुसार युद्ध, प्राकृतिक प्रकोप वा सामाजिक अन्याय जस्ता घटनाले समुदायको आधारभूत जीवन संरचना र सम्बन्धलाई क्षतिग्रस्त बनाई त्यसले व्यक्तिगत रुपमा मात्र नभई सामुदायिक बन्धन, साझा पहिचान र सामाजिक व्यवहारमा दीर्घकालीन असर पुर्याउँदछ। Erikson ले यसलाई, "trauma not just as an individual pathology but as a disruption to social fabric"[९५] भनी परिभाषित गरेका छन्। जस अनुसार आघात (trauma) को असर व्यक्तिको परिवार र भविष्यका पुस्ताहरुमा पनि हस्तान्तरण हुने र यसले सामाजमा पुस्तान्तरणात्मक (intergenerational) प्रभाव सिर्जना गर्ने भनी व्याख्या गरेको देखिन्छ। गोर्खा सैनिकहरुको समस्या समाधानको सन्दर्भमा उल्लिखित धारणा गहनयोग्य देखिन्छ। तसर्थ गोर्खा सैनिकहरुको लागि आर्थिक क्षतिपूर्तिका साथै पुस्तान्तरगत न्याय (generational justice) सुनिश्चित गर्नु औचित्यपूर्ण देखिन्छ।

४९. सन् जुलाई १, १९९७ अघि अवकासप्राप्त गोर्खा सैनिकहरुको हकमा लागु हुने सेवा सुविधामा विभेदको विषयमा रहेको प्रस्तुत रिट निवेदन केवल गोर्खा सैनिकहरुको निवृत्तिभरण

---

९५. Erikson, K. (1976). Everything in its path: Destruction of community in the Buffalo Creek flood. New York, NY: Simon & Schuster.

(पेन्सन) सुविधा, तलब र बढुवाका अवसरहरूमा हुने असमानताहरूमा मात्र नभई न्याय, भेदभाव, नेपाल र नेपाली नागरिकहरूको सार्वभौम अधिकारका आधारभूत सिद्धान्तहरुसँग समेत सम्बन्धीत रहेको देखिन्छ। त्रिपक्षीय सम्झौताले बेलायती सेनामा नेपाली नागरिकको नियुक्तिको एक ढाँचा प्रदान गरे तापनि असमान शक्ति सम्बन्धको कारणले यस सम्झौताका शर्तहरु गोर्खा सैनिकहरूको हित र कल्याणको पर्याप्त सुरक्षा गर्न नसकेको तथ्यलाई नकार्न सकिँदैन। औपनिवेशिक युगका सम्झौताहरूको ऐतिहासिक सन्दर्भले अन्यायपूर्ण अभ्यासहरु निम्त्याउनु हुँदैन।

५०. बेलायतमा गोर्खा र नेपाल प्रति एक विशेष स्थान रहेकोमा विवाद छैन। जसका उदाहरणहरु बेलायतद्वारा गोर्खा सैनिकहरुको हकमा भएका सकरात्मक पहलहरुबाट देख्न सकिन्छ। यसलाई नेपाल-बेलायत बीचको सदियौको जीवन्त र प्रगाढ सम्बन्धको द्योत्तकको रुपमा लिन सकिन्छ। यसै सम्बन्धलाई कायम राख्दै बेलायत सरकारले नेपाल सरकारसँग स्वास्थ्य, शिक्षा, पूर्वाधार, महिला सशक्तिकरण र स्थानीय शासन क्षमता निर्माण लगायतका क्षेत्रहरुमा सहकार्य गर्दै आएको देखिन्छ। बेलायत सरकारले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँगको सहकार्यमा Nepal Health Sector Programme 3 (NHSP3)[९६] संचालन गरेको छ। जसको मुल उद्देश्य पहुँचयोग्य गुणस्तर स्वास्थ्य सेवा सुनिश्चित गर्नु रहेको देखिन्छ। Local Infrastructure Support Programme (LISP)[९७] अन्तर्गत बेलायत सरकारले नेपाल सरकारसँग करिब नब्बे मिलियन पाउण्ड बराबरको सहयोग गर्ने सम्झौता गरेको देखिन्छ। त्यसैगरी जलवायु संकट, आर्थिक रुपान्तरण, महिला-केन्द्रित शिक्षा तथा स्वास्थ्य सेवालाई लक्षित गरी बेलायत सरकारले सन् २०२४ मा नेपालका लागि चार सय मिलियन पाउण्ड बराबरको विकास योजनाको घोषणा गरेको देखिन्छ।[९८] यस अतिरिक्त

---

९६. UK Aid. (2021). UK Aid support to health sector in Nepal: Nepal health sector programme 3 [Web page]. https://www.nhssp.org.np/?utm_source=chatgpt.com.

९७. Ministry of Finance, Nepal & British Embassy Kathmandu. (2023, March 16). Press Release: Memorandum of Understanding for the Local Infrastructure Support Programme (LISP). https://demo.mof.gov.np/uploads/news/file/1678956786_Press%20Release%20of%20LISP_20230316_0001.pdf.

९८. Foreign, Commonwealth & Development Office. (2024, February 20). Minister for Development launches new UK-Nepal development portfolio. GOV.UK. https://www.gov.uk/government/news/minister-for-development-launches-new-uk-nepal-development-portfolio?utm_source=chatgpt.com.

बेलायती परिषद (British Council) ले नेपालमा संचालन गर्दै आएको International Skills Partnership Nepal [९९] कार्यक्रम मार्फत कौशल विकास, व्यवसायिक तथा प्राविधिक शिक्षा (Technical and Vocational Education and Training) मा सूधार गर्दै बेलायती निकायहरुसँगको सहकार्यमा नयाँ सिप विकास मोडल लागु गर्दै आएको देखिन्छ। बेलायत सरकारको सहकार्यमा भए गरेका यी योजनाहरुले गोर्खा सैनिकहरुले भोग्नु परेको ऐतिहासिक असमानतालाई सम्बोधन गरी पुस्तान्तरगत विकास, सामाजिक न्याय र नेपाल-बेलायत बीचको दिर्घकालीन द्विपक्षीय सदभावलाई पनि प्रवर्द्धन गर्न मद्दत पुर्‍याउदछ। यसले गोर्खा सैनिकहरुको परिवारहरुको जीवनस्तर मात्र नभई ऐतिहसिक दृष्टिले उनीहरुको योगदानको कदर समेत हुने देखिन्छ। यस अतिरिक्त यस्ता विकासका पहलहरुले केवल आर्थिक लाभ मात्र नभई वास्तविक रुपमा सामाजिक र सांस्कृतिक न्यायको अनुभूति समेत हुने देखिन्छ।

५१. गोर्खा भर्तीका समस्याहरुलाई सम्बोधन गर्दै प्रतिनिधि सभाले विभिन्न प्रतिवेदनहरुमा नेपाल सरकारलाई सुझावहरु दिएको देखिन्छ। २०५५ सालमा गोर्खा भर्ती बारे प्रतिनिधिसभा परराष्ट्र सम्बन्ध तथा मानव अधिकार समितिको प्रतिवेदनमा भूतपूर्व ब्रिटिस गोर्खा सैनिकहरुको समस्या सम्बन्धमा उल्लेख भएको देखिन्छ। उक्त प्रतिवेदनमा सन् १९४७, नोभेम्बर ७ को द्विपक्षीय सन्धिले नेपाल बाँधिने कुरा न्यायोचित नहुने, ब्रुनाई र सिंगापुरमा रहेको गोर्खा बटालियनको हैसियतको सम्बन्धमा प्रष्टता प्राप्त गर्नुपर्ने, गोर्खा सैनिकहरुको तलब, भत्ता र सुविधाहरुमा समान व्यवस्था गर्नको लागि बेलायती सरकारसँग वार्ताको लागि पहल गर्ने, प्रथम र द्वितीय विश्वयुद्धमा ज्यान गुमाएका गोर्खाली सैनिकहरुको लगत यकिन गरी युद्धमा मारिएका सैनिकहरुको परिवारलाई बेलायत सरकारका नियम, कानून तथा मापदण्ड बमोजिम क्षतिपूर्ति दिलाउने व्यवस्था गर्न पहल गर्ने, सन् १९६८ मा १० हजार सैनिकहरुलाई कटौती योजना अन्तर्गत बिना पेन्सन पठाएकोले कटौतीमा पारिएका सैनिकहरुलाई पेन्सनको व्यवस्था गर्न पहल गर्ने, सन् १९४७ को त्रिपक्षीय सम्झौता वर्तमान अवस्थामा समसामयिक

---

९९. British Council. (n.d.). International Skills Partnership in Nepal. British Council. https://www.britishcouncil.org/education/skills-employability/programme/going-global-partnerships-tvet/international-skills-partnership-nepal?utm_source=chatgpt.com.

परिस्थिति सुहाँउदो हुने गरी सुधार गर्ने, नवीकरण गर्ने या आवश्यकतानुसार दुईपक्षीय सहमतिद्वारा संशोधन गर्ने लगायतका सुझावहरु दिईएको देखिन्छ।

५२. त्यसैगरी प्रतिनिधि सभाको अन्तर्राष्ट्रिय सम्बन्ध समितिले गोर्खा भर्तीका समस्या समाधानको विषयमा २०७५ सालमा तयार पारेको प्रतिवेदनमा पहिलो दोस्रो विश्वयुद्धमा मारिएका, हराएका एवं घाईते भएका गोर्खा सैनिकहरुको तथ्याङ्क तयार गरी पीडित र पीडितका परिवारहरुलाई क्षतिको अनुपातमा क्षतिपूर्ति उपलब्ध गराउन बेलायत सरकारसँग पहल गर्ने, गोर्खा भर्ती सुरु भए देखि हालसम्म लगभग आठ लाख युवाले ब्रिटिस सेनामा सेवा गरेको विज्ञहरुको भनाई रहेको हुँदा यसबाट प्रभावित हुन गएको जनसंख्या बारे आवश्यक परिपुरणको व्यवस्था गर्न ब्रिटिस सरकारसँग आवश्यक वार्ता गर्ने, नेपाल सरकारको तर्फबाट ब्रिटिस सरकारसँग वार्ता गर्न परराष्ट्र मन्त्रीको नेतृत्वमा प्रतिनिधि सभा, अन्तर्राष्ट्रिय सम्बन्ध समितिका सदस्यहरु, भूतपूर्व गोर्खाका प्रतिनिधिहरु एवं सम्बन्धित विषयका विज्ञहरु समेत रहने गरी एक उच्चस्तरीय समिति गठन गर्ने, प्राविधिक कार्यदलले बेलायतमा कठीन जीवन यापन गरिरहेका वृद्ध, वृद्धा भूतपूर्व गोर्खाहरु र गोर्खा सैनिकका वृद्ध बाबु, आमाको विषय वार्तामा उठाउने, दोस्रो विश्वयुद्ध पछि हालसम्म भेदभाव र अन्यायको शिकार भएका भूतपूर्व गोर्खा सैनिकहरुलाई क्षतिपूर्ति र परिपूरणको व्यवस्था मिलाउन प्रतिनिधि सभा अन्तर्राष्ट्रिय सम्बन्ध समितिबाट सम्पूर्ण समस्याहरुको अध्ययन-अनुसन्धान गरी त्यसको आधारमा नेपाल सरकारले ब्रिटिस सरकार समक्ष क्षतिपूर्ति तथा परिपूरणको माग राख्ने, गोर्खा भुतपूर्व सैनिकहरुको हक, हित र सरोकार सम्बोधनको कार्यलाई निरन्तरता दिन प्रतिष्ठान निर्माण गरी कार्य अगाडी बढाउने र गोर्खा भर्ती सम्झौताको पुनरावलोकन गरी नेपालको संविधानमा उल्लेखित असंलग्न र स्वतन्त्र परराष्ट्र नीति तथा लोकतान्त्रिक शासन प्रणालीको मान्यतालाई आत्मसात् गर्दै विगतका निरंकुश र अलोकतान्त्रिक शासनकालीन असमानता र अपमानको पीडाबाट देशलाई मुक्त गर्नेतर्फ आवश्यक पहल गर्ने र विगतमा भएको सम्बन्धित सन्धी सम्झौताको विपरित नेपाली महिलाहरुको भर्तीका लागि अनुमति दिन नहुने लगायतका सुझावहरु उल्लेख भएको देखिन्छ। उक्त प्रतिवेदनले गोर्खा भर्ती, यसका समस्याहरु तथा ती समस्याका उचित समाधानहरु औंल्याई यस विषयमा मार्गदर्शन गरेको देखिन्छ। विभिन्न

समयमा प्रतिनिधि सभाद्वारा तयार पारिएको प्रतिवेदनहरुमा गोर्खा भर्तीलाई व्यवस्थित गर्ने समाधानहरु सुझाईएकोमा हाल सम्म पनि नेपाल सरकारद्वारा यस विषयमा ठोस पहल नभएको हुँदा नेपाल सरकारद्वारा उल्लिखित २०७५ सालको प्रतिनिधि सभाको प्रतिवेदनमा सुझाइएका सुझावहरु कार्यान्वयन होस भन्ने प्रस्तुत रिट निवेदनको मुख्य माग रहेको हुँदा उक्त प्रतिवेदनका निर्देशन र सुझावहरु कार्यान्वयन भए नभएको सम्बन्धमा यहाँ दृष्टिगत गर्न उपयुक्त हुने देखिन्छ।

४३. अन्तर्राष्ट्रिय सम्बन्ध समितिको मिति २०७५।१२।१ को बैठकमा "भूतपूर्व ब्रिटिस गोर्खाहरुको समस्या सम्बोधन सम्बन्धी प्रतिनिधि सभा, अन्तर्राष्ट्रिय सम्बन्ध समितिको प्रतिवेदन, २०७५" परिमार्जन सहित सर्वसम्मत रुपमा पारित गर्ने निर्णय भएको देखिन्छ।[१००] उक्त प्रतिवेदनमा निम्न निर्देशनहरु दिईएको देखिन्छः-

क. पहिलो र दोस्रो विश्वयुद्धमा मारिएका एवं घाईते भएका गोर्खा सैनिकहरुको तथ्याङ्क तयार पारी पीडित र पीडितका परिवारहरुलाई क्षतिको अनुपातमा क्षतिपूर्ति उपलब्ध गराउन ब्रिटिश सरकारसँग पहल गर्ने।

ख. गोर्खा भर्ती शुरु भए देखि हालसम्म २०३ वर्षमा लगभग आठ लाख युवाले ब्रिटिश सरकारको सेनामा सेवा गरेको विज्ञहरुको भनाई छ। औसत ४ जना परिवारका सदस्यको दरले हिसाब गर्दा यसबाट ३२,००,०००।– (बत्तिस लाख) जनासंख्या प्रभावित हुनपुग्दछ। १६,००,०००।– (सोह लाख) बालबालिकाहरु प्रभावित भएका देखिन्छन्। यस विषयमा गम्भीरतापूर्वक छलफल गरी आवश्यक परिपुरणको व्यवस्था गर्न ब्रिटिश सरकारसँग आवश्यक वार्ता गर्ने।

ग. दश पुस्तादेखि ब्रिटिश सेनामा सेवारत व्यक्तिका परिवार आज पनि गरिबीको मार खेप्न बाध्य छन्। गोर्खा भर्ति प्रचलनकै कारणले उनीहरु शिक्षा, निजामत सेवा राजनीति लगायतका क्षेत्रमा पछाडि परेकाले भूतपूर्व गोर्खाका समस्याहरुको सम्बोधन गर्नु आवश्यक छ। भूतपूर्व गोर्खा तथा बहालवाला गोर्खा सैनिकहरु त्रिपक्षीय सन्धी बमोजिम

१००. प्रतिनिधि सभा अन्तर्राष्ट्रिय सम्बन्ध समिति, बैठक संख्याः१८ (मिति २०७५।१२।१).

ब्रिटिश सेनामा कार्यरत रहेपनि उनीहरु नेपाली नागरिक हुन् र त्यस अर्थमा उनीहरु माथि भएका वा हुने भेदभाव नेपाल सरकारको सरोकारका विषय हुन् भन्ने स्वयंसिद्ध छ।

घ. नेपाल सरकारको तर्फबाट ब्रिटिश सरकारसँग वार्ता गर्न परराष्ट्र मन्त्रीको नेत्रत्वमा प्रतिनिधि सभा, अन्तर्राष्ट्रिय सम्बन्ध समितिका सदस्यहरु, भूतपूर्व गोर्खाका प्रतिनिधिहरु एवं सम्बन्धित विषयका विज्ञहरु समेत रहने गरी एक उच्चस्तरीय समिति गठन गर्ने।

ङ. भूतपूर्व गोर्खा सैनिकका मागहरु सम्बोधन गर्दा अन्तर्राष्ट्रिय कानूनका स्थापित मान्यता, समानताको सिद्धान्त र अधिकारलाई आधार बनाउने।

च. प्राविधिक कार्यदलले बेलायतमा कठीन जीवन यापन गरिरहेका व्रद्ध, व्रद्धा भूतपूर्व गोर्खाहरु र गोर्खा सैनिकका बृद्ध बाबु, आमाको पीडापूर्ण अवस्थालाई ध्यान दिई यो विषय वार्तामा उठाउने।

छ. दोस्रो विश्वयुद्ध पछि हालसम्मको अवस्थामा भेदभाव र अन्यायको शिकार भएका भूतपूर्व गोर्खा सैनिकहरुलाई क्षतिपूर्ति तथा परिपुरणको व्यवस्था मिलाउन प्रतिनिधि सभा अन्तर्ष्ट्रिय सम्बन्ध समितिबाट सम्पूर्ण समस्याहरुको अध्ययन-अनुसन्धान गरी नेपाल सरकारलाई उपलब्ध गराउने र त्यसको आधारमा नेपाल सरकारले ब्रिटिश सरकार समक्ष क्षतिपूर्ति तथा परिपुरणको माग राख्ने। यस सम्बन्धमा निम्न बमोजिमका कार्यहरु गर्नेः-

क. प्रतिनिधि सभा, अन्तर्राष्ट्रिय सम्बन्ध समितिका सदस्यको संयोजकत्वमा, गोर्खा ब्रिगेड सम्बन्धी राष्ट्रीय तथा अन्तर्राष्ट्रिय कानूनका विज्ञ, यस विषयका जानकार राजनीतिक इतिहासविद्, समाजशास्त्री, एवं भूतपूर्व सैनिकका वरिष्ठ अधिकृत र गोर्खा सैनिक समेत सदस्य रहेको समिति गठन गर्ने,

ख. यस समितिले पहिलो विश्वयुद्ध देखि अहिलेसम्म प्रयोग भएका भूतपूर्व सैनिकहरुक यथार्थ लगत तयार पार्ने र त्यसमध्ये मारिएका, हराएका र घाइते भएकाव संख्याको बारेमा तथ्य संकलन गर्ने,

ग. कैयन लामो अवधिसम्म भए गरेका अन्याय र भेदभावलाई समाप्त गर्नुका साथै पीडितहरुले प्राप्त गर्ने क्षतिपूर्ति निश्चित गर्ने, र

घ. भूतपूर्व सैनिकहरुको इतिहास सम्बन्धी जानकारीलाई अभिलेखबद्ध गरी व्यवस्थित रुपमा राख्ने।

ङ. गोर्खा भूतपूर्व सैनिकहरुको हक, हित र सरोकार सम्बोधनको कार्यलाई निरन्तरता दिन प्रतिष्ठान निर्माण गरी कार्य अगाडि बढाउने।

च. गोर्खा भर्ती सन्धीको पुनरावलोकन गरी नेपालको संविधानमा उल्लेखित असंलग्न र स्वतन्त्र परराष्ट्र नीति तथा लोकतान्त्रिक शासन प्रणालीको मान्यतालाई आत्मसात् गर्दै विगतका निरंकुश र अलोकतान्त्रिक शासनकालीन असमानता र अपमानको पीडाबाट देशलाई मुक्त गर्नेतर्फ आवश्यक पहल गर्ने।

ऋ. सन् १४ जनवरी २०१९ मा तत्कालिन परराष्ट्र मन्त्रीले बेलायती रक्षा राज्यमन्त्री Mark Lancaster लाई सम्बोधन गरी ब्रिटिश गोर्खाहरुले उठाएका जायज मागहरुको सम्बोधन गर्ने र सन् १९४७ को त्रिपक्षीय सम्झौतामा विस्तृत छलफल गर्ने विषयमा पत्र पठाउनु भएको देखिन्छ भने सो पश्चात फेब्रअरी, २०१९ मा Lancaster ले गर्नुभएको नेपाल भ्रमणका क्रममा भएको उच्चस्तरीय भेटघाटका बखत बेलायत सरकारले पूर्व गोर्खाका लागि एक प्याकेज घोषणाको तयारी गरेकोले यसको समर्थन गर्न नेपाललाई अनुरोध गरेकोमा त्यस्तो प्याकेज सम्बन्धित पक्षसँग छलफल गरी तयार गरे सर्व स्वीकार्य हुने भनी सुझाव दिई उक्त भेटमा समेत त्रिपक्षीय सम्झौता पुनरावलोकन गर्न उपयुक्त हुने भनी नेपाल सरकारले राय व्यक्त गरेको देखिन्छ।[१०१] यसै क्रममा सन् ७ मार्च, २०१९ मा बेलायत सरकारले एक प्याकेज घोषणा गरी पूर्व गोर्खाहरुले पाउने पेन्सनमा १० देखि ३४ प्रतिशतको वृद्धि गरेको र नेपालमा रहेका पूर्व गोर्खाको स्वास्थ्य सुविधाका लागि गोर्खा कल्याणकारी कोषसँगको समन्वय आगामी दश वर्षमा थप दुई करोड पचास लाख पाउण्ड खर्च गरिने उल्लेख गरेको देखिन्छ।[१०२] त्यस पश्चात सेप्टेम्बर २०१८ र जुन २०१९ मा समकक्षीसँगका भेटमा

---

१०१. प्रतिनिधि सभा, अन्तर्राष्ट्रिय सम्बन्ध समितिको वार्षिक प्रतिवेदन, २०७७, पृ. ७४-७५.

१०२. प्रतिनिधि सभा, अन्तर्राष्ट्रिय सम्बन्ध समितिको वार्षिक प्रतिवेदन, २०७७, पृ. ७४-७५.

तत्कालिन प्रधानमन्त्रीले त्रिपक्षीय सम्झौता पुनरावलोकन गर्नुपर्ने कुरामा जोड दिएको र उक्त विषयमा दुई देश बीच छलफल गर्न सकिने भनी बेलायती प्रधानमन्त्रीले आश्वासन समेत दिएको देखिन्छ।[१०३] परराष्ट्र मन्त्रालयले मिति ३०७६।१०।२९ मा काठमाडौंस्थित बेलायतको राजदूतावासलाई एक कुटनीतिक पत्र मार्फत अन्तर्राष्ट्रिय समितिद्वारा भएको निर्देशनको समेत चर्चा गर्दै त्रिपक्षीय सम्झौताको पुनरावलोकन गर्नुका साथै पूर्व गोर्खाहरुका बाँकी रहेका जायज मागहरु बेलायती पक्षबाट समानता, न्याय र निष्पक्षताका आधारमा सम्बोधन गर्नुपर्ने भन्ने नेपालको धारणा उल्लेख गरेको देखिन्छ।[१०४] नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७८।११।१६ को निर्णय अनुसार भूतपूर्व ब्रिटिश गोर्खा सैनिकहरुको सम्बोधन हुन बाँकी रहेका मागहरुका बारेमा संयुक्त अधिराज्य सरकारसँग वार्ता गर्न लण्डनस्थित नेपाली राजदूतको नेतृत्वमा परराष्ट्र मन्त्रालयको यूरोप अमेरिका महाशाखा हेर्ने सहसचिव, नेपाली राजदूतावास, लण्डनका नियोग उपप्रमुख र सैनिक सहचारी सम्मिलित नेपाली प्रतिनिधिमण्डल गठन भएको र संयुक्त अधिराज्य सरकारका तर्फबाट र Minister for Defence People and Veterans Hon. Leo Docherty को नेतृत्वमा वार्ता समिति गठन भएको देखिन्छ।[१०५] उक्त प्रतिनिधि मण्डल समितिले सन् २०२२ नोभेम्बर ३, २०२३ अप्रिल १९, २०२३ नोभेम्बर २२ र २०२४ मार्च २७ गरी चार पटक बैठक बसिसकेको देखिन्छ।[१०६]

५५. परराष्ट्र मन्त्रालयले संयुक्त अधिराज्य सरकारका प्रतिनिधिहरुसँगको हरेक बैठकमा ब्रिटिस गोर्खाहरुको समस्या समाधानको विषय प्राथमिकताका साथ उठाउने गरेको र नेपाल सरकारका अन्य पदाधिकारीहरुलाई पनि ब्रिटिस सरकारका प्रतिनिधिहरुसँग हुने भेटवार्ताहरुमा ब्रिटिस गोर्खाको विषयलाई प्राथमिकताका साथ उठाउन सुझाव गर्ने गरेको र भूतपूर्व गोर्खा सैनिकहरुको समस्या सम्बोधनका लागि परराष्ट्र मन्त्रालयबाट बेलायती पक्षलाई

---

१०३. प्रतिनिधि सभा, अन्तर्राष्ट्रिय सम्बन्ध समितिको वार्षिक प्रतिवेदन, २०७७, प्र. ७५-७६.

१०४. प्रतिनिधि सभा, अन्तर्राष्ट्रिय सम्बन्ध समितिको वार्षिक प्रतिवेदन, २०७७ प्र. ७७.

१०५. प्रतिनिधि सभा, अन्तर्राष्ट्रिय सम्बन्ध समितिको वार्षिक प्रतिवेदन, २०७९, प्र. ४५.

१०६. प्रतिनिधि सभा, अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको वार्षिक प्रतिवेदन, २०८२, प्र. ४५.

विभिन्न अवसरहरुमा लिखित एवं मौखिक आग्रह गर्ने गरेको भन्ने देखिन्छ।[१०७] उल्लिखित अन्तर्राष्ट्रिय सम्बन्ध समितिको वार्षिक प्रतिवेदनहरुबाट नेपाल सरकारले बेलायती पक्षसँगको हरेक भेटघाट तथा छलफलमा उच्च प्राथमिकताका साथ पूर्व गोर्खा सैनिकहरुका गुनासोहरुको समाधानका लागि जोड दिँदै आएको देखिन्छ।

५६. भूतपूर्व गोर्खा सैनिकहरुको समकक्षी बेलायती सैनिकको तुलनामा विभेदपूर्ण सेवा सुविधा तथा पेन्सन रहेको र भूतपूर्व गोर्खा तथा बहालवाला गोर्खा सैनिकहरु त्रिपक्षीय सम्झौता बमोजिम बेलायती सेनामा कार्यरत रहेका नेपाली नागरिक माथि भएका वा हुने भेदभावहरु नेपाल सरकारका सरोकारका विषय हुन् र यस्ता सरोकारका विषयमा नेपाल सरकारबाट यथोचित र संभव भएसम्मको कार्य गरिनुपर्ने कुरामा कुनै विवाद हुन सक्दैन। यसरी नेपाल सरकारले बेलायती सेनामा कार्यरत नेपाली नागरिकको समस्याको संवोधनका लागि आवश्यक पहल गर्दा कुटनीतिक रुपमा समस्या समाधानको लागि पहल गर्नु नै उपयुक्त र प्रभावकारी उपाय हो भन्ने यस इजलासको ठम्याई रहेको छ।

५७. Vienna Convention on Consular Relations, 1963 मा अन्तर्राष्ट्रिय कानून अनुरुप एक देशले अर्को देशमा रहेका आफ्ना नागरिकको हित-सुरक्षा र समस्या समाधानको लागि कन्सुलर अधिकार प्रयोग गर्न सक्ने[१०८] भए तापनि उक्त अधिकार प्रयोग गर्दा अर्को देशको कानून, नियम र नीतिको सम्मान गरी उक्त देशको आन्तरिक मामिलामा हस्तक्षप गर्न नमिल्ने[१०९] भनी उल्लेख भएको देखिन्छ। यस अतिरिक्त गोर्खा सैनिकहरु बेलायती सेनामा दीर्घकालीन सेवारत रहे पनि उनीहरु नेपाली नागरिक (nationals of Nepal) हुन्। नागरिकता कुनै पनि व्यक्तिको राज्यसँगको प्राथमिक कानूनी बन्धन हो। अतः विदेशमा रही सेवा गरे पनि गोर्खा सैनिकप्रति नेपालको संरक्षकमुलक अधिकार (right of protection) कायम रहन्छ। ILC Draft Articles on Diplomatic Protection (2006) अनुसार, "The State entitled to exercise

---

[१०७] संघीय संसद प्रतिनिधि सभा अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति वार्षिक प्रतिवेदन, २०८२, पृष्ठ ४४-४६.

[१०८] Vienna Convention on Consular Relations, 1963, Article 5(a) and (e).

[१०९] Vienna Convention on Consular Relations, 1963, Article 55, "….it is the duty of all persons enjoying such privileges and immunities to respect the laws and regulations of the receiving state. They also have a duty not to interfere in the internal affairs of the State."

diplomatic protection is the State of nationality."[११०] अर्थात कुटनीतिक संरक्षण उपयोग गर्ने अधिकार सम्बन्धित व्यक्तिको नागरिकता रहेको राज्यलाई हुन्छ भनी उल्लेख गरिएको देखिन्छ। त्यसैगरी, ".....diplomatic protection consists of the invocation by a State, through diplomatic action or other means of peaceful settlement, of the responsibility of another State for an inquiry caused by an internationally wrongful act of that State to a natural or legal person that is a national of the former State with a view to the implementation of such responsibility."[१११] अर्थात कुटनीतिक संरक्षण भन्नाले कुनै राज्यले आफ्नो नागरिक (व्यक्तिगत वा कानूनी व्यक्ति) लाई अर्को राज्यले अन्तर्राष्ट्रिय रुपमा गलत काम गर्दा परेको हानिको जिम्मेवारी सो राज्यबाट कार्यान्वयन गराउन, कूटनीतिक कदम वा अन्य शान्तिपूर्ण माध्यम प्रयोग गरी त्यस राज्यको जिम्मेवारी औपचारिक रुपमा उठाउने प्रक्रिया भनी व्याख्या गरिएको छ। यी कानूनी व्यवस्थाहरुको मुल आशय पनि राज्यले आफ्नो नागरिकको हक हित संरक्षणको कुटनीतिक उपाय अवलम्बन गर्नु नै श्रेयस्कर हुने भन्ने नै बोध हुन आउँछ। यस अवस्थामा भूतपूर्व गोर्खा सैनिकहरुको समस्या समाधानका लागि नेपाल सरकारले उच्चस्तरीय कुटनीतिक निकाय एवं अन्य निकायहरु मार्फत बारम्बार पहलहरु भईरहेको अवस्थामा नेपाल सरकारले उक्त प्रतिवेदनमा दिईएका निर्देशनहरु कार्यान्वयनमा पुर्ण रुपमा उपेक्षा वा उदाशीनता देखाएको वा त्यस सम्बन्धमा कुनै पहलहरु नै नगरेको भन्ने देखिँदैन।

५८. प्रस्तुत रिट निवेदनमा उठाईएको अर्को माग त्रिपक्षीय सम्झौता पुनरावलोकन तर्फ विचार गर्दा, सन् १९४७, ९ नोभेम्बरमा नेपाल, भारत र बेलायत बीच त्रिपक्षीय सम्झौता भयो। उक्त सम्झौता अनुरुप औपचारिक रुपमा नेपाली नागरिकहरु बेलायती सेनामा नियुक्त हुने गरेको देखिन्छ। उक्त त्रिषक्षीय सम्झौता बमोजिम तत्कालिन भारतमा रहेको १० गोर्खा राइफल रेजिमेन्टहरु मध्ये ६ बटालियन भारतीय सेना र ४ बटालियन बेलायती सेनामा विभाजन भएको देखिन्छ। त्रिपक्षीय सम्झौताको पृष्ठभूमि हेर्दा, विश्वभरका देशहरुमा औपनिवेश कायम राखेको बेलायत, बेलायतको औपनिवेशबाट भर्खरै स्वतन्त्र भएको भारत र

---

११०. Draft Articles on Diplomatic Protection, 2006, Article 3(1).

१११. Draft Articles on Diplomatic Protection, 2006, Article 1.

तुलनात्मक रुपमा निकै कमजोर नेपाल बीच भएको सम्झौताका शर्तहरुमा बेलायतको प्रभावलाई नजरअन्दाज गर्न मिल्दैन। त्रिपक्षीय सम्झौता हुनु अगावै सन् ७ नोभेम्बर, १९४७ मा बेलायत र भारत बीच गोर्खा सेनाका सेवा, सर्त सम्बन्धमा द्विपक्षीय सम्झौता[११२] सम्पन्न भएको र सोहि अनुरुप नै त्रिपक्षीय सम्झौताका व्यवस्थाहरु निर्धारित भएको देखिन्छ। जस अनुसार बेलायतमा कार्यरत रहे पनि गोर्खा ब्रिगेडका सैनिकहरुलाई प्रदान गरिने तलब, भत्ता "भारतीय पे कोड" अनुसार हुने[११३] भनी सहमति भएको देखिन्छ। सामान्यतया दुई पक्ष बीच भएको सम्झौताले तेस्रो पक्षको दायित्व सिर्जना नहुने भनी सन्धी सम्झौता सम्बन्धी कानूनको मान्यता रहेको देखिन्छ।[११४] यस अवस्थामा नेपाल पक्ष नै नरहेको सम्झौता नेपालको हकमा कसरी लागु हुन्छ भन्ने एक महत्त्वपूर्ण प्रश्नको रुपमा रहेको देखिन्छ। अर्को तर्फ त्रिपक्षीय सम्झौता हुनु पूर्व नै दुई राष्ट्र बीच छलफल भई तयार भएका सम्झौताका व्यवस्थाहरुले तेस्रो राष्ट्रको हितलाई के कति हदसम्म संवोधन गर्छ भन्ने समेत विचारणीय देखिन्छ। यसले सम्झौताका पक्षहरु बीचको असमान शक्ति व्यवस्था (power imbalance) को अवस्था उजागर गरी त्यस समयमा नेपाल आफ्ना नागरिकहरुको हित अनुकुल सर्तहरु समावेश गर्न सक्षम नरहेको भन्ने तर्फ समेत संकेत गर्दछ। सन्धि कानून (treaty law) अनुसार समेत सन्धि सम्झौता समान राष्ट्र बीच हुने भन्ने सर्वमान्य सिद्धान्त[११५] रहेको अवस्थामा उक्त सम्झौतालाई समान राष्ट्र बिच भएको सम्झौता भन्न मिल्ने पनि देखिंदैन। यद्वपी उक्त सम्झौतामा नेपालले हस्ताक्षर गरी वर्षौं देखि उक्त सम्झौता बमोजिम नै गोर्खा भर्तीको प्रक्रिया अगाडी बढिरहेकोमा उक्त सम्झौतालाई अमान्य भन्न मिल्ने देखिँदैन। उक्त सम्झौता पश्चात यस बारेमा अन्य थप सम्झौताहरु नभएको अवस्थामा यसै सम्झौतालाई नै गोर्खा सैनिकको नियुक्ति बारे मुलभुत कानून मान्नुपर्ने देखिएता पनि उक्त सम्झौताका

---

११२. Tripartite Agreements after Partition to Retain Gurkha Services in British and Indian Army-1947, Article II.

११३. Memorandum of Government of The Dominion of India and His Majesty's Government in the United Kingdom (Bilateral Agreement to Retain Gurkha Services in their Respective Army), Article 10, "That the basic rates of pay admissible to Gurkha officers and soldiers serving HM Government shall approximate to those laid down in the present Indian Pay Code".

११४. Vienna Convention on Law of Treaties, 1969, Section 34, "A treaty does not create either obligations or rights for a third State without its consent."

११५. Vienna Convention on Law of Treaties, 1969, Preamble, "Noting that the principles of free consent and of good faith and the pacta sunt servanda rule are universally recognized"

व्यवस्थाहरुलाई पुनर्विचार गरी नेपाल र गोर्खा सैनिकको हित संरक्षित हुने गरी समयानुकुल रुपमा सम्झौताको तर्जुमा हुनुपर्ने कुरामा बिमति राख्नुपर्ने देखिँदैन। यद्वपी सम्झौताको कुनै पनि व्यवस्था वा प्रावधानले असमान रुपमा नेपाल सरकारलाई दायित्व निक्षेप गर्ने स्थिति रहन्छ भने उक्त व्यवस्था वा प्रावधान पुनरावलोकन गर्नु उचित रहन्छ। सम्झौताको पक्ष राष्ट्रको रुपमा नेपालले सहविश्वास र सदियौ पुरानो दौत्य सम्बन्धको आधारमा सम्झौता बमोजिम अभ्यास गरिरहेको तथ्यमा दुईमत देखिँदैन। तथापी उक्त सम्झौताको मान्यता (validity) तब सम्म मात्र रहन्छ जबसम्म सम्झौताका अन्य पक्षः भारत र बेलायतले समेत सद्‍नियत (good faith) मा उक्त सम्झौताको पालना गर्दछन्। अन्यथा पारस्परिकताको सिद्धान्त (principle of reciprocity) को आधारमा नेपाल सरकारलाई सम्झौता खारेज गर्ने वा आफ्नो दायित्व सीमित गर्ने अधिकार स्वतः उत्पन्न हुन्छ।

५९. त्रिपक्षीय सम्झौता भएको लगभग ७८ वर्ष बितिसक्दा पनि हालसम्म उक्त सम्झौतामा केहि संशोधन वा पुनरावलोकन समेत भएको देखिँदैन। त्रिपक्षीय सम्झौता हुँदा बखतको परिवेस र हालको परिवेसमा धेरै भिन्नता रहेको कुरालाई स्विकार्नुपर्ने देखिन्छ। त्रिपक्षीय सम्झौताको समयमा गोर्खा रेजिमेन्ट भारत स्थित भई ती गोर्खा रेजिमेन्टहरु भारत र बेलायतमा बाँडिएको कारणले उक्त सम्झौतामा भारत संलग्न हुनु स्वभाविक नै थियो। तर वर्तमान समयमा बेलायत स्थित गोर्खा रेजिमेन्ट र भारतमा स्थित गोर्खा रेजिमेन्ट फरक फरक रहेको अवस्थामा पनि बेलायती सेनामा कार्यरत गोर्खा सैनिकहरुको हकमा सोहि द्विपक्षीय सम्झौतामा उल्लेख भए बमोजिम Indian Pay Code का शर्तहरु लागु हुनुको औचित्य देखिँदैन। नेपालस्थीत ब्रिटिस गोर्खाहरुको तलब भुक्तानीको प्रकृयामा नेपाल बाहेक अन्य बैङ्कहरुको प्रयोग भएको देखिएमा त्यस्तो निरन्तरता विचारणीय देखिन्छ। उक्त समयमा भारत त्रिपक्षीय सम्झौताको पक्ष रहे पनि वर्तमान समयमा समेत भारतलाई सोहि सम्झौताको पक्ष कायम गर्नुको कुनै अर्थ देखिंदैन। यद्वपी लगभग दुई सताब्दी देखि नेपाली नागरिकहरु बेलायती सेनामा गोर्खा रेजिमेन्टको रुपमा कार्यरत रहेको अवस्थामा कैयौं परिवारका सदस्य पुस्तौ देखि गोर्खा सैनिकमा सेवारत रही यसबाट आउने पेन्सन, तलब यी परिवारहरुको प्रमुख आयश्रोत रहेको तथ्यलाई स्वीकार्नु पर्ने हुन्छ। यस अदालतको प्रथम कर्तव्य

संविधानप्रदत्त हक अधिकारको संरक्षण गरी निष्पक्ष, न्यायसंगत र संविधानमा निहित मूल्यहरू सहित विषयको संवेदनशिलता र प्रकृति समेतलाई ध्यानमा राखी सुसंगत निर्णय गर्नु हो। यो परिप्रेक्षमा वर्तमान परिवेसलाई ध्यानमा राखी त्रिपक्षीय सम्झौतामा आवश्यक परिवर्तन गरी बेलायत र नेपाल बीच दुवै पक्षको हित र मागहरु संवोधन हुने गरी द्विपक्षीय सम्झौता गर्नु समयानुकल देखिन्छ।

६०. प्रस्तुत रिट निवेदनको विषयमा यस अदालतले आफ्नो धारणा सुझाव तथा रायहरु व्यक्त गरे तापनि दुई देश बीच हुने द्विपक्षीय सन्धी सम्झौता र सम्पन्न भएका सन्धी सम्झौतामा पुनरावलोकन गर्ने लगायतका कार्यहरु यस अदालतले रिट जारी गरी व्यवस्थापन गर्ने प्रकृतिको नभई कुटनीतिक पहल मार्फत व्यवस्थापन गर्ने प्रकृतिको हो। परराष्ट्र नीति र अन्तर्राष्ट्रिय सम्बन्ध कार्यपालिकाको मुख्य जिम्मेवारी हो। न्यायपालिकाले कार्यपालिकाले गरेका निर्णयहरुको न्यायिक पुनरावलोकन गर्न सक्ने भएता पनि, परराष्ट्र नीतिको संवेदनशीलता र कुटनीतिक जटिलतालाई मध्यनजर गर्दै अदालतले यस क्षेत्रमा हस्तक्षेप गर्नु उचित हुँदैन। प्रकृयागत उपचारको बाटो रहँदा रहँदै सधै र सबै विषयमा अदालतले आदेश जारी गरी राज्यको अन्य निकायमा हस्तक्षेप गरे थप समस्या निम्तिन सक्दछन्। दुई देश बीचको सन्धि सम्झौताको पुनरावलोकन गर्ने विषय कुटनीतिक माध्यमबाट समाधान खोज्नुपर्ने विषय हो र यसमा कार्यपालिकाको आफ्नो नीति र रणनीति तय गर्नपर्ने हुन्छ। रिट निवेदनमा उठाईएको विषयमा कार्यपालिका अन्तर्गतको परराष्ट्र मन्त्रालय र स्वयं प्रधानमन्त्रीबाट समेत बारम्बार पहल भई रहेको भन्ने देखिन्छ। यस अवस्थामा यस अदालतले प्रस्तुत विषयमा हस्तक्षेप गरी कार्यपालिकाको कुटनीतिक प्रयासलाई अन्यथा हुने गरी कुनै आदेश गर्दा द्वपक्षीय सम्बन्धमा पर्न सक्ने असर समेतलाई हेर्नुपर्ने देखिन्छ। यस विषयमा Lord Atkin ले Government of Republic of Spai vs. S.S. Arantazu Mendi and others (1939)[११६] को मुद्दामा दिएको अभिव्यक्ति सान्दर्भिक देखिन्छ। जसमा उनले, "Our state cannot speak with two voices on such a matter, the judiciary saying one thing, the executive another." अर्थात

[११६]. Government of republic of spain v. s.s. arantzazu mendi and others (1939). American Journal of International Law, 33(3), 583-588. https://doi.org/10.2307/2190811

कार्यपालिका र न्यायपालिकाले एकै विषयमा फरक धारणा व्यक्त गर्न नहुने र यी दुई अंगहरुबीच समन्वय हुनुपर्ने भन्ने राय व्यक्त गरेको देखिन्छ। उक्त अभिव्यक्तिलाई प्रस्तुत निवेदनको रोहमा हेर्दा, प्रस्तुत निवेदनमा माग गरेको विषयमा कुटनीतिक निकायबाट समाधान गर्ने पहल भई रहेको अवस्थामा यस अदालतबाट निवेदन माग बमोजिम रिट जारी गर्नुपर्ने देखिएन।

६१. यस अतिरिक्त यस निवेदनको सन्दर्भमा बेलायत र नेपाल बीचको वर्षौंको कुटनीतिक सम्बन्धलाई अन्देखा गर्न मिल्दैन। बेलायत नेपालको सबैभन्दा पुरानो मित्र राष्ट्रहरु मध्ये रहेको देखिन्छ भने सन् १९२३ मा नेपाल-बेलायत शान्ति मैत्री सन्धी सम्पन्न भएको देखिन्छ। उक्त सन्धीमा नेपाल र बेलायत बीच सदाको लागि शान्ति र मित्रता कायम रहनेछ र दुवै देशले एक अर्काको स्वाधीनता र स्वायत्तताको सम्मान गर्ने प्रतिबद्धता जनाएको देखिन्छ।[११७] यसका साथै बेलायतले नेपाललाई स्वास्थ्य, शिक्षा, मानवीय तथा संकटकालीन सहायता जस्ता क्षेत्रमा सहयोग गर्दै आएको पाईन्छ।[११८] दुई देश बीचको वर्षौं पुरानो कुटनीतिक सम्बन्धको सम्मान गर्नुपर्ने हुन्छ। गोर्खा रेजिमेन्ट बेलायती सेनाको एक अंगको रुपमा रहेको अवस्थामा यो विषय बेलायतको आन्तरिक सुरक्षासँग पनि सम्बन्धित रहेको देखिन्छ। नेपालको परराष्ट्र नीति समेत अन्य देशको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने[११९] सिद्धान्तबाट निर्देशित रहेको अवस्थामा अन्य देशको आन्तरिक मामिलामा यस अदालतद्वारा हस्तक्षेप गर्नु मनासिब देखिँदैन। अदालतले विदेशी नीतिसँग सम्बन्धित कानूनहरुको व्याख्या गर्दा अन्तर्राष्ट्रिय सौहार्दता र अर्को देशको सम्प्रभुतालाई सम्मान गर्नुपर्दछ। अदालतको भूमिका कानूनको व्याख्या गर्ने, मौलिक अधिकारको संरक्षण गर्ने र कानूनी विवादको निरुपण गर्ने हो। यस क्रममा अदालतले परराष्ट्र सम्बन्धको संवेदनशीलतासमेतलाई दृष्टिगत गरी बाञ्छित हदमा मार्ग दर्शन गर्न सक्ने भएपनि परराष्ट्र नीति र अन्तर्राष्ट्रिय सम्बन्ध जस्ता विषयमा

११७. Nepal-UK Friendship Treaty of 1923, Article 1, "There shall be perpetual peace and friendship between the Governments of Great Britain and Nepal, and the two Governments agree mutually to acknowledge and respect each other's independence, both internal and external"

११८. Ministry of Foreign Affairs, Government of Nepal. (n.d.). Nepal-United Kingdom relations. Retrieved June 24, 2025, from https://mofa.gov.np/content/1011/nepal-united-kingdom-relations/.

११९. Ministry of Foreign Affairs, Government of Nepal. (n.d.). Foreign policy of Nepal. Retrieved June 24, 2025, from https://mofa.gov.np/pages/foreign-policy-of-nepal-1/.

मार्गदिशन गर्दा सदैव अदालत संयमित र संवेदनशील हुनुपर्ने हुन्छ। यस सन्दर्भमा Underhill v Hemandez[१२०] को मुद्दाको निर्णयमा संयुक्त राज्य अमेरिकाको सर्वोच्च अदालतले, "Every sovereign state is bound to respect the independence of every other sovereign state, and the courts of one country will not sit in judgment on the acts of the government of another done within its own territory. Redress of grievances by reason of such acts must be obtained through the means open to be availed of by sovereign powers as between themselves." अर्थात प्रत्येक सार्वभौम राष्ट्रले अर्को सार्वभौम राष्ट्रको स्वतन्त्रताको सम्मान गर्नुपर्ने। कुनै पनि एक देशको अदालतले अर्को देशको सरकारले आफ्नो देशको सिमाभित्र गरेको कार्यको मूल्याङ्कन वा फैसला गर्न नहुने र त्यस्ता कार्यहरुबाट उत्पन्न गुनासोहरुको समाधान सार्वभौम राष्ट्रहरुले आपसमा प्रयोग गर्ने माध्यमबाट खोज्नुपर्छ" भन्ने राय उल्लेख गरेको देखिन्छ। उक्त निर्णयबाट कुनै पनि स्वतन्त्र राष्ट्रले अर्को स्वतन्त्र राष्ट्रको आन्तरिक मामिलामा हस्तक्षेप गर्न नहुने र एक राष्ट्रको काम कारवाहीबाट अर्को राष्ट्रलाई असर परेको अवस्थामा त्यसको समाधान अदालतबाट नभई दुई राष्ट्रहरुले आपसी छलफल र कुटनीतिक माध्यमबाट खोज्नुपर्छ भन्ने धारणा स्थापित गरेको देखिन्छ। प्रस्तुत निवेदनको हकमा समेत यो विषय मननीय देखिन्छ।

६२. तसर्थ रिट निवेदनमा उठाईएको विषयमा कार्यपालिका अन्तर्गतको परराष्ट्र मन्त्रालय र स्वयं प्रधानमन्त्रीबाट समेत बारम्बार पहल भई रहेको भन्ने देखिएको अवस्थामा यस अदालतले हस्तक्षेप गरी पुनः सोहि प्रतिवेदनका निर्देशनहरु पालना गर्नु भनी आदेश जारी गर्नु मनासिब र औचित्यपूर्ण देखिँदैन। तसर्थ निवेदकहरुको माग बमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ।

६३. प्रस्तुत रिट निवेदन खारेज हुने ठहरे तापनि दुई सताब्दी देखि बेलायती सेनामा बेलायती सेना सरह सेवारत रहेका गोर्खा सैनिकहरुले हाल सम्म पनि असमान व्यवहार सहनु परेको र अवकास मितिको आधारमा गोर्खा सैनिकहरुलाई उपलब्ध हुने पेन्सन तथा सेवा सुविधामा भएको विभेदलगायतका अवस्था बारे सम्बन्धित सरकार तथा निकायबाट उचित पहल नभई यस अघि यस अदालतद्वारा विभिन्न रिट निवेदनमा उल्लेख भएका निर्देशनहरु समेत पालना

---

[१२०]. Underhill v. Hernandez, 168 U.S. 250 (1897).

नभई गोर्खा भर्ती प्रारम्भ भएको लगभग २१० वर्ष पश्चात पनि भूतपूर्व गोर्खा सैनिकहरुले पाउनुपर्ने अधिकारबाट बञ्चित हुनुपर्ने अवस्था सृजना भएतर्फ यस इजलासको गम्भिर ध्यानाकर्षण भएको छ। तसर्थ प्रस्तुत रिट निवेदनको विषयको संवेदनशिलता तथा अत्यावश्यकतालाई समेत ध्यानमा राखी सो विषयमा सम्बन्धित निकायबाट यथासिघ्र आवश्यक पहलहरु गर्नु भनी प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, नेपाल सरकार परराष्ट्र मन्त्रालय, नेपाल सरकार, रक्षा मन्त्रालयको नाउँमा निम्न निर्देशनात्मक आदेश जारी गरिदिएको छः-

क. उच्चस्तरीय कुटनीतिक माध्यमबाट बेलायत सरकारसँग भूतपूर्व गोर्खा सैनिकको समस्या बारे परिणाममूखि (Result Oriented) वार्ताको थप पहल गर्ने,

ख. उक्त वार्तामा पहिलो र दोस्रो विश्व युद्धको क्रममा ज्यान गुमाएका वा घाईते भएका गोर्खा सैनिकहरुको वास्तविक संख्या यकिन गरी उनीहरुको परिवारलाई आवश्यक क्षतिपूर्ति तथा परिपुरण दिन कुटनीतिक तहबाट पहल गर्ने,

ग. सन् १९९७ अघि अवकासप्राप्त गोर्खा सैनिकहरुको समान पेन्सन तथा सेवा सुविधाबारे पहल गर्ने,

घ. हालको मितिसम्म गोर्खा भर्तीमा सेवारत रहेका र सेवारत भई अवकासप्राप्त गोर्खा सैनिकहरुको वास्तविक तथ्याङ्क बेलायत सरकारसँग माग गर्ने र सो को तथ्याङ्क अब उपरान्त नेपाल सरकारले समेत राख्ने व्यवस्था गर्ने,

ङ. Army Recruitment and Training Division (ARTD) अन्तर्गतको नेपाल स्थित कार्यालयले गोर्खा सैनिकको नियुक्ति लगायतका प्रकृया हेर्ने गरेको देखिएकोमा[१२१] सो प्रकृयामा नेपाल सरकारको संलग्नता रहने गरेको देखिँदैन। जस कारण कतिपय अवस्थामा नियुक्त भएका गोर्खा सैनिकहरुको संख्या समेत नेपाल सरकारलाई अवगत नरहेको देखिन्छ। नेपालबाट बेलायती सेनाको लागि नियुक्त गरिने नेपाली नागरिकको संख्या लगायतको जानकारी नेपाल सरकारलाई प्राप्त हुनु उचित देखिँदा बेलायत सरकारसँग

---

१२१. Taylor, C. (2009, June 12). *Gurkhas: Terms and conditions of service* (Standard Note SN/IA/4671). House of Commons Library. https://researchbriefings.files.parliament.uk/documents/SN04671/SN04671.pdf.

समन्वय गरी गोर्खा भर्ती नियुक्ति व्यवस्थापन गर्न एक छुट्टै निकायको स्थापना गरी एक Liason Officer नियुक्त गरी गोर्खा भर्तीलाई अवलोकन गर्ने,

च. त्रिपक्षीय सम्झौतामा भएका व्यवस्थाहरु भारत र बेलायत बीचको द्विपक्षीय सम्झौता अनुरुप भएको हुँदा हालको परिवेसमा उक्त सम्झौताको सान्दर्भिकतासमेतका पक्षमा अध्ययन विश्लेषण गरी नेपाल, नेपाली र गोर्खा सैनिकहरुको हित संरक्षण हुने गरी उपयुक्त रुपमा परिमार्जन गरी द्विपक्षीय सम्झौता गर्न पहल गर्ने,

छ. भूतपूर्व गोर्खा सैनिकहरुले प्राप्त गर्ने पेन्सन भारत मार्फत आउने सम्झौताको व्यवस्थामा परिमार्जन गरी बेलायतबाट सिधै नेपालमा आउने व्यवस्था गर्ने,

ज. गोर्खा सैनिकको हक र हितको संरक्षणका लागि आवश्यक अन्य उपयुक्त कार्य गर्ने।

६४. प्रस्तुत आदेशको जानकारी प्रत्यर्थीहरुलाई दिनू। यो आदेशको प्रति सहित सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १२७ बमोजिम फैसला कार्यान्वयन निर्देशनालयलाई जानकारी दिई आदेशको प्रति विद्युतीय प्रणालीमा प्रविष्ट गरी दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

न्यायाधीश

उक्त रायमा म सहमत छु।

न्यायाधीश

इजलास अधिकृतः मेजुमी गुरुङ

कम्प्युटर अपरेटरः शंकर गुरुङ्ग

इति सम्वत् २०८१ साल फाल्गुन १३ गते रोज ५ शुभम् ..................................।